# वर्गदृष्टि साप्ताहिक
Bargadristi Weekly

वर्ष १ अङ्क ३८ | २०७३ चैत १४ गते सोमबार | Monday, March 27, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीको विस्तारित बैठक आजबाट

काठमाडौं । मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले स्थानीय तहको चुनावसम्बन्धी निर्णय लिनका लागि केन्द्रीय समितिको विस्तारित बैठक बोलाएको छ। बैठक आजबाट काठमाडौंको पुरानो बानेश्वर स्थित ओमशान्ति पार्टी प्यालेसमा बस्दैछ । बैठकमा केन्द्रीय सदस्यहरू, केन्द्रीय सल्लाहकार, पार्टीका जिल्ला सचिव/संयोजक, जबस मोर्चाका केन्द्रीय अध्यक्ष/संयोजकहरू गरी करिब तीनसय नेताहरू सहभागी हुँदैछन् । यसैबीच, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय समितिको बैठक चैत्र १६ गतेका लागि आव्हान गरिएको छ । मोर्चाका कार्यालय सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार स्थानीय तहको चुनाव सम्बन्धी आवश्यक निर्णय लिनका लागि मोर्चाको केन्द्रीय समितिको बैठक आव्हान गरिएको हो । पार्टी र मोर्चाको दुवै बैठकलाई निकै महत्वका साथ हेरिएको छ ।

# जनएजेण्डाविनाको चुनावी रटान

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । 'स्थानीय तहको निर्वाचन नभएकै कारण जनताले अहिलेसम्मको समस्या भोग्नु परेको हो' भनेजस्तो गरी संसदवादी दलहरु जनताका एजेण्डाहरुलाई एकातिर पन्छाएर स्थानीय तहको चुनावी नौटंकीमा जुटेका छन् । ठूला भनिएका कांग्रेस, एमाले र माओवादी केन्द्र सत्ता र शक्तिको सकेसम्म दुरुपयोग गरी चुनावी परिणाम आफ्नो पक्षमा पार्न अनेकौं जालझेल र षड्यन्त्रमा जुटेका छन् । मुलुकमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरु विकराल बनिरहँदा त्यसप्रति ठूला भनिएका पार्टीहरुले कुनै चासो देखाएका छैनन् ।

७४४ वटा स्थानीय तह पहिचान र सामर्थ्यमा आधारित छैनन् । तीन दलीय नेताहरूको चुनावी पकड क्षेत्रका आधारमा बनाइएका छन् । स्थानीय जनतालाई राहत पुगे र पहुँच पुगे भन्दा पनि कस्तो बनाउँदा र कुन कुन गाउँलाई कहाँ मिसाउँदा आफ्नो पकड बलियो हुन सक्छ, त्यसको आधारमा स्थानीय तहका संरचनाहरु निर्माण गरिएका छन् । घोषित बेनामे ७ प्रदेशको सिमांकन पनि चुनावी स्वार्थकै कारण अहिलेसम्म किटान हुन सकेको छैन । चुनावी स्वार्थकै कारण संसदवादीहरु बीचमा अन्तरविरोध बढ्दो छ ।

निर्वाचन आयोगको वेभसाइटमा राखिएको विवरण अनुसार २६४ वटा दल आयोगमा दर्ता गरिएको छ तर विभिन्न मापदण्ड बनाएर अहिले २७ वटा दलले मात्र पार्टीको व्यानरमा चुनाव लड्न पाउने भनेर अरू सबै पार्टीहरूको पहिचान खाइदिएका छन् ।

१३ अर्ब भन्दा बढी खर्चेर गर्न लागिएको स्थानीय तहको चुनावमा राजनीतिक दलहरुले गर्न खर्च त्यसको कैयौं गुणा बढी हुन्छ । यति ठूलो धनराशी खर्चेर गरिएको चुनावले जनताले के दिन्छ, के पाउँछन् भन्ने प्रश्नको जवाफ छैन संसदवादी दलहरुसँग ।

लाखौं करोडौं खर्चेर चुनाव लडेका दलका नेताहरुले चुनाव जितेपछि स्थानीय तहमा गएको विकास बजेटमा कब्जा जमाउने र आफ्नो स्वार्थ अनुसार त्यसको दुरुपयोग गर्न छिनाझपटी गर्ने भन्दा अर्को सोच देखिन्न ।




स्थानीय स्तरमा जनतालाई अधिकार सम्पन्न कसरी बनाउन सकिन्छ, स्थानीय स्रोतसाधनमाथि जनताको अग्राधिकारलाई कसरी कायम गर्न सकिन्छ भन्ने भन्दा पनि दलका नेताहरु स्थानीय तहमा आफ्नो वर्चस्व कसरी स्थापित गर्न सकिन्छ र राज्यको बजेट कसरी हत्याउन सकिन्छ भन्नेतिर मात्र उनीहरुको ध्यान केन्द्रीत भएको देखिन्छ । यस्तो पृष्ठभूमिका गरिने स्थानीय तहको निर्वाचनले अझ बढी जनविरोधी गतिविधिलाई प्रश्रय दिने र जनता झन् पीडित बन्ने स्थितिको विकास भएर जान्छ ।

बढ्दो बेरोजगारी, महंगी, कालोबजारी, भ्रष्टाचार र वेथितिले आक्रान्त बनेको गाउँमा चुनावले जनतालाई राहत होइन आहात बढी दिने निश्चित छ । यस्तो अवस्थामा जनपक्षीय तथा क्रान्तिकारी राजनीतिक शक्तिले संसदवादीहरुले निर्वाचनका बारेमा छेरेको भ्रमलाई चिरफार गर्ने र उनीहरुका जनविरोधी गतिविधिको भण्डाफोर गर्ने कार्यक्रम लिएर जनताबीचमा जान जरुरी छ । चुनाव जितेर वैधानिक रुपमा स्थानीय स्रोतसाधनमाथि दोहन गर्ने ध्याउन्मा रहेका संसदवादीहरुको भण्डाफोरविना क्रान्तिको वातावरण बन्न सक्दैन । नयाँ जनवादी क्रान्तिविना वास्तविक अर्थमा जनताको समस्या समाधान हुन सक्दैन । यस अर्थमा नेपालको कम्युनिष्ट तथा माओवादी आन्दोलनमा क्रान्तिकारी धारको नेतृत्व गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले यस दिशामा ठोस कदम चाल्न जरुरी छ । राजनीतिक विश्लेषकहरुको ठहर छ, क्रान्तिकारी माओवादीले मात्र स्थानीय तहमा हुने जनविरोधी गतिविधिलाई 'चेक एण्ड व्यालेन्स' गर्न सक्छ

## भ्रममा नपर्न क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यहरुको अपिल

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) भेरी-कर्णाली राज्यमा कार्यरत केन्द्रीय सदस्यहरूले एक वक्तव्य जारी गर्दै पार्टीबाट पलायन भएका र माओवादी केन्द्रसँग आत्मसमर्पण गर्न पुगेका क्रान्तिकारी माओवादीका तात्कालीन केन्द्रीय सदस्य धनजित शाही (आदर्श) लगायतले छेरेको भ्रममा नपर्न कार्यकर्ता र जनताको पंक्तिमा अपील गरेका छन् । पार्टीको भेरी-कर्णाली राज्यमा कार्यरत केन्द्रीय सदस्यहरू चक्रपाणी शर्मा, दीपकबहादुर शाही र राजबहादुर कुंवरले एक संयुक्त वक्तव्य जारी गर्दै यस्तो अपील गरेका हुन् । उनीहरूले शुक्रबार जारी गरेको वक्तव्यमा 'केही व्यक्तिको पलायनलाई अतिरञ्जित गरी भेरी-कर्णाली राज्यमा क्रान्तिकारी माओवादी रित्तिएको जस्ता झूठ प्रचारप्रसार गरिएको विषयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।' उल्लेख गरिएको छ, 'सिद्धान्त र विचारमा अड्न नसकेपछि पलायन एउटा स्वभाविक प्रक्रिया हो ।'

सिद्धान्त र विचारबाट विचलित भए षड्यन्त्रमूलक ढंगबाट माओवादी केन्द्र सामु आत्मसमर्पण गर्न पुगेका केही व्यक्तिहरूको हवाला दिएर भेरी कर्णाली र ६ नं. प्रदेशमा क्रान्तिकारी माओवादी नरहेको भन्ने जस्ता भ्रामक प्रचारबाजीमा विश्वास नगर्न र यस्ता आत्मसमर्पणवादी प्रवृत्तिका विरुद्ध दृढतापूर्वक उभिन सम्पूर्ण नेता कार्यकर्ताहरूमा उनीहरूले हार्दिक अपील समेत ... बाँकी ४ पेजमा

## प्रचण्ड सरकार लम्पसारवादी : गजुरेल




झापा । क्रान्तिकारी युवा लिग, झापाको दोस्रो जिल्ला भेलालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का वरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले कंचनपुर हत्याकाण्डमा सरकारले भारतलाई माफी मगाउन नसक्नु र चुं सम्म बोल्न नसक्नुले यो सरकार कतिसम्म लम्पसारवादी छ भन्ने कुरा प्रष्ट भएको बताएका छन् ।

अधिवेशनको उद्घाटन गर्दै गजुरेलले नेपाली जनताले जे माग गरेर दशवर्षे जनयुद्ध, १९ दिने आन्दोलन तथा मधेस/जनजाति आन्दोलन गरेका गरेका थिए, ती सबै माग अहिले पनि ज्युँका त्युँ रहेकाले त्यो प्राप्तिका लागि क्रान्तिको आवश्यकता टड्कारो बनेको बताए ।

अधिवेशनलाई शुभकामना दिने क्रममा क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमिर महर्जनले युवाहरूको भूमिकाले देशको भविष्य निर्धारण हुने बताउँदै देशको भविष्य निर्माणका लागि विदेशिएका युवाहरूको श्रम र पसिना स्वदेशमै खपत हुनुपर्ने बताए ।

अधिवेशनमा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सचिवालय सदस्य सिताराम तामाङ, केन्द्रीय सदस्य केदार गुरागाई, मनोज श्रेष्ठ, सिताराम वुढाथोकी, बिगेसोका युके इन्चार्ज तथा पार्टी केन्द्रीय सदस्य पदम सुन्दर लिम्बुलागायतको उपस्थिति रहेको थियो ।

**विप्लव छाडेर बैद्यमा**

कार्यक्रमा धरानका टिका राई नेकपा परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरे । कार्यक्रमका प्रमुख अतिथि सीपी गजुरेलले अविर लगाएर उनलाई पार्टी प्रवेश ... बाँकी ७ पेजमा

## 'क्रान्तिकारीहरू कहिल्यै निराश हुनुहुँदैन' : अध्यक्ष वैद्य

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले क्रान्तिकारी कहिल्यै निराश हुन नहुने विचार व्यक्त गरेका छन् । शुक्रबार काठमाडौंको कपनमा सोलु-काठमाडौं जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चको भेलालाई सम्बोधन गर्दै अध्यक्ष वैद्यले यस्तो बताएका हुन् । नेपालमा क्रान्ति अपरिहार्य रहेको बताउँदै उनले राज्यसत्तामा कुनै पनि परिवर्तन भएको छैन, जनताका समस्याहरू ज्युँका त्युँ रहेकाले क्रान्तिकारीहरू नयाँ जनवादी क्रान्तिको तयारीमा नयाँ ढंगले जुट्नुपर्ने बताए ।

कांग्रेस, एमाले, माके र मधेसवादी दलहरूले सारतः एउटै वर्गको प्रतिनिधित्व गर्छन् भन्दै दक्षिणपन्थी अवसरवाद, नवसंशोधनवाद र प्रतिक्रियावादका विरुद्धको संघर्षमा दृढतापूर्वक अगाडि बढ्नुपर्ने आवश्यकता औल्याउनु भयो ।




राष्ट्रियता, जनतन्त्र र जनजीविका सवालहरू निकै जटिल र संकटपूर्ण दिशातर्फ धकेलिएको भन्दै नयाँ जनवादी क्रान्तिको कोर्स पूरा गर्न पार्टीको आगामी राष्ट्रिय ... बाँकी ७ पेजमा

## जनयुद्धका सहिद तथा बेपत्ता परिवार समाजको अध्यक्षमा दिनेश शर्मा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट जनयुद्धको शहीद तथा बेपत्ता परिवार समाजको सोमबार भएको प्रथम राष्ट्रिय भेलाले समाजको संयोजकमा दिनेश शर्मा 'सागर' लाई चयन गरेको छ । क्रान्तिकारी माओवादीको मुख्यालय बुद्धनगरमा भएको उक्त भेलाले शर्माको संयोजकत्वमा ३ सदस्य पछि थपने गरी १५ सदस्यीय समाजको केन्द्रीय समिति निर्माण गरेको छ । भेलाले समाजको केन्द्रीय सचिवमा प्रविण लामालाई चयन गरेको छ भने सदस्यहरूमा विरेन्द्र यादव, सुर्य बहादुर नकर्मी, टंक रेग्मी, प्रविन तामाङ, बल बहादुर मगर, खड्ग बहादुर कुंवर, बाल कुमारी खड्का, कुलराज ज्ञवाली, पेम्डोमा शेर्पा, लेख बहादुर मगर रहेका छन् ।



संयोजक समेत रहेका दिनेश शर्माको अध्यक्षतामा सम्पन्न भेलाको सञ्चालन प्रविन लामाले गरेका थिए भने पार्टीका केन्द्रीय अध्यक्ष मोहन वैद्य 'किरण'ले जनयुद्धमा बगेको शहिदको रगत खेर नजाने भन्दै नयाँ जनवादी क्रान्तिका लागि शहीद ... बाँकी ७ पेजमा

क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य

## बहुदलीय व्यवस्था र निर्वाचन मतसीमा

**निर्वाचन मतसीमा कानुनले बहुदलीय व्यवस्था स्वयंको खिल्ली उडाउने र मजाक गर्ने काम गरेको छ । किनभने त्यसले राजनीतिक दलको मूल आधार दलहरूको दर्शन, सिद्धान्त, राजनीति र कार्यक्रमभन्दा पनि संसदीय निर्वाचनमा सहभागिता जनाएर तोकिएका मतसीमा हासिल गर्नुलाई प्राथमिकता महत्वको विषय बनाउन पुगेको छ ।**



● परि थापा

नेपालका संसदीय राजनीतिक पार्टीका बिचमा लामो समयदेखि विवादका रूपमा रहेको निर्वाचन मतसीमा (Threshold) सम्बन्धी पारित कानुनको प्रावधानअनुसार संसदीय निर्वाचनमा भाग लिएर राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्नका लागि कुनै पनि राजनीतिक पार्टीले निर्वाचनका दौरानमा खसेको सम्पूर्ण मतको तीन प्रतिशत (३%) मत प्राप्त गर्नुका साथै प्रत्यक्षतर्फको निर्वाचनमा एक (१) सिट जित्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । उक्त कानुन पारित गर्ने पक्षमा शुरु मूलरूपमा नेपाली कांग्रेस र नेकपा (एमाले) देखिएका थिए भने नेकपा (माओवादी केन्द्र) पछि गएर मात्र सहमत भएको थियो । अन्य सबै संसदीय पार्टीहरू त्यसप्रकारको कानुन पारित गर्ने कुराको विपक्षमा रहेका थिए । अन्ततः उक्त कानुन पारित भइसकेको छ र अब आगामी दिनमा हुने संसदीय निर्वाचनहरूमा त्यो कार्यान्वयन हुनेछ । अहिले उक्त कानुनका पक्ष विपक्षमा मतमतान्तर जाहेर भइरहेका छन् । यहाँ त्यस सित जोडिएका विषयका सम्बन्धमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

अहिले नेपालमा निर्वाचन मतसीमासम्बन्धी कानुन पारित गर्ने पक्षमा रहेका संसदीय पार्टीहरू खास गरेर नेका, एमाले र माकेले देशमा राजनीतिक स्थिरता कायम गर्नका लागि यस्तो कानुनी व्यवस्था अत्यावश्यक भएको दलिल पेश गरिरहेका छन् भने अन्य स-साना संसदीय दलहरूले आफ्नो अवसरवादी चरित्रमा अंकुश लाग्न पुग्ने भएकाले त्यसको विरोधमा वकालत गरिरहेका छन् । तर, हामीले ती दुवै पक्षहरूले प्रस्तुत गरेका तर्क वितर्क भन्दा विषयवस्तुलाई सैद्धान्तिक र व्यावहारिक हिसाबले विश्लेषण गर्नुपर्ने आवश्यकता छ ।

सर्वप्रथम हाल विद्यमान संवैधानिक प्रावधानलाई नै हेरौं, नेपालको संविधान-२०७२ को प्रस्तावनामा वर्तमान अवस्थामा कायम रहेको राजनीतिक व्यवस्थालाई 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली' भनी उल्लेख गरिएको छ । त्यसलाई थप जोड दिँदै संविधानको धारा (७४) मा 'नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ ।' भनिएको छ । त्यसको सामान्य तात्पर्य के हो भने वर्तमान राजनीतिक व्यवस्थाअन्तर्गत बहुदलीय प्रतिस्पर्धा नै सारभूत कुरो हो । त्यसरी बहुदलीय प्रतिस्पर्धा गर्नका लागि देशमा ... बाँकी ८ पेजमा

## सम्पादकीय

# स्थानीय तहको निर्वाचन

तीन ठूला पार्टीहरू कांग्रेस, एमाले र माओवादी केन्द्रले मुलुकमा सिन्डिकेट लादिरहेका छन् । संविधान निर्माणदेखि स्थानीय तहसम्मको निर्वाचनसम्म उनीहरूले दलीय स्वार्थ अनुसार संवैधानिक प्रावधान र चुनावी कार्यविधि बनाएका छन् । साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर सत्ता र शक्तिमा आफ्नो बर्चस्व कायम गराउन उनीहरू लागिरहेको देखिन्छ । अनेकौं जाल, भेल, षड्यन्त्र गरेर चुनाव जित्ने रणनीतिमा उनीहरू लागिरहेका छन् । चुनावी परिणाममा आफ्नो बर्चस्व स्थापित गराउन र आफ्नो लुटको स्वर्गलाई तलमाथि हुन नदिन उनीहरू सम्पूर्ण शक्ति केन्द्रित गरेर लागिपरेका छन् । लोकतन्त्र र प्रजातन्त्रको कुरा गर्दै यी राजनीतिक पार्टीहरूले अन्य राजनैतिक शक्ति र जनतामाथि पूरै निरंकुशता लादेका छन् । अन्य राजनीतिक पार्टीहरू, विभिन्न जातीय तथा क्षेत्रीय राजनीतिक शक्तिहरूको आवाजलाई जबर्जस्त कुल्चदै उनीहरूले स्थानीय तह निर्वाचनको एकतर्फी ढोल पिटिरहेका छन् ।

पहिचान र सामर्थ्यविनाको स्थानीय तहको संरचना, नामांकन र सिमांकनविनाको संघीयता, जनअधिकारका लागि उठेका संघर्षहरूमाथिको दमन, निर्वाचनमा भाग लिन बहुसंख्यक राजनीतिक पार्टीहरूलाई प्रतिबन्ध लगाउने र थ्रेसहोल्डसम्मको प्रावधान राखेर गर्न लागिएको स्थानीय तहको निर्वाचनले कस्तो परिणाम ल्याउँछ र त्यसले जनतालाई के दिन सक्छ भन्ने कुरा अहिले नै स्पष्ट छ ।

महंगी, भ्रष्टाचार, बेरोजगारी, कालोबजारीले जनताको दैनिक जीवन निकै कष्टकर बनेको छ । गाउँ गाउँमा संसदवादी पार्टीका स्थानीय कार्यकर्ताहरू नै बिचौलिया बनेर जनतालाई दिनदिनै ठगिरहेका छन् । उनीहरूको श्रम र पसिनामाथि रजाइँ गरिरहेका छन् । विकास निर्माणका लागि गएको बजेट विकासमा भन्दा उनीहरूको खल्तीमा बढी जाने गरेको छ । सोभ्Ηासिधा जनतामाथि उत्पीडनको कारण नै उनीहरू बनेका छन् । उनीहरूले हिजोका सामन्त, जमिन्दार, सुदखोरको स्थान ओगट्न पुगेका छन् । जनता उनीहरूको यस्तो व्यवहारबाट आजित बनेका छन् र सच्चा जनप्रतिनिधिको खोजीमा छन् ।

अहिले गाउँका गाउँ युवाविहीन छन् । लाखौं युवाहरू विदेशिएका छन् । उनीहरूको नाममा फर्जी मत हालेर, बुथ कब्जा गरेर चुनाव जित्ने गणितमा संसदवादीहरू लागिरहेका छन् । सकेसम्म सत्ता र शक्तिको दुरूपयोग गरेर चुनाव जित्न सकिन्छ भन्ने उनीहरूको रणनीति देखिन्छ । संसदीय व्यवस्थामा जनताको वास्तविक जनमतको कहिल्यै पनि कदर हुन सक्दैन । विगतमा गरिएका चुनावी परिणामहरूले पनि यो कुरालाई पटक पटक पुष्टि गरिसकेको छ । यसर्थ, चुनावी परिणामले वास्तविक अर्थमा जनमतको प्रतिनिधित्व गर्दैन । चुनावले जनताको परिवर्तनको आकांक्षालाई पनि पूरा गर्न सक्दैन । त्यसका लागि क्रान्ति/संघर्षकै जरुरत पर्दछ ।

तसर्थ, संसदवादी पार्टीहरूले गर्ने चुनावको जनविरोधी अभ्यासको जनपक्षीय क्रान्तिकारी राजनीतिक शक्तिले सशक्त रूपमा भण्डाफोर गर्न जरुरी छ । चुनावमा भाग लिएर वा बहिस्कार गरेर खासगरी कम्युनिष्ट क्रान्तिकारी शक्तिहरूले संसदीय व्यवस्थामा गरिने चुनावले जनताको हित गर्न सक्दैन, यो जनताको पक्षमा हुँदैन र जनताको परिवर्तनको चाहनाको प्रतिनिधित्व यसले गर्दैन भन्ने तथ्यलाई स्थापित गराउन सक्नु पर्दछ । यसर्थमा नेपालको कम्युनिष्ट आन्दोलनभित्र क्रान्तिकारी धारको नेतृत्व गरिरहेको एकमात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले चुनावको भण्डाफोर अभियानलाई व्यापक र सशक्त बनाएर लैजाना जरुरी छ ।

स्थानीय तहको निर्वाचनमा भाग लिए पनि त्यसलाई वर्गसंघर्षको थलो बनाउन सक्नु पर्दछ । चुनावप्रति जति मात्रामा जनतामा घृणा र आक्रोश पैदा गराउन सकिन्छ, त्यति नै नयाँ जनवादी क्रान्तिको लागि सकारात्मक वातावरण बन्न सक्छ । नयाँ जनवादी क्रान्तिविना राष्ट्रियता, जनतन्त्र र जनजीविकाको वास्तविक समाधान हुन सक्दैन । त्यसदिशामा क्रान्तिकारीहरूले ठोस कदम चाल्न जरुरी छ ।

# नेपालको कम्युनिष्ट आन्दोलन र बुर्जुवा आन्दोलनको सेरोफेरो



पुष्पगोपाल श्रेष्ठ

नेपालमा कम्युनिष्ट पार्टी स्थापना भएको २००६ सालदेखि आजसम्मको यो लामो अन्तराल बितिसक्दा पनि कम्युनिष्ट आन्दोलनले खास गति लिन नसकिरहनुको वास्तविक कारण के होला ? बिना कारण यतिकै लगभग निस्क्रिय र अर्थहीन स्थितिमा गुज्रने मार्क्सवादी सिद्धान्ततः हुँदैहोइन । निश्चितै रूपमा खासकारण हुनै पर्छ र छ पनि । यसको मूल कारण हो पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरणको नाउँमा गोरखा-राज्य विस्तार गर्न गरिएको असफलताबाट चुलिएको जातीय विभेद अर्थात् पृथ्वीनारायण शाहबाट सृजित नेपालमा आन्तरिक उपनिवेशलाई मजबुत र दिगो बनाउन, नेपाली भूमिका तमाम आदिवासी जनजातिलाई शोषण दमन र उत्पीडन गर्न, आफ्नो आततायी शासनका सहायकको रूपमा यहाँका शोषक सामन्त खसबाहुन क्षेत्रीहरूलाई उपयोग गर्दै, जातीय विभेदलाई चरम चुलिमा पुऱ्याइ गर्दैआइरहेको शोषण दमनबाट थलापरि मरणासन्न परिरहेका नेपालका शोषितपीडित आदिवासी जनजातिहरू, मधेसी, मुस्लिम, महिला, थारु र अन्य जातिहरूको मर्माहत मर्मलाई ठम्याइ, सोबाट मुक्ति र स्वतन्त्रको निम्ति कम्युनिष्ट पार्टीले क्रान्तिकारी कार्यदिशा निर्माण गरी संघर्षको मैदानमा व्यवहारतः उत्रन र उतारन नसक्नुको मुख्य कारण, पार्टी स्थापना लगतै पछि शिसुकालमै भने जस्तो पुरै पार्टीलाई सैद्धान्तिक रूपले पक्षघात, पारी दक्षिणपन्थी अवसरवादीहरूले, आफ्नो वर्चस्व कायम् गर्न सफल हुनआइपुग्नु र पार्टीभित्र रहेका क्रान्तिकारीहरू दक्षिणपन्थी अवसरवादी विरुद्ध लड्ने संकल्पको अभाव तीमध्ये कतिपय अवसरवादीहरूदेखि टाढा सुषुप्त स्थितिमा बसेर उनीहरू त्यसलाई समयको पर्खाइमा बसेको भन्दथे भने अरू कतिपय कमरेडहरू क्रान्तिकारी पथमा सक्रिय थिए, त्यसमध्येका कतिपय क्रान्तिकारीहरूले आफूमा पनपनाइरहेको क्रान्तिकारी ऊर्जालाई पूरै जोश र जाँगरका साथ आँखा चिम्लेर विद्रोहमा होमिन चाहन्थे र होमिय पनि । तर, नितान्त छोटो समयावधिभित्रै तीमध्ये अधिकांश वर्गीय दुश्मनको फोहरी संसदीय आहलमा डुबुल्की मार्दै पाल्तु कुकुरको जीवनयापन गर्नमा व्यस्त रहिआएका छन् ।

वास्तवमा भन्नुपर्दा नेपालमा कम्युनिष्ट पार्टी निर्माण भएको ६/७ दशक बितिसक्दा पनि शाहवंशद्वारा जातीय विभेद खडा गरी निर्माण गरेका शोषण, दमन र उत्पीडनको त्यो धारिलो हतियार एकात्मक राज्यसत्ता र केन्द्रीकृत शासनप्रणालीलाई ध्वस्त पार्नु त परको कुरो त्यसलाई आजसम्म निस्प्रभाव पार्ने काममसम्म पनि हुन सकेको छैन । सदियौंदेखि कायम रहिआएको एकात्मक राज्यसत्ता यसरी ज्युँ का त्युँ मात्र हैन, अरू मजबुत हुँदै आए जस्तो देखनमा आएको छ । के यही र यस्तै हो त वास्तविकता ? हैन, बाहिरी सतहमाथि देखिने गरेको त्यो हाम्रो आँखाको नानीमा परेको एक प्रकारको भ्रम मात्र हो । वास्तविकता त ठीक त्यसको उल्टो छ, जसलाई साम्राज्यवादी, विस्तारवादीहरूको भरथेगले, नोकरशाही पुँजीपति, दलाल तथा सामन्तहरूको कब्जामा रहिआएको प्रतिक्रियावादी राज्यसत्ता त्यस्तो देखिएको मात्र हो ।

त्यसो त नेपालमा कायम रहिआएको त्यो केन्द्रीकृत एकात्मक राज्यसत्ता विरुद्ध अनेकौं पटक संघर्ष (क्रान्ति) नगरेको र नभएको होइन, भएकै हो । परन्तु, भए गरेका ती सबै बुर्जुवा क्रान्ति, क्रान्ति भन्ने शब्द र त्यसको मूल्य-मान्यताकै अवमूल्यन हुने गरी क्रान्तिका नेतृत्व पंक्तिले, जसको विरुद्ध क्रान्तिको निशाना थियो उसैसँग क्रान्तिको उद्देश्य विपरीत सम्भौता गरी क्रान्तिलाई अलपत्र पारी तुहाउँदै आइरहेको स्थिति हो यो । यसो किन गऱ्यो र भयो त ? किनभने आजसम्म नेपालमा भए गरेका क्रान्तिको नेतृत्व पुँजीपति र निम्न पुँजीपतिहरूको कब्जामा रहिआएका थिए । पुँजीपति भन्नाले ऊ आफै क्रान्तिकारी हैन र तिनीहरूको स्वभाव र चरित्र नै ढुलमुले हुन्छ । उनीहरू यसो हुनुको मूल कारक तत्व भनेको उनीहरूको आर्थिक स्थिति कमजोर हुनुको सँगै राजनीतिक सोचमा समेत स्पष्टता नहुनु र उनीहरूमा रहिआएको त्यही ढुलमुलेपनाले गर्दा हो ।

यो खाली सैद्धान्तिक व्याख्या र विश्लेषण मात्र हैन । वास्तविकतामा आधारित व्यवहारिक यथार्थता हो । यस विषयलाई पुष्टि गर्न विश्वका अन्य कुनै पनि मुलुकभित्र घटेका राजनैतिक इतिहास खोतलिरहनु नै पर्दैन । जुन कुराको पुष्टि त हाम्रै देश नेपालमा भएको ऐतिहासिक दश वर्षीय सशस्त्र जनयुद्धको समयावधिभित्र घटेको घटनाले नै प्रस्ट्याइदिएको छ । अर्थात हिजो नेकपा (माओवादी) ले नेपाली भूमिमा भए गरेका दश वर्षीय जनयुद्ध (नयाँ जनवादी क्रान्ति) कालमा पुँजीपतिवर्गले सर्वहारावर्गको राजनीतिक नेतृत्वको अनुशरण गर्दाखेरी क्रान्ति कसरी अगाडि बढ्यो र पछि मूल नेतृत्व र अरू केही नेतृत्व पंक्तिले क्रान्तिप्रति गद्दारी गर्न पुगुले गर्दा सर्वहारावर्ग पुँजीपतिवर्गको राजनीतिक पुच्छर बन्दाखेरि, सफलताको चुचुरोमा करिब पुगिने सकेको क्रान्ति कसरी पछिल्तिर धकेलियो र असफलताको भूमरीमा फस्न पुग्यो भन्ने कुरो २०५२-२०६२ को तीतो अनुभव अभै ताजा छ । बिर्सिसकेको छैन । यसैको परिणामस्वरूप हिजो देशमा एउटा मात्र राजा थिए, जसलाई धपाएर पठाइयो आज आएर मुलुकमा कांग्रेस, एमाले र माओवादी केन्द्रका तीन तीन जना बडेराजाहरू खडा हुन आइपुगेका छन् ।

साम्राज्यवाद तथा भारतीय विस्तारवादको दलाली गर्दागर्दै मानसिक रूपले पुरै पतन भइसकेका पतीत ती गतिछाडा देशद्रोहीहरू, अहिले आएर तिनीहरू साम्राज्यवाद र विस्तारवादको वैशाखीबिना पाइलासम्म टेक्न नसक्ने र उनीहरूकै इशारा बेगर बोल्नसम्म नसक्ने भइसकेका बुख्याचाः ९कअबचभअअचयध० ती हुतिहारा बडेराजाहरूलाई हाम्रो देश नेपालको राज्यसत्तामा टिकाइराख्नुको अर्थ हो जानाजान राष्ट्रिय स्वाधीनता विदेशीहरूको हातमा सुम्पेर आफ्नै देशभित्र आफू पराइ बनी उनीहरूको रैती बन्न जानु हो । तसर्थ, राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाको सवाललाई लिएर, छरिएर बसेका सबै क्रान्तिकारी कम्युनिष्टहरू, वामपन्थी, देशभक्त, शोषित पीडित आदिवासी/जनजाति, मधेसी, महिला, दलित, मुस्लिम, पिछडिएको क्षेत्र तथा उत्पीडनमा परेका तमाम नेपाली जनसमुदायलाई एकताबद्ध पारी संघर्षको मैदानमा उत्रनु ढिलो हुँदै गइरहेको छ । त्यसो त नेकपा (क्रान्तिकारी माओवादी)ले यसैसम्बन्धी आन्दोलन समयसापेक्ष ढंगले नउठाएको होइन र अहिले पनि आन्दोलनको पहलकदमी लिन आवश्यकताअनुरूपका कार्यक्रम तर्जुमा गरी संगठन विस्तार, सुदृढीकरण र जनपरिचालनको तीन महिने अभियानमा जुटिसकेका छन् । अब बाँकी छ त नेपालका तमाम जिम्मेवार नेपालीहरू, देशमा विकराल रूपले खस्किदै गइरहेको स्थिति विरुद्ध राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाको सवाललाई लिएर गम्भीर भई आन्दोलनकारीहरूसँग हातेमालो गरी उत्रनु ।

इतिहासमा नेपाल कहिल्यै पनि कुनै साम्राज्यवादी, विस्तारवादी मुलुकको प्रत्यक्ष उपनिवेश बन्नु परेन । यो देशभक्त नेपालीहरूका लागि गौरवको विषय हो । भारतलाई आफ्नो उपनिवेश बनाएर बसेका तकालीन बेलायती शासकहरूले नेपालमा पनि आफ्नो उपनिवेश बनाई स्वाभिमानी नेपालीहरूलाई पनि आफ्नै देश नेपालमै रहे तापनि उनीहरूको कमारा बनाई नेपालमाथि रजाइ गर्न पटक-पटक प्रत्यक्ष सैन्य आक्रमण नगरेका होइनन् । तर स्वाभिमानी देशभक्त नेपाली जनसमुदायको सशक्त प्रतिरोधको सामु बेलायती सेना युद्धमोर्चामा कहिल्यै सफल हुन सकेका थिएनन् । र अहिले पनि हामी नेपालका स्वाभिमानी नेपालीहरू, विश्वका कुनै पनि साम्राज्यवाद तथा विस्तारवादको अनाधिकार दवाव एवं कुनै प्रकारको हस्तक्षेप स्वीकारेर नतमस्तक भई बस्नेवाला छैनन् । आफ्नो देश नेपालमाथि त्यस्ता कुनै पनि प्रकारको आक्रमणकारीहरूको बुटमुनी उपनिवेश खडा गर्ने दुस्वप्नलाई ईंट्टाको जवाफ ढुंगाले दिन जानेको छ ।

हो निश्चितै रूपमा हामीले विगतमा सामन्ती शक्ति, साम्राज्यवादी, भारतीय ठूलाव्यापारी र स्थानीय दलालहरूलाई नलखेटिकन केवल सामन्तीका नायक ज्ञानेन्द्रको विस्थापनले मात्र नेपाली जनताका कुनै पनि समस्याहरू समाधान हुन सद्दैनन् भन्ने कुरो बुझ्न नसक्नु त्यतिबेलाको सैद्धान्तिक एवं राजनीतिक रूपको महाभूल थियो । यस्ता भूलहरू फेरि-फेरि दोहोरिन नदिन क्रान्तिकारी कम्युनिष्टहरू सदा सचेतता अपनाउँदै निरन्तर क्रान्तिकारी पठमा अगाडि बढिरहनु जरुरी छ ।

यतिखेर तपाई हामीले अत्यन्तै महत्वका साथ सोच्नु र बुझ्नुपर्ने कुरा भनेको विगतमा हामीले त्यो महान् दश वर्षीय जनयुद्धकाल रक्षात्मक र शक्ति सन्तुलनको स्थितिबाट प्रत्याक्रमणको स्थितिसम्म आइपुगेको मात्र हैन, देशमा विद्यमान रहि आएको पुरानो राज्यसत्तालाई पूरै निरीह र लाचार तुल्याउँदै मुलुकको ८० प्रतिशत भूभाग कब्जा जमाउन सफल भएको थियो । तर विडम्बनाको कुरो त्यही क्रान्तिकारी पार्टीको मूल नेतृत्व र अरू केही नेतृत्वकारी भूमिकामा रहिआएका समेत सैद्धान्तिक विचलनमा परि वर्गीय आत्मसमर्पण गर्न पुग्नुबाट ... बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# आफै धामी आफै बोक्सी

चैत ७ गते पञ्चप्रेतहरूको पार्टीले हिन्दू राज्य बनाउने पर्छ, राजा हाम्लाई चाहिन्छ चाहिन्छ, धर्मनिरपेक्षता खारेज गर, हाम्रो शासन फिर्ता गर, यो देश हाम्रो विर्ता हो, अरू सबै मनुवा रैती हुन्, आदि इत्यादि भाव बोकेका नारा घन्काउँदै चुनाउ एण्ड कम्पनीको मुख्यालयतिर धक्कमधक्काको जुलुस निकाल्यो । ठेकेदार दलहरूका लाउकेहरूको संविधानलाई ने ठाडो चुनौती दिएर जुलुस निकालेपछि कम्पनीका मुखिया डरले थुरथुर कँपिर धन्नै कट्टुमा तुर्क्याए । उनले केही दिन अगाडि पञ्चप्रेतहरूको पार्टी विधानबाट हिन्दू धर्म र राजतन्त्रको विषय सुट्ट थुतेर मिल्काइदिएका थिए । यो घटनाबाट पञ्चप्रेतहरू रिसले चुरचुर थिए । त्यही झोँक फेरेर आफूलाई पनि कुर्चीबाटै थुतेर फाल्छन् कि भन्ने डरले मुखियाले पुलिस मन्त्रालयमा गुहार मागे । पुलिस मन्त्री काला दारिवाललाई के खोज्छस् काना आँखो भनेभैँ भयो । आफू सेता दारिवाल गुज्जर भैयासँग गुमस्ता गर्न देशान्तर गएका बेला हेटौँडे थापाकाजीले सुप्रिमोलाई फकाएर आफूभन्दा माथिल्लो बरियतामा उक्लिएको भोँक फेरिहाले र पञ्चप्रेतका लाउकेहरूका हातखुट्टामा पुलिसलाई सुम्ल्याउन खटन गरे । त्यसपछि के निहुँ पाउँ कनिका बुकाउँ भएको पुलिसले नाति जरसावका खुट्टामा लाठीले राम्रैसँग बजायो । जरसाव थचक्क भुईँमा बसे र राज्यले स्वागत गरेको लाठीको स्वाद जीवनमा पहिलो पटक चाखे । रेडियो नेपालसँग डिभोर्स गरी पञ्चप्रेतको पार्टीमा पोइल गएकी बुढीकन्यालाई त भन्नु गोली ठोकेर थलै पारिदियो पुलिसले ।

सँधै सत्तामा बसी मत्ता हाती बनेर अरू दलका नेता कार्यकर्ताका टाउकामा लाठि ठोक्दा अरूलाई कति दुख्दो हो भन्ने अलिकता होस आयो होला नाति जरसावलाई । कठै विचरा नाति जरसाव ! दरबारमा जन्मेहुर्केका जरसाव । आमाको कोखबाट फुत्त भुईँमा खस्ने वित्तिकै सेनाको सलामी खाएका र रैतीका स्वस्ती दर्शनले विभूषित भएकालाई कहिल्यै कसैको तिमीसम्मको शब्द सुन्न परेन । सँधै आइस्यो, गइस्यो, सवारी होस्, ज्युनार होस्, सुकला होइस्यो, उठिस्यो, पाउ कष्ट होस् इत्यादि आदरले पालित पोषित भएर पुलकित भएका नाति जरसावलाई खुट्टै भाँच्चिने जोरसित लाठी बर्साउने कस्तो असत्ती पुलिस होला । जरसावको अङ्गरक्षकले केरा हेरेर बस्या रहेछ कि क्या हो ? आफ्ना मालिकका खुट्टामा पुलिसले लाठी बर्साउँदा छेकथुन गर्नुपर्ने हैन र ? जरसाव होइस्सिन्छ, लाठी होइन सलाम ठोक भनेर पुलिसलाई आदेश गर्नुपर्ने । जे होस् जरसावलाई यो घटनाले आफ्ना जिजु बुबाज्युहरूको शासनसत्ताको भल्को भने अवश्य दिएको हुनुपर्छ । किनभने पुलिसको लाठी गोडामा बर्सिँदा टाउकामा तोरीका फूल त अवस्य देखे होलान् । तोरीका फूलभित्र जिजुको शासन फनफनी घुमेको अबस्य देखेहोलान् ।

रिसानी माफ होस् जरसाव ! लोकतन्त्रमा यस्तै हुन्छ । चर्खे पिङ जस्तो हो सत्ता र सडक । कहिले आफू माथि कहिले अर्को माथि । धैर्य गरेपछि तिनै पुलिसले तपाईंको आदेश पालना गर्दै महामहिम मिस्टर सुप्रिमो र पुलिस मन्त्री चारतारे दारीवाललाई लाठी बर्साउने दिन पनि आउनेछ । अहिले हजुरको खुट्टामा लागेको चोट पछि उनीहरूले टाउकाबाट तिर्नेछन् । पुलिसै त हुन् जस्को लट्ठी उसैको भैँसी । अब कुरा रह्यो हेटौँडे थापा काजीको । लोकतन्त्र पनि गजबको छ । आफै धामी आफै बोक्सी हुन पाइने । पञ्चप्रेतहरू र नाति जरसावका बराजुका सत्तामा त सत्तामा बस्नेहरू सडकमा हुन्थे । सडकमा हुनेहरूलाई सत्ताको गोलीले उडाइन्थे । त्यसैले गोलीले उडाइने भएकाले तैँ चुप मै चुप भएर घरमै सिरक भित्रै गुटमुटिएर सत्तालाई धारेहात लाउँथे । अहिले लोकतन्त्रमा त सरकारमा बसेर अघिपछि कारगेटमा सेना पुलिसको सुरक्षा लिएर आफ्नै सरकारका जागिरे चाकरका विरूद्ध जुलुस निकालेर धर्नामा बस्न पाइने । क्या गजबको काइदा । थापाकाजीले अस्ती ७ गते त्यसै गरे । उपप्रधानमन्त्रीको पगरी गुथेर अघिपछि कार्गेटको सुरक्षा पहरा लिएर चुनाउ कार्यालयमा धर्ना दिन बसे । आफ्नै हातमा डाडुपन्यु समाएर बिचरो चुनाउ कम्पनीका मुखियासँग माग पूरा गराउन धर्ना दिनुपर्ने । कठै कस्तो कन्तबिजोग । त्यसैमा पनि आफ्नै आदेशमा चल्ने पुलिसले आफैलाई लाठी बर्साउने कस्तो गजबको लोकतन्त्र । सात समुन्द्र पारिका लोकतन्त्रका मातापितालाई हेर हाम्रो लोकतन्त्र कस्तो छ भनेर देखाउनलाई होला नि ।

अब त उखान पनि बदलेर लोकतान्त्रिक उखान बनाउनु पर्ला जस्तो भयो, 'कहिँ नभाको जात्रा सिंहदरबारमा' । सिंहदरबार भनेको यस्तै यस्तै जात्रा देखाउने थलो हो । मार्क्सवादीहरूले कुकुरको मासु बेच्ने थलो भन्थे, लोकतन्त्रवादीहरूले सिंहदरबारलाई जात्रा देखाउने थलो भन्नु पर्ने भयो । बेलाबखत यहाँ यस्तै नाटक मञ्चन भइरहन्छ । पात्र फेरिइरहन्छन् तर जात्रा एउटै देखाइन्छ । यतिखेर थापाकाजीको जात्रा देखाउने पालो परेको छ । जात्राको नाम हो 'आफै धामी आफै बोक्सी' । बाह्र बर्षपछि त खोलो पनि पुरानै बाटोमा फर्कन्छ भन्थे साँच्चै हो रहेछ । संसदवादी व्यवस्थाका लागि दिव्य बाह्र बर्स जनयुद्ध लडेर आएका मिस्टर सुप्रिमोको सत्ता रणनीतिको नारा यतिखेर थापाकाजीले अपहरण गरेर लगेका छन् । सडक, सदन र सरकारबाटै सङ्घर्ष गर्ने रे । यहि सडक, सदन र सरकारबाटै सङ्घर्ष गर्ने भनेर जनयुद्धको साङ्ग्यता गरेर संसद छिरेका मिस्टर सुप्रिमाले सरकारमा मात्र आँखा गाड्दा पार्टी पनि काँक्रा चिरिएभैँ चिरिएर टुक्रा टुक्रा भयो । अहिले त्यहि नारा चोरेर थापाकाजी र जरसावको प्रेत पार्टीले सडक, सदन र सरकारका तीनै मोर्चामा डटेर लड्ने रे । लडेरै राजतन्त्र र हिन्दू राज्य ब्युँताएर आफ्नो एकलौटी विर्ता चलाउने रे । क्या वात लोकतन्त्र । *११ चैत २०७३*

kailubraha73@gmail.com


## परिवर्तनको सम्वाहक



सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# थ्रेसहोल्ड नक्कली लोकतन्त्रको अभिव्यक्ति हो



**❑ हरिभक्त कँडेल**, प्रवक्ता- नेकपा (क्रान्तिकारी माओवादी)

***आन्तरिक पार्टी जीवनका हिसाबले क्रान्तिकारी माओवादीको पछिल्लो स्थिति कस्तो छ ?***

अहिले हामी तीन महिने अभियानमा छौं । अभियान कतै घनिभूत रूपमा चलेको छ, कतै मन्द गतिमा छ । जसरी चलेको भए पनि यस अभियानबाट पार्टी जीवनलाई सक्रिय बनाउने, कार्यकर्तालाई टिमबद्ध परिचालन गर्ने र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा जनतासहितको सहकार्य बढेको छ । हामीले गर्ने कार्यक्रमहरूमा विस्तारै जनसहभागिता बढेर गएको छ । र, हाम्रो पार्टीप्रति विरोधीहरूले फिजाएको भ्रम तोडिदै गएको छ र अभियानले क्रान्तिकारीहरूबीचमा ध्रुवीकरण पनि बढाएको छ ।

***ध्रुवीकरण बढाएको कुरा गर्नुभयो तर क्रान्तिकारी माओवादीबाट हुने पलायन त रोक्न सकिएको देखिएन नी ? पछिल्लो पटक पनि एकजना केन्द्रीय सदस्य पलायन भएको सुनियो ।***

क्रान्तिको विजयोन्मुख अवस्थामा पार्टीको नेतृत्वमा रहेका प्रचण्ड-बाबुरामले पलायनको बाटो समातेपछि माओवादी आन्दोलनमा बढेको निराशाको बादल अझै फाटिसकेको छैन । जनताको व्यापक हिस्सामा पनि निराशा छ । यति ठूलो क्रान्ति र बलिदान हुँदा पनि जनताको समस्या हल भएनन् । जनयुद्धको बेला उठाएका मुद्दाहरू ज्युँका त्युँ छन् । नेताहरूले धोका दिए भन्ने जनतामा परिराखेको छ । प्रचण्ड-बाबुरामहरूले धोका दिएकै हुन् । यस्तो परिस्थितिमा संकटहरू बढ्दै जान्छन् । क्रान्तिकारी कित्तामा त्यो संकट बढेको छ । विचारको अन्त्य, शुन्य भएजस्तो स्थिति बनाइएको छ । यसले विचारको मूल्य, मान्यता, आदर्शलाई केन्द्रमा राखेर सोच्ने, दुरगामी भविष्यको चिन्ता गर्ने र रणनीतिक तयारी गर्नेभन्दा मान्छेहरू तत्कालको फाइदा खोज्नतिर लागेका छन् । त्यो रोगले माओवादी आन्दोलनलाई पनि गाँजेको छ । अहिले अधैर्यताको प्रवृत्ति हावी भएको छ । हिजो प्रचण्डहरूको अवसरवादी र संशोधनवादी प्रवृत्तिका विरुद्ध लडेका साथीहरू प्रचण्डहरूकै टाङमुनि छिर्न पुगेका छन् । भेडा भेडासित बाख्रा बाख्रासित हुने रहेछ । अवसरवादले अनुकूल परिस्थिति पाएपछि टाउको उठाउने रहेछ ।

***चुनाव नजिकिँदै गर्दा दल बदल्नेहरू बढ्न थाले नि ?***

संसदवादीहरूलाई चुनाव चाड जस्तै भएको छ । उनीहरूले चुनावलाई रणनीतिक हिसाबले प्रयोग गर्छन् । तर क्रान्तिकारीहरूले यसलाई कार्यनीतिक हिसाबले उपयोग गर्छन् । क्रान्तिको रणनीतिलाई जोडेर चुनावको उपयोग र बहिस्कार दुवै गर्न क्रान्तिकारीहरू तयार रहनु पर्दछ । क्रान्तिकारीहरूले उपयोग गरेको आजसम्मको चुनावले मान्यताहरूलाई स्थापित गर्न सकेन । चुनावलाई उपयोग गर्न गएका नेताहरू नै अवसरवादी भैदिएपछि बुझाइ कस्तो भएको छ भने चुनाव लड्नु पर्छ, लडेपछि जसरी पनि जित्नुपर्छ, जित्ने पार्टी कुन हो भन्दै मान्छेहरू पार्टी चाहार्न थाल्छन् । यो भनेको विचारको शुन्यता हो । तर अहिलेको राजनीतिमा यो मात्रै छैन । सिद्धान्त र विचारलाई केन्द्रमा राखेर सोच्ने, क्रान्तिप्रति चिन्ता गर्ने, क्षणिक र तात्कालिक भन्दा पनि दीर्घकालीन भविष्यको चिन्ता गर्ने, व्यक्तिको भन्दा पनि वर्गको भविष्य खोज्ने पुस्ता पनि छ, व्यक्ति/पार्टीहरू पनि छन्, उनीहरू क्रान्तिकारी धारामा ध्रुवीकृत हुँदै गएका छन् । यस्ता पार्टी र व्यक्तिहरूको ध्रुवीकरण हाम्रो पार्टीमा बढिरहेको छ । संख्यामा त्यो थोरै भए पनि गुणात्मक हिसाबले त्यो धेरै माथि छ ।

***कम्युनिष्ट पार्टीभित्र किन अवसरवाद जन्मिरहन्छ, हुर्किरहन्छ र क्रान्तिकारीहरूमाथि हावी भइरहन्छ ? त्यसलाई वेलैमा किन लगाम लगाउन सकिन्न ?***

हो यो एउटा गम्भीर समीक्षा गर्नुपर्ने विषय भएको छ । कहिं न कहिं कम्युनिष्ट आन्दोलनमा समस्या छ । समस्याको खोजी विचारमै गर्नुपर्छ । अहिलेसम्म हामीले गरेको वैचारिक, राजनीतिक तथा सांगठानिक अभ्यासहरूमा रहेका अपुगताहरूको खोजी गर्न जरुरी छ । आधार भूत रूपमा विचार, नीति, योजना, संगठन र कार्यक्रममा समस्याको समाधान खोज्न आवश्यक छ । तर यो निमिट्यान्न हुने चिज होइन रहेछ । प्रतिक्रियावाद, अवसरवाद र संशोधनवादसँगको निरन्तर संघर्षको बीचबाट नै मालेमावादको विकास हुने रहेछ । क्रान्तिकारीहरूले वैचारिक राजनीतिक चेतना, आन्दोलन, आचरण र धैर्यताले त्यस्तो प्रवृत्तिलाई जित्नुपर्ने रहेछ । स्पष्ट दृष्टिकोण आफ्नो वर्ग, पार्टी, क्रान्तिप्रति दृढतापूर्वक लागेका मान्छेहरूले क्रान्तिमा हुने उतारचढावलाई सजिलै पचाउन सक्छन् । चढाव (बलियो) भएको बेला पनि उनीहरू मात्तिन्नन्, उतार (कमजोर) भएको बेला पनि उनीहरू आत्तिन्नन् । नेपालको कम्युनिष्ट आन्दोलनभित्र निम्न पुँजीवादी अधैर्यता यति धेरै छ कि चढावमा पूरै मात्तिने, उतारमा पूरै आत्तिने, पलायन हुने, छहारी खोज्ने गरेको देखिन्छ । यो प्रवृत्तिलाई निषेध गर्न सकिन्न नियन्त्रण भने गर्नुपर्छ, गर्न सकिन्छ । त्यसका निम्ति विचार संघर्षलाई घनिभूत बनाउन जरुरी छ । र, टिमबद्ध पहल लिएर नै अवसरवादी प्रवृत्तिलाई लगाम लगाउन सकिन्छ । अन्तर्राष्ट्रिय र राष्ट्रिय अभ्यासहरूबाट पनि पाठ सिकेर अगाडि बढ्दुन जरुरी छ ।



चुनावको कुरा गर्दा प्रवृत्तिगत कुरा पनि गर्नुपर्छ । खासगरी तीन खाले प्रवृत्ति देखिन्छ । पहिलो, चुनाव लडेपछि जित्नैपर्छ, जित्नका लागि जे पनि गर्नुपर्छ भन्ने प्रवृत्तिले विचार, सिद्धान्त, नैतिकता, आदर्श, मूल्य, मान्यताहरूलाई ध्वस्त पारिदिन सक्छ । त्यस प्रवृत्तिका विरुद्ध सचेत र सतर्क रहन जरुरी छ । अर्को संसदीय व्यवस्थामा गरिने प्रतिक्रियावादी चुनाव बहिस्कार गर्नुपर्छ, भाग लिनै हुँदैन भन्ने अर्को प्रवृत्तिले ठोस परिस्थितिको ठोस विश्लेषण नगरी रणनीतिको सेवा गर्ने गरी चुनावको उपयोग गर्न सकिन्छ भन्ने कार्यनीतिक स्टेपलाई नमान्ने गर्छ । यो प्रवृत्तिलाई पनि क्रान्तिकारीहरूले सही अर्थमा बुझ्नुपर्दछ ।

***माओवादी आन्दोलनभित्र देखारपरेको अवसरवाद र नवसंशोधनवादले नेपालको नयाँ जनवादी क्रान्तिलाई कत्तिको क्षति पुऱ्यायो ?***

वर्गदुश्मनसँगको लडाइँ एकदम सोझो हुन्छ । त्यहाँ विनामुलाइजा लड्न सकिन्छ । तर आफ्नै बीचका साथीहरू, पार्टीपंक्तिभित्र देखापर्ने जुन अवसरवाद हुन्छ, त्यसका विरुद्धको लडाइँ असाध्यै पेचिलो हुन्छ र असाध्यै गाह्रो ठीक विधि र पद्धतिभित्र रहेर समस्या हल गर्ने बेलासम्म चाहि त्यो लडाइँ मैत्रीपूर्ण नै हुन्छ, तर त्यो रूपमा एउटै कमिटिमा बसेको जस्तो सारमा दुश्मनको काम गरेजस्तो हुँदा अन्तरसंघर्ष र दुईलाइन संघर्षले वर्गसंघर्षको रूप लिन पुग्छ । हामीले यस्ता कष्टसाध्य लडाइँ लडेर क्रान्तिकारी धारालाई बचाएर यहाँसम्म ल्याएका छौं । तर क्रान्तिकारीहरूको आत्मगत अवस्था अहिले कमजोर छ । यसले नेपालको नयाँ जनवादी क्रान्तिलाई भयंकर ठूलो क्षति पुऱ्याएको छ । कहिलेकाहीं द्वन्द्ववादलाई ठीक ढंगले प्रयोग गर्न नसक्दा व्यक्तिको मूल्यांकन गर्ने सवालमा पनि कतिपय सन्दर्भमा फसेका छौं । 'प्रचण्डपथ' भनेर अधिमूल्यन गर्न पुग्यौं । यसले पनि क्रान्तिलाई क्षति पुऱ्यायो । हामी फेरि क्रान्तिको तयारी गर्नुपर्ने स्थितिमा पुगेका छौं । अब नयाँ ढंगले क्रान्तिको समग्र तयारी गरेर अगाडि बढ्नुको विकल्प छैन ।

अहिले क्रान्तिकारी धाराका विरुद्ध चौतर्फी आक्रमण भइरहेको छ । क्रान्तिकारी धारलाई समाप्त पार्ने प्रयत्न भइरहेको छ । र साम्राज्यवादको चाकडी गर्ने र कुनै न कुनै हिसाबले साम्राज्यवादीको प्यादा बन्ने प्रयासहरू भइरहेका छन् । अहिले प्रतिक्रियावादी क्याम्पमा पनि अन्तर्विरोध चर्किएको छ । सबै मूल्यमान्यताको राजनीति सिद्धिएका छन् । पार्टीहरूभित्र नेतृत्वका कामबारवाहीबाट ठूलो संख्यामा असन्तुष्टी छ । उनीहरू त्यहाँ विद्रोह बोल्न चाहन्छन् तर नेतृत्व नहुँदा विद्रोह गर्न सकिरहेका छैनन् । केही समयपछि यो स्थिति रहन्न । क्रान्तिकारीबीचमा ध्रुवीकरण हुन्छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दामा फेरि एउटा ठूलो ध्रुवीकरण हुन्छ । हाम्रो पार्टीले क्रान्तिकारी धारको नेतृत्व गरेको छ । समस्याहरू झन झन विकराल बन्दै जाने, आवश्यकताका हिसाबले चुनौतीपूर्ण संघर्षको खाँचो छ ।

***स्थानीय तहको निर्वाचनलाई उपयोग गर्ने विषयमा पार्टीको धारणा के हो ?***

आत्मगत अवस्था कमजोर रहेको अवस्था, तुरुन्तै वर्गसंघर्ष वा विद्रोहको पनि उठान गर्न नसकिने अवस्था, लामोसमयदेखि स्थानीय तहको निर्वाचन नभएको अवस्था, चुनावबाट समस्याको समाधान हुन्छ कि भन्ने जनतामा पनि भ्रम नै सही मानसिकता बनेको अवस्था, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा जनताको सहभागिता बढाउनुपर्ने अवस्थालगायतको स्थितिमाथि ध्यानदिंदा चुनावलाई उपयोग गरेर जानु पर्छ कि भन्ने कोणबाट पार्टीभित्र छलफल चलिरहेको छ । तर त्यसलाई उपयोग गर्दा विगतका जनयुद्धकालीन एजेण्डालाई पनि हामीले जोडदार रूपमा उठाएर वर्गदुश्मनसँग आत्मसमर्पण गर्ने र वर्गसमन्वय प्रवृत्तिका विरुद्ध निर्मम बन्न जरुरी छ । त्यसो गर्दा हामी फेरि क्रान्तिको पहल लिने स्थितिमा पुग्न सक्छौं । जनताले आशा पनि गरेका छन् । हामी वर्गसंघर्षलाई अझ परिपक्व ढंगले लैजान चाहन्छौं ।

***भनेपछि स्थानीय तहको निर्वाचनलाई वर्गसंघर्षको रूपमा उपयोग गर्नुहुन्छ ?***

हो, स्थानीय तहको निर्वाचनलाई वर्गसंघर्षकै रूपमा उपयोग गर्नुपर्दछ । प्रतिक्रियावादी, अवसरवादी र संशोधनवादीहरूको भण्डाफोर गरेर जानुपर्दछ । संविधानको प्रतिगामी चरित्र, जनविरोधी चरित्रको भण्डाफोर, उनीहरूको भनाइ र गराइबीचको अन्तरको भण्डाफोर गरेर जानुपर्दछ ।

***थ्रेसहोल्डलाई चाहिं कसरी लिएको छ क्रान्तिकारी माओवादीले ?***

थ्रेसहोल्ड सिन्डिकेट राजनीतिको अभिव्यक्ति हो । सिन्डिकेटवालाहरू निरन्तर आफ्नो लुटको स्वर्गलाई कायम राख्न चाहन्छन् । सत्तामा सधैं आफ्नो हालीमुहाली चाहन्छन् । अहिलेको कथित लोकतन्त्र कत्ति नक्कली छ भन्ने कुराको गतिलो उदाहारण नै थ्रेसहोल्ड हो । हामीले यसलाई त्यति ठूलो रूपमा लिएका छैनौं । जे गरे पनि जतिपटक चुनाव गरेपनि चुनावदेखि चुनावसम्मले अहिलेको मुलुकको समस्या कदापि हल गर्न सक्दैन । चुनाव भन्ने चुनावदेखि नै डराउने गरिरहेका छन् कथित लोकतन्त्रवादीहरू । थ्रेसहोल्ड जनताको विरुद्ध छ, जनवादका विरुद्ध छ । संसदवादीहरू प्रजातन्त्रको नाममा यसरी प्रजातन्त्रकै घाँटी निमोठीरहेका छन् ।

***तपाईंहरूले स्थानीय तहको निर्वाचनमा भाग लिने मनस्थिति बनाउँदै गर्दा के कस्ता चुनौतीहरूको सामना गर्नुपर्ने देख्नुहुन्छ ?***

चुनावको कुरा गर्दा प्रवृत्तिगत कुरा पनि गर्नुपर्छ । खासगरी तीन खाले प्रवृत्ति देखिन्छ । पहिलो, चुनाव लडेपछि जित्नैपर्छ, जित्नका लागि जे पनि गर्नुपर्छ भन्ने प्रवृत्तिले विचार, सिद्धान्त, नैतिकता, आदर्श, मूल्य, मान्यताहरूलाई ध्वस्त पारिदिन सक्छ । त्यस प्रवृत्तिका विरुद्ध सचेत र सतर्क रहन जरुरी छ । अर्को संसदीय व्यवस्थामा गरिने प्रतिक्रियावादी चुनाव बहिस्कार गर्नुपर्छ, भाग लिनै हुँदैन भन्ने अर्को प्रवृत्तिले ठोस परिस्थितिको ठोस विश्लेषण नगरी रणनीतिको सेवा गर्ने गरी चुनावको उपयोग गर्न सकिन्छ भन्ने कार्यनीतिक स्टेपलाई नमान्ने गर्छ । यो प्रवृत्तिलाई पनि क्रान्तिकारीहरूले सही अर्थमा बुझ्नुपर्दछ । त्यसैगरी अर्को प्रवृत्ति भनेको परिस्थितिको ठोस अध्ययन गरी द्वन्द्वात्मक रूपले सोच्ने हो । परिस्थितिलाई द्वन्द्वात्मक ढंगले बुझ्ने र कार्यनीतिक स्टेप चाल्ने प्रवृत्ति नै वास्तवमा क्रान्तिकारी प्रवृत्ति हो । यही प्रवृत्तिलाई पार्टी र क्रान्तिमा हावी गराउने चुनौती छ ।

***चुनाव उपयोग गर्ने भए माकेसँग बहिस्कार गर्ने भए नेकपासँग सहकार्य गरेर जानुपर्छ भन्ने प्रवृत्ति पनि त होला ?***

हो यस्तो प्रवृत्ति पनि छ । अझ एउटै मान्छेले दुईटा कुरा गर्छ । यो भनेको राजनीतिक वितण्डतावादी प्रवृत्ति हो । यी दुवै सोच आपसमा अन्तरविरोधी र मेल नखाने गलत सोच हो । यो प्रवृत्ति राजनीतिक प्रवृत्तिको सोच होइन । यो प्रवृत्ति संसदवादी प्रवृत्ति हो । यी दुवै पार्टी संसदवादी सोच राख्ने पार्टीहरू नै हुन् । हामीले चुनावमा भाग लिने भनेको क्रान्तिकारी तरिकाले उपयोग गर्ने कुरा हो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू यो चुनावबाट समाधान हुन सक्दैनन्, त्यसका लागि नयाँ जनवादी क्रान्तिकै आवश्यकता पर्दछ भन्ने कुरा जनतालाई बुझाउन सक्नु पर्दछ । चुनावदेखि चुनावसम्मबाट नेपालमा नयाँ जनवादी सत्ताको स्थापना अर्थात् जनताको गणतन्त्र स्थापना सम्भव छैन । त्यसका लागि क्रान्ति अनिवार्य छ । असफल भइसकेको संसदीय व्यवस्थालाई प्रचण्डले बचाउन सक्दैनन् ।

# नेपालको तराई क्षेत्रको विकास समस्या : अर्थराजनीतिक विश्लेषण



◆ सीताराम तामाङ

**१) नेपालको भूगोलमा तराई क्षेत्र**

एसिया महादेशको हिमालय पर्वतको दक्षिण पाटोमा अवस्थित नेपालको उत्तरतर्फ जनगणतंत्र चीन र बाँकी तीनतर्फ गणतंत्र भारत छिमेकी मुलुकहरू हुन् । २६.२०' -३०.१०' उत्तरी अक्षांश र ८०.१५-८८.१० पूर्वी देशान्तर भएको नेपालको भूगोलको १४७, १८१ बर्ग कि.मि. क्षेत्रफल रहेकोछ । यो मुलुकको ३५ प्रतिशत हिमाली क्षेत्रमा, ४२ प्रतिशत पहाडी क्षेत्रमा र २३ प्रतिशत तराई (र भित्रीमधेश) क्षेत्रमा पर्दछ । भौगोलिक विविधताकासाथै जातीय, भाषिक र क्षेत्रीय विविधता यो मुलुकको विशेषता हो । तर विविधताको धनी देश भईकन पनि अर्धसामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थामा रहेको मुलुक हो ।

आज हामी २३ प्रतिशत भूभाग ओगटेको तराई क्षेत्रको समस्यावारे अर्थराजनीतिक छलफलमा सीमित रहनेछौं । भूमि २३ प्रतिशत भएपनि कुल खेतीयोग्य जमिनको ६२ प्रतिशत यही क्षेत्रमा पर्दछ । यो तराई भूमि समुद्री सतहबाट ६०-२०० कि.मि उचाईमा रहेकोछ । नेपालको तराई गंगा नदीको उब्जाउ कछारकै विस्तार (समथर) भूमि हो । यो क्षेत्र महाकाली, कर्णाली, गण्डकी, बागमती, कोशी, मेची, नदीहरूले बनाएको मलिलो माटोको कारण बढी उब्जाउ रहेकोछ । तराईलाई नेपालको अन्न भण्डार पनि भनिन्छ । यहाँको हावापानी समशितोष्ण प्रकारकोछ ।

पहाडमुनिको मैदान वा प्रदेश वा तल्लो भागलाई तराई (हिन्दी शब्दकोष) भनिन्छ । यस क्षेत्रका रैथाने थारुको भाषामा तर = तल हो । थारुभाषामा समथर भूभागलाई "तरी" भन्ने गरिन्छ । (पछाडि तरी शब्दमा संस्कृत उपसर्ग जोडिएर सप्तरी, महोतरी, आदि शब्दहरू बनेका देखिन्छ) । पाली भाषामा तराई क्षेत्रलाई "मझ्देश," संस्कृतमा "मध्यदेश" भनिने हुनाले अपभ्रंश हुँदै "मधेष" भएको हुनसक्तछ। नेपालमा तराई र भित्री मधेश भन्ने चलन रहिआएको पनि छ। नेपालको पहाडको फेदी-दक्षिण र भारत सीमाना-उत्तर पर्ने पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराई/मधेश क्षेत्र पर्दछ । तराई क्षेत्र चितवन, नवलपरासी र दाङको कोइलावासमा काटिन्छन् र भित्री मधेश बाँकी बस्तछ । जमिनको हिसावले एक चौथाई मात्र भए पनि उब्जाउ, यातायातको सुविधा, सहरी विकास, उद्योगधन्दा आदिका कारण अहिले नेपालकै आधी जनसंख्या तराई क्षेत्रमा बसोबास गर्दछन् । "नेपालको धन हरियो वन" भनिने "चारकोसे झाडी" यही क्षेत्रमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको थियो । यहाँ जंगली जिवजन्तुहरू प्रसस्तै पाइन्थे र शिकार खेल्नका लागि प्रसिद्ध थियो ।

हावापानी र उब्जाउका हिसावले पूर्वी तराई बढी महत्वको भएकोले जनघनत्व पनि यही बढीछ । पश्चिम तराई उब्जाउका हिसाबले कमजोर (पूर्वी तराईको तुलनामा) भएको यहाँको जनघनत्व पनि अलि पातलै रहेकोछ । तर, जे भए पनि देशको अर्थतंत्रमा अहम् महत्वको स्थान ओगटेको क्षेत्र तराई/मधेस नै हो भन्ने कुरामा दुइमत छैन ।

**२) काठमाडौंको अघोषित उपनिवेश तराईक्षेत्र :-**

● तराई क्षेत्र मुलेकको अर्थतन्त्रमा अहम् महत्वको हुँदा हुँदै पनि खस जाति (पहाडका बाहुन, क्षेत्री, ठकुरी) नेपाली राट्रियताको "ध्वजावाहक" बनेकाले राज्यको शक्ति सञ्चालन गर्ने तिनका आँखामा तराई जात समुहको वफादारितामा सँधै प्रश्नचिन्ह लाग्यो । तराईलाई नेपाल राज्यको अघोषित उपनिवेशका रूपमा लिइयो (शर्मा, २००८) । तराईमा उत्पादन भएको अन्न र त्यहाँका औद्योगिक बस्तुहरू काठमाण्डौंमा बस्ने केन्द्रीय राज्यसत्ताका नाईकेहरू र तिनका आसपासेहरूले उपयोग गर्दै आइहेका छन् । त्यसैले तराईले त्यति धेरै आर्थिक उपार्जन गरेर पनि आजसम्म तराई क्षेत्रको समग्र विकास हुन सकिरहेको छैन (भट्टराई, २०५५ : २४७) ।

**तालिका नं. १**

राष्ट्रिय स्तरको प्रशासकहरुको क्षेत्रीय तथा जातीय विभाजन

| क्षेत्रीय र जातीय समुह | १८५४ | | १०५० | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पहाडी र मधेशी ब्रह्मण | ३१ | ४०.३ | १९ | ३८.० |
| पहाडी क्षत्री र राजपुत (मधेशी) | २२ | २८.६ | ५ | १०.० |
| नेवार | २२ | २८.६ | २६ | ५२.० |
| पहाडी जनजाति | - | - | - | - |
| पहाडी अछुत | - | - | - | - |
| मधेशी जात हिन्दु (बाहुन र राजपुत वाहेक) र मुसलमान | २ | २.६ | | |
| तराईका जनजाति | | | | |
| जम्मा | ७७ | १००.० | ५० | १००.० |

तराईको जंगल फडानी नहुँदासम्म औपनिवेशिकरण सम्भव थिएन । तसर्थ सन् १७९६ मा राजा रण बहादुरले पहाडका जनतालाई तराईमा बसोबास गराउने योजना सुरु गरे । तर त्यो त्यति सफल हुन नसकेकोले उनले १७९८ मा भारतीयहरूलाई आकर्षित गर्ने कार्यक्रम अघि सारे । यस कार्यक्रम अनुसार ती भारतीय ठेकेदारले निस्चित जनसंख्या बसोबास गराएवापत आफ्नै नाममा जग्गा राख्न पाउने व्यवस्था गरिएको थियो । वेलायतसँगको युद्धपछि (सन् १८१४-१६) यो कार्यक्रम स्थगन गरियो र सन् १८४६ मा राणा शासनको उदय भएपछि यो कार्यक्रमलाई पुनः ब्युताईयो । त्यसपछिको शताब्दीमा तराईमा आवादी द्रुतगतिमा वृद्धि भयो । यसका संबाहक निजी उद्यमीहरू थिए । (वाइलि समेत, २०११,पृ. १०६)।

● गोर्खाका ठकुरी पृथ्वी नारायण शाहको राज्य विस्तार अभियानबाट (सन् १७४३-१७७५) नेपालमा सामन्तवाद केन्द्रिकृत हुन पुग्यो । उनका उत्तराधिकारीहरूले उनको अभियानलाई सन् १८१४ सम्म निरन्तरता दिए । नवस्थापित सामन्ती गोर्खा राज्य (विस्तार सहितको), जसलाई पछि नेपाल भनियो, खस जातीय अधिपत्यको राज्य थियो (नेउपाने, २००१ :९८)। यो राज्य यसको आरम्भकालदेखि नै "नेपाललाई असली हिन्दुस्थान" बनाउने काममा सम्पूर्णरूपले लागेको थियो । हिन्दु राज्यलाई बलियो बनाउन सैनिक शक्तिलाई मजबुद बनाउन आवश्यक थियो र त्यसका लागि त्यस बखत राज्यस्व अशुली नै प्रमुख कुरो थियो । बढी राज्यस्व असुलीका लागि तराई । मधेश क्षेत्रको श्रोत र साधनमाथि नियन्त्रण गर्नु पर्दथ्यो । तसर्थ केन्दीय राज्यसत्ताको स्थापनासँगै राज्यको सम्पूर्ण जमिनको स्वामित्व राज्यको हातमा अर्थात राज्यको हालीमुहालीकर्ताको रूपमा राजाको "नृपति चः भूपति" हातमा रहने अवधारणा विकास गरियो । यसरी राज्य जमिन्दारी ९क्तबतभ बिलमयिचमष्क० प्रथा कायम गरी (रेग्मी,१९७७ : १६) सत्ता र शक्तिका लागि आफ्ना मानिस र समर्थकहरूलाई जमिन वितरण गरियो । शाह र राणा खलकले तराईलाई आफ्नै उपनिवेश झै व्यवहार गरे । राजाले १८६२ र६४ मा प्रधानमंत्री जंग बहादुर र निजको परिवारको नाममा सुदुर पश्चिम तराईका बाँके, वर्दिया, कैलाली, कञ्चनपुर जिल्लाहरू औपचारिक प्रयास विर्ता वकस जारी गरेका थिए (वाइली समेत, ऐ.ऐ.पृ. १०६)। प्रथम विश्वयुद्ध पछि राणा शासकले पहाडी जनतालाई तराईमा बसाई सार्ने औपचारिक प्रयास "राप्ती उपत्यका योजना (१९२३)बाट सुरु गरे । बसोबासको प्रकृयामा सैनिक अधिकारीहरूलाई मुख्य भूमिका दिएको हुनाले उनीहरूले आ-आफ्नो क्षेत्रमा नियन्त्रण गर्न र फाइदा लिने काम गरे । पहाडका भूमिहिन किसानलाई पनि विस्तारै समावेश गरियो । उनीहरूलाई ऋणको सुविधा दिइयो। अमलेख गरिएका कमाराकमारीहरूलाई पनि उल्लेख्य क्षेत्रफलमा बसोबास गराईयो (१९२४)। तर तराइका आदिवासी थारु र धिमालको उपस्थिति र अधिकारलाई निरन्तर रूपमा कुठाराघात गरियो । फलस्वरूप थारु र धिमालको जमिन सुरुमा (१८ र १९ औं शताब्दी) भारतीय आप्रवासी आर्यलाई र पछि २० औं शताब्दी र विशेष गरी सन् १९५० पछि बसाई सरी आएका पहाडी जनताले हडप्ने काम गरे । समय क्रममा यी आदिवासीहरू कमैयामा परिणत भई धनी आप्रवासीका कमारा हुन पुगे (वाइली समेत,ऐ.पृ. १०६)। विर्ता, जागिर, गुठी, आदिका नाममा

**तालिका नं. २**

बरिष्ट आर्मी अफिसरहरुको जात विभाजन (१९६७)

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | १३७ | ७४.० |
| पहाडी बाहुन | १२ | ६.५ |
| नेवार | १२ | ६.५ |
| गुरुङ | १२ | ६.५ |
| सन्यासी (गिरी) | २ | १.१ |
| राई | २ | १.१ |
| तामाङ | २ | १.१ |
| मगर | १ | ०.५ |
| कायस्थ | १ | ०.५ |
| अन्य | ४ | २.२ |
| जम्मा | १८५ | १००.० |

श्रोत ता.नं. १ र २ गेज (१९७५ :१६६-१६७)।

तराईका खेतीयोग्य जमिन राजदवार, दरवार-सचिवालयका पदाधिकारीहरू र तिनका नातेदारहरू, सैनिक अधिकृतहरू, सरकारी उच्चपदस्थ ब्यक्तिहरू र पुजारीहरूमा वितरण गरी खस-शासक जातिका उच्च वर्गको राजनीतिक, सैनिक, आर्थिक, एवं प्रशासनिक जग मजबुत बनाउने काम गरियो । राज्यबाट नियुक्त अधिकारीहरू शक्तिशाली हुनाले स्थानीय समुदायको केही पनि निर्णय चल्दैनथ्यो । तर स्थानीयको पनि साथसहयोग चाहिँने हुँदा केही धनी ब्यक्तिहरू र लेखपढ जान्ने ब्यक्तिहरूलाई प्रशासनको तल्लो तहको जागिरेसम्म बनाउँदथे (बस्नेत, २०७२)।

● नेपालमा राणा शासनकाललाई सामन्तवादको चरमोत्कर्ष मानिन्छ । यही कालमा विर्ता, गुठी र जागिरका नाममा राणापरिवार, राजपरिवार, पुरोहित, जंगी तथा निजामतिका उच्च पदस्थहरूलाई तराईमा अत्याधिक जमिन वितरण गरियो । खासगरी वीर समसेर र चन्द्र समसेरको पालामा तराईका जमिन राजपरिवार, राणापरिवार र उनका नातागोताका बीच अपूर्व वितरण गरिएको थियो । तसर्थ इतिहासकार बालचन्द्र शर्माको यो भनाई मननयोग्य छ कि, "तराईको अधिकांश भूमि प्राइम-मिनिस्टरका वंशजहरूको विर्ताकै रूपमा छ। यस प्रकार कम से कम ६० प्रतिशत तराईकोउब्जाउ भूमि ४०-५० ब्यक्तिको निजी आम्दानीको क्षेत्र भएको छ । लगभग १० प्रतिशत भूमि राजपरिवारका समर्थक गुरु-पुरोहितहरूको विर्ता छ । शेष ३० प्रतिशत भूमि ठूला जमिन्दार र साधरण रैकर खेतीवालामा विभक्तछ" (वि.सं.२००८ :१२)।

● सन् १९५९ मा विर्ता उन्मुलनको घोषणा हुनु अघिसम्म नेपालको कुल भूमिको ३६.३ प्रतिशत जमिन (अर्थात ७००,००० हेक्टर) विर्ता अन्तर्गत रहेको थियो ।

● गुठी ब्यवस्था सामन्तवादकै एउटा अंग हो । राजा र राणाहरूले विरतण गरेको जमिन पहाडमा ५,६२,००० रोपनी र तराईमा ६६,३५० विघा रहेको (गुठी संस्थान, २०६५)।

● तराईमा औलो उन्मूलन कार्यक्रम लागू हुन (सन् १९५८) अघि पहाडका मानिसको तराई/मधेशको देहात र जंगलतिर बस्ने पस्ने चासो रहेको थिएन। त्यसैले तराईको जमिनबाट त्यहाँको जंगल बढी भन्दा बढी फडानी गर्दै काठ भारत निकासी गर्न र जंगल फडानी भएको ठाउँहरूमा खेती गर्न सीमानापारी भारतबाटै धेरै मानिसलाई भित्र्याएको थियो । विशेषगरी १९ औं शताब्दीको अन्त्यतिर तराईको नजिकै सीमापारी भारतमा रेलहेड आएकोले नेपालको काठ र कृषि पैदावारको निर्यात एकासी बढ्नु पुगेको थियो (गेज, १९७५ :६१-६२)। भारतीय ठेकेदारहरूलाई पहिले, तराईको काठ काट्ने र भारत निकासी गर्ने काम लगाए र पछाडि, तराईको (फडानी भैसकेको) जमिनबाट बढी राजस्व उठाउन भारतीय जमिनदारहरूलाई यहाँ बस्ती बसाउन प्रोत्साहित गरे । त्यसबखत पहाडीहरू गर्मी, औलो र अन्य कारणले तराईमा बस्न नरुचाउने तर उत्तरी भारतमा जमिनको अभाव थियो । त्यसैले १८९०-१९३०मा तराईमा भारतीयहरूको ठूलो संख्यामा बस्ती बसेको थियो (गेज,१९६५ :२५-२६)। भारतीय ब्यापारीहरूले सीमावारी प्रवेश गरेर नेपालका किसानहरूलाई विभिन्न तरिकाले शोषण गर्ने प्रकृया पनि अघि बढायो ।

शाह राजाहरू र राणाहरूले आफ्ना भाइभारदारहरूलाई वितरण गरेको जमिनको आम्दानीबाट उनीहरू त मालामाल भए तर त्यसको ज्यादै नकरात्मक असर तराईका/मधेशका आदिवासी थारु र दलित समुदायमाथि पर्‍यो । जगत बस्नेतले फादर स्टीलरको यो भनाई उद्दृत गरेका छन् कि "थारुहरू तराई-मधेशका सबभन्दा बढी शोषितभित्र पर्दछन् जसले तराई-मधेशको जंगललाई कृषियोग्य भूमि बनाए तर पछि राज्यले विर्ता र जागिरको नाममा राज्यका नातेदारहरूलाई र जागिरदारहरूलाई बक्सिस दियो । थारुहरू र तराई-मधेशका दलितहरू पहाड र तराईका उच्च जातका समुदायसँग जमिनका लागि प्रतिस्पर्धा गर्न नसक्दा उनीहरू जंगलतिर धकेलिदै गए" (२०७२)। यसरी मुलुकलाई नै राज्य जमिनदारी ९क्तबतभ बिलमयिचमष्क० कायम गरी त्यसबाट राजपरिवार,राणापरिवार प्रशासक, सेनापति, पुरोहित, गुठी, जागिर, आदिका नाममा खेतीयोग्य जमिनको ठूलो हिस्सा थोरै परिवारको हातमा केन्द्रित गरियो भने साधरण जनता, पराजित जनजातिहरू र शुद्रहरू गरिबीमा धकेलिए (प्रश्रित, १९९६) । यसको परिणाम के भयो भने सन् १८५४ र सन् १९५०मा राज्यको प्रशासनको उच्चतहमा कुनै पनि जनजाति (हिन्दु उच्च जातका नेवार बाहेक), मधेसी (उच्चजातका बाहेक) र अछुतहरू पुग्न सकेनन् ।

तालिका नं. २

उक्त तालिकाहरूले अढाईसयबर्षदेखिको खस सामन्ती राज्यसत्ताको एकात्मक शासकीय चरित्रको कारण खस-ईतरका जाति-समुदायहरूले अघोषित उपनिवेशिकरणको मार खप्नु पर्‍यो भन्ने देखाउँदछ (ल्वाँकी १९८०:२५, रेग्मी १९८७:२७)।

**३) सन् १९५० पछि : निरन्तरता तर नयाँ रूपमा !**

● सन् १९५४मा अमेरिकी सरकारको सहयोगमा राप्ती भ्याली विकास आयोजना लागु गरियो । उक्त आयोजनाको २५,००० मानिसलाई ५०,००० विघा जमिन वितरण गर्ने लक्ष थियो । त्यसैबखत समानान्तर रूपमा औलो उन्मूलन कार्यक्रम पनि सञ्चालन गरियो । त्यो योजना एक दशक सम्म कार्यन्वयनमा रह्यो । वृटिश, इडियन र नेपालको रिटायर्ड आर्मी, राजनीतिक पीडित, बाढि पीडित, आदिको नाममा जमिन वितरण गरियो तर वास्तविक तराईका जोताहाले पाएनन् ।

● राजा महेन्द्रले तराईमा गाउँ/बस्ती छलेर पूर्व-पश्चिम राजमार्ग बनाए । त्यसो गर्नुको उदेश्य के थियो भने राजमार्गको नाममा ब्यापक जंगल फडानी गर्ने र राजमार्गको वरपर बस्ती बसाउने । औलो उन्मूलन कार्यक्रमले समेत पहाडीहरूलाई तराईमा बस्ती बस्न प्रोत्साहित गरेको थियो ।

● सन् १९६४मा नेपाल पुनर्वास कम्पनीको स्थापना गरियो । उक्तकम्पनीले १९६४देखि १९८० सम्म १३१३३ परिवारलाई ३४,०३१ विघा जमिन वितरण गऱ्यो । त्यसै क्रममा केवल १५०४ भूमिहीन आप्रवासी (सुकुम्वासी)लाई नवलपुर पुनर्वास योजना अन्तरगतको ३२००हे. जमिनमा बसोवास गराईयो । ८ वटा अञ्चलस्तरीय पुनर्वास कार्यलयहरूको सुपारिवेक्षको लागि सन् १९६८ मा "पुनर्वास विभाग"को स्थापना भयो । यी प्रवासहरूबाट ३७ हजार अतिक्रमण गरी बसेका व्यक्तिहरूलाई व्यवस्थितरूपमा बसोबास गराउने काम गरी उनीहरूलाई दर्ता गराउने काम पनि गरियो । (वाइली समेत ऐ.ऐ.पृ.१०७)। सन् १९७८मा तराईका २० जिल्ला प्रत्येकमा कम्तिमा १० हजार भूमिहीन र स्वतः सम्पूत आप्रवासी घरपरिवार थिए। उक्त जमिन पहाडका राजसत्तामा पहुँच भएका र तिनका वरपरकाहरूले मात्र पाए । त्यो कार्यक्रमबाट मुख्यतः थारुहरू र सुकुम्वासीहरू बन्चित भए (बस्नेत,२०१५भरत पोखरेल, २००४:१५७)।

**तालिका नं. ३**

क्षेत्रगत जनसंख्या परिवर्तन

| पर्यवरणीय क्षेत्र | सन् १९७१ (प्रतिशत)मा | सन् २०११ (प्रतिशतमा) |
|---|---|---|
| हिमाल | ९.९ | ६.७ |
| पहाड | ५२.५ | ४३.० |
| तराई | ३७.६ | ५०.३ |
| जम्मा | १००.० | १००.० |

● राजा महेन्द्रले सन् १६६४ मा भूमिसुधार लागु गरे । त्यस कार्यक्रमबाट तराई/मधेश ६,२३,६२१ मोहीमध्य २६४,६३१ किसानले मात्र मोहीयानी हक पाए। बाँकीसँग नागरिकता थिएन।

● राजा वीरेन्द्रले २०३७ सालमा गराएको जनमत संग्रहमा सुधारिएको पञ्चायतलाई विताउन तराईको जंगल ब्यापक फडानी गरिएको थियो ।

● सन् १९५२/५४मा तराई-मधेशमा जनसंख्या २९.० प्रतिशत रहेको थियो भने सन् १९७१मा ३८.० प्रतिशत र २०११ मा ५०.३ प्रतिशत पुगेको देखिन्छ । १९६०को औलो उन्मूलन पछि तराईमा पूर्व-पश्चिम राजमार्ग, पहाडीलाई पुनर्वास, झोडा फडानी, राप्ती भ्याली आयोजना, उद्योग धन्दा क्षेत्रहरू खुलेको, बहुमुखी क्याम्पसहरू प्राविधिक शिक्षा, सहरी विकास, रोजगारी आदिका कारण पहाडबाट सन् १९६०-१९८०मा ठूलो संख्यामा तराई झरेको देखिन्छ भने सोही अवधीमा भारतबाट पनि रोजगारीकै खोजिमा आप्रवाशन गरेको देखिन्छ ।

● पहाडबाट झरेको जनसंख्याको प्रभावले तराईको मध्यभाग भन्दाउत्तरतर्फको भूमिमा बस्ने आदिवासीहरूमाथि ठूलो मार गऱ्यो । त्यहाँका आदिवासी जनजातिहरू राजनीतिक र आर्थिक दवावमा परे । मध्यभाग भन्दा दक्षिणतर्फ जहाँ पहाडी वाहुन, क्षेत्रीको नेतृत्व हुन नसक्ने स्थानतिर भने त्यहाँका आदिवासी र भारतबाट ल्याइएका जमिन्दारहरूबाट स्थानीय नेतृत्व गराइएको थियो (गेज, १९७६)।

**४)पञ्चायत पछि : बोतल नयाँ रक्सी पुरानै/**

पञ्चायतको राजनीति जमिनदारकै नेतृत्वमा चलेको थियो भने कर्मचारी, सेना र अदालतको नेतृत्व पनि जमिनदार वर्गबाटै आएका एलिटहरूले चलाएका थिए । तसर्थ नै जमिनदार, राजनीति र नोकरशाहीतंत्र वीचको शक्ति-सम्बन्ध तराईको आदिवासी, गरिब किसान र दलित समुदायलाई नारिकता समेतबाट बन्चित गरी प्रहरी-प्रशासन, सरकारी सेवा र राजनीति आफ्नो पकडमा राख्न सफल भयो । भूमि अधिकार माग्ने र नागरिकता माग्नेहरूलाई पञ्चायत विरोधीको आरोप लगाइयो । अनि पञ्चायतको विरोध गर्ने कांग्रेस र कम्युनिष्टहरूले प्रजातंत्र आए पछि भूमि सुधार हुन्छ भन्ने नारा लगाएको थियो । तर १९९० को जनआन्दोलनपछिको प्रजातंत्रमा त तिनै जमिनदारहरू पो कांग्रेस र कम्युनिष्ट रातारात छिरे जसको कारण तराई-मधेशको आर्थिक शक्ति संरचनामा कुनै परिवर्तन हुन सकेन (बस्नेत,२०१५)। सन् १९९०मा पञ्चायत हटेर पुनस्थापित वहुदलीय ब्यवस्थाले गरेको आम निर्वाचनमा संसदमा ९५ प्रतिशत सांसदहरू जमिनदारवर्गकै अभिजातहरू ९भष्तिभक० नै पुगेका थिए जस्को कारण भूमि सुधार हुन सकेन, बरु परम्परागत जमिनदार-किसान सम्बन्ध नै कायम रह्यो (जोशी समेत, २००७)। त्यसको एउटा उदाहरण : "तत्कालीन शेर बहादुर देवाको सरकारले तराईमा ११ विघाको हदवन्धी तोकेको भूमिसुधार कार्यक्रम घोषणा गरेको थियो । तर लागु हुन सकेन । किनभने आफ्नै सरकारको मधेसी मन्त्रीहरू समेतका सांसदहरूबाट ठूलो विरोध भयो । एकजना संसदले (सुरेन्द्र चौधरी) संसदमा यस्तो भने

तालिका नं. ४

**तराई/मधेशमा पहाडे जनसंख्या**

| भषा समुह | १९५२।५४ | प्रतिशत | १९९१ | प्रतिशत | २०११ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १) तराई/मधेशमा जनसंख्या | २,३८८,३५५ | १०० | ७,९१७,१७७ | १०० | १३,३१८,७०५ | १०० |
| २) पहाडे जनसंख्या | १३९,७३० | ५.९ | २,५१४,२०४ | ३१.७ | ४५,८८,२१०.१ | ३४.२ |
| क) भारोपेली | ९५,१५७ | ४.० | २,०७८,०६८ | २६.२ | ३५९५,९७६ | २७.६ |
| ख) भोट बर्मेली भाषी | ४४,५७३ | १.९ | ४३६,१३६ | ५.५ | ८,९२,२३४ | ६.६ |
| | | | | | | |

श्रोत : हर्क गुरुङ (२००४ : १३५) जनजाति सेरोफेरो (१९५२/५४ र १९९१) र ने.त.वि. २०११ बाट ।

"यदी सरकारले भूमि सुधार लागु गर्ने हो भने मैले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको जमिन्दारहरूको सेना संगठित गरेर कडा प्रतिवाद गर्नेछु" (पौडेल, २०७२ : ४७६)।

● जमिन माथिको सामन्ती सम्बन्ध खत्तम गर्ने नारा सहित माओवादी जनयुद्ध (१९९६-२००६) सञ्चालित भयो । तर ऐतिहासिक जनआन्दोलन (२००६) पछि सरकारको नेतृत्व गरेको प्रचण्डले मधेशवादी संसदहरूको विरोधको कारण भूमिसुधार कार्यक्रम संसदमा छलफलका लागि टेबल समेत गर्न सकेन ।

**तालिका नं. ५**

आफ्नो र मोही जोतको विवरण (प्रतिशतमा)

| क्षेत्र (१) | जिल्ला (२) | आफ्नो मात्र जोत्ने (३) | लगान र आफ्नो जोतने (४) | लगान मात्र जोतने (भूमि नभएको) (५) | भूमिहीन (नजोत्ने) (६) | जम्मा भूमिहीन परिवार (५+६) |
|---|---|---|---|---|---|---|
| पूर्वी तराई ग्रामिण क्षेत्र | झापा | ६१ | २२ | ९ | १७ | २६ |
| | मोरङ | ४५ | २७ | ९ | २८ | ३७ |
| | सुनसरी | ५१ | १४ | ५ | ३५ | ३९ |
| | सिरहा | ६२ | २३ | २ | १५ | १७ |
| | सप्तरी | ५४ | ३३ | ३ | १३ | १५ |
| मध्ये तराई ग्रामिण क्षेत्र | धनुषा | ७८ | ३१ | ६ | ११ | १७ |
| | महोत्तरी | ५४ | २८ | ११ | १८ | २९ |
| | सर्लाही | ६३ | १९ | ५ | १८ | २३ |
| | रौतहट | ५८ | १४ | ८ | २८ | ३६ |
| | बरा | ६१ | २२ | ३ | १७ | २० |
| | पर्सा | ५५ | २३ | १० | २२ | २३ |
| | चितवान | ७३ | २१ | १७ | ६ | २३ |
| पश्चिम तराई ग्रमिण क्षेत्र | नवलपरासी | ७० | १५ | ६ | १५ | २१ |
| | रुपन्देही | ६४ | २३ | १ | १३ | १४ |
| | कपिपलवस्तु | ६४ | ३० | २ | ६ | ८ |
| मध्य पश्चिम तराई ग्रामिण क्षेत्र | दाङ | ६६ | २१ | ० | १३ | १३ |
| | बाँके | ६२ | १३ | ६ | २५ | ३१ |
| | बर्दीया | ६४ | २९ | ३ | ७ | १० |
| सुदुर पश्चिम तराई ग्रा.क्षेत्र | कैलाली | ६० | ३२ | ३ | ८ | ११ |
| | कंचनपुर | ८३ | १५ | २ | २ | ४ |
| जम्मा | | ४५ | २३ | ५ | १६ | २१ |

श्रोत : NLSS-2011 (CBS)/Compiled by F. Sugden & G. Gurug (2012:47)

● राणा शासनको पछिल्लोकालमा ... बाँकी ७ पेजमा

# देशभक्ति र अन्तर्राष्ट्रवाद



माओत्सेतुङ

एकजना कम्युनिष्ट अन्तर्राष्ट्रवादी हुनाको साथसाथै देशभक्त पनि हुन सक्छ ? हाम्रो विचार के छ भने ऊ त्यस्तो हुनसक्ने मात्र होइन उसले त यस्तो हुनैपर्छ । देशभक्तको विशिष्ट सार ऐतिहासिक परिस्थितिहरूद्धारा निर्धारित हुन्छ । एकातिर जापानी आक्रमणकारीहरू र हिटलरको 'देशभक्ति' छ भने अर्कोतिर हाम्रो पनि देशभक्ति छ । कम्युनिष्टहरूले जापानी आक्रमणकारीहरू र हिटलरको राष्ट्रवादको डटेर विरोध गर्नैपर्छ । जापान र जर्मनीका कम्युनिष्टहरू तिनका आ-आफ्ना देशले छेडेका युद्धको सन्दर्भमा पराजयवादीहरू हुन् । जापानी आक्रमणकारीहरू र हिटलरलाई हरसम्भव उपायले पराजित गर्नु जापानी र जर्मनेली जनताको स्वार्थ अनुकूल कुरा हो, र यो पराजय जतिजति पूर्ण भयो त्यति नै राम्रो । जापानी र जर्मनेली कम्युनिष्टहरूले गर्नुपर्ने काम यही हो र उनीहरू यसै गर्दैछन् । यसो गर्नुपर्ने कारण के हो भने जापानी आक्रमणकारीहरू र हिटलरले छेडेका युद्धहरूले तिनका आफ्नै देशका जनता र विश्वका जनतालाई हानी-नोक्सानी गरिरहेका छन् । चीनको कुरा भने बेग्लै छ, किनभने चीन आक्रमणको शिकार भएको छ । त्यसैले चिनियाँ कम्युनिष्टहरूले देशभक्तिलाई अन्तर्राष्ट्रवादसँग गाँस्नैपर्छ । हामी एकसाथ अन्तर्राष्ट्रवादी र देशभक्त हौं, अनि हाम्रो नारा यस्तो छ, 'मातृभूमिको रक्षा गर्न आक्रमणकारीहरूसँग लड ।' हाम्रो निम्ति पराजयवाद एउटा अपराध हो र प्रतिरोध युद्धमा विजय प्राप्त गर्न लड्नु अनिवार्य कर्तव्य हो किनभने मातृभूमिको रक्षा गर्नको निम्ति लडेर मात्रै हामी आक्रमणकारीहरूलाई पराजित गर्न र राष्ट्रिय मुक्ति हासिल गर्न सक्छौं । अनि राष्ट्रिय मुक्ति हासिल गरेर मात्र सर्वहारावर्ग र अरू श्रमिक जनताको निम्ति आफ्नो मुक्ति हासिल गर्न सम्भव हुनेछ । चीनको विजय र आक्रमणकारी साम्राज्यवादीहरूको पराजयले अरू देशका जनतालाई मद्दत गर्नेछ । यसप्रकार, राष्ट्रिय मुक्ति युद्धहरूमा प्रकट हुने देशभक्ति अन्तर्राष्ट्रवाद कै एउटा व्यावहारिक रूप हो । यसैले, कम्युनिष्टहरूले पूर्णरूपले सक्रिय हुनुपर्छ, राष्ट्रिय मुक्ति युद्धको युद्ध मोर्चातर्फ बहादुरी र दृढतासाथ अघिबढ्नुपर्छ र जापानी आक्रमणकारीहरूतिर आफ्ना बन्दूक सोझ्याउनुपर्छ । यही कारणले गर्दा १८ सेप्टेम्बर १९३१ को घटनाको लगत्तैपछि हाम्रो पार्टीले राष्ट्रिय प्रतिरक्षा युद्धद्वारा जापानी आक्रमणकारीहरूको प्रतिरोध गर्नको निम्ति आव्हान गऱ्यो, अनि पछि जापान विरोधी राष्ट्रिय संयुक्त मोर्चाको प्रस्ताव अघि साऱ्यो, लालसेनालाई जापान विरोधी राष्ट्रिय क्रान्तिकारी सेनाको रूपमा पुर्नगठित हुन र अग्रिम मोर्चातर्फ लम्कन आदेश दियो र पार्टी सदस्यहरूलाई युद्धको, अग्रिम मोर्चामा उभिन र अन्तिम थोपा रगत छउञ्जेल मातृभूमिको रक्षा गर्ने निर्देशन दियो । यी असल देशभक्तिपूर्ण कामकारवाहीहरू हुन, र यी कारवाहीहरू अन्तर्राष्ट्रवादको विरुद्ध हुनु त के कुरा ? बरु यी त चीनमा अन्तर्राष्ट्रवादकै कार्यरूप हुन् राजनैतिक दृष्टिले गोब्रेबुद्धि भएकाहरूले वा कुनियता भएकाहरूले मात्रै हामीले गल्ती गऱ्यौं र अन्राष्ट्रवादलाई त्याग्यौं भनेर पुङ न पुच्छरका कुरा गर्छन् ।

**कम्युनिष्टहरूले राष्ट्रिय युद्धमा आदर्श नमूना बन्नुपर्छ**

माथि बताइएका कारणहरूले गर्दा, कम्युनिष्टहरूले राष्ट्रिय युद्धमा उच्चस्तरको पहलकदमीको प्रदर्शन गर्नुपर्छ र यसलाई ठोसरूपले अभिव्यक्त गर्नुपर्छ अर्थात् हरेकक्षेत्रमा तिनले अनुकरणीय अग्रगामी भूमिका खेल्नुपर्छ । हाम्रो युद्ध प्रतिकूल परिस्थितिहरूमा चलाइँदैछ । व्यापक जनसमुह माझ राष्ट्रिय चेतना, राष्ट्रिय आत्मसम्मान र राष्ट्रिय आत्मविश्वासको पर्याप्त विकाश भएको छैन, बहुसङ्ख्यक जनता असङ्गठित अवस्थामा छन्, चीनको सैन्यशक्ति कमजोर छ, अर्थव्यवस्था पछौटे छ, राजनैतिक व्यवस्था अप्रजातान्त्रिक छ, भ्रष्टचार र निराशावाद विद्यमान छ, र संयुक्त मोर्चाभित्र एकता र सुदृढताको अभाव फेला पर्छ, प्रतिकूल परिस्थितिहरू यिनै हुन् । त्यसकारण, कम्युनिष्टहरूले यस्ता सबै अवाञ्छित् कुराहरूको अन्त्य गर्ने ध्येयले सिङ्गै राष्ट्रलाई एकताबद्ध पार्ने महान् जिम्मेवारी सचेतरूपले बहन गर्नुपर्छ । यस काममा कम्युनिष्टहरूको अनुकरणीय अग्रगामी भूमिकाको अति ठुलो महत्व रहन्छ । आठौं मार्ग सेना र नौलो चौथो सेनाका कम्युनिष्टहरूले बहादुरीसाथ लड्ने, आदेशहरू पालन गर्ने, अनुशासन पालन गर्ने राजनैतिक काम गर्ने र आन्तरिक एकता र सुदृढतालाई हुर्काउने बढाउने काममा आदर्श नमूना बन्नुपर्छ । मित्र पार्टीहरू र सेनाहरूसँगको सम्बन्धको हकमा कम्युनिष्टहरूले जापानको प्रतिरोध गर्नेएकताको दरिलो अडान लिनुपर्छ, संयुक्त मोर्चाको कार्यक्रम दृढतासाथ लागू गर्नुपर्छ र प्रतिरोध गर्ने अभिभाराहरू पूरा गर्ने काममा आदर्श नमूना बन्नुपर्छ, तिनले बचनमा सच्चा र कर्ममा दृढ हुनुपर्छ, अहंकारबाट मुक्त हुनुपर्छ र मित्र पार्टीहरू तथा सेनाहरूको रायसल्लाह लिने तथा सहयोग गर्ने कुरामा खुला दिलले काम गर्नुपर्छ र संयुक्त मोर्चाभित्रका अन्तरपार्टी सम्बन्धहरूमा तिनले नमूना बन्नुपर्छ । सरकारी काममा लागेका रहेक कम्युनिष्टहरूले पूर्ण इमान्दारिता, कर्मचारीको नियुक्तिमा कृपावादबाट मुक्त भावना र थोरै पारिश्रमिकमा कठिन काम गर्ने तत्परता देखाउनमा आदर्श नमूना बन्नुपर्छ, जनसमूहको माझमा काम गर्ने हरेक कम्युनिष्टले तिनको मित्र बन्नुपर्छ, तिनमाथि हुकुम चलाउने हाकिम होइन, कहिल्यै नथाक्ने गुरु बन्नुपर्छ, नोकरशाही राजनीतिज्ञ होइन । कुनै बेला र कुनै परिस्थितिमा पनि कम्युनिष्टले आफ्नो व्यक्तिगत स्वार्थलाई पहिलो स्थान दिनुहदैन, उसले आफ्नो स्वार्थलाई राष्ट्र र जनसमूहको स्वार्थको मातहातमा राख्नुपर्छ । तसर्थ, स्वार्थीपन, ढिलासुस्ती, भ्रष्टचार, नामको भोक इत्यादि अति घिनलाग्दा प्रवृत्ति हुन् भन्ने निःस्वार्थीपन, आफ्नो भएभर्को बुताले काम गर्ने भावना, सार्वजनिक कर्तव्यप्रति तनमनले लागिपर्ने र चुपचाप सँग कठिन काम गर्ने भावना आदर गर्न लायक हुनेछन् । कम्युनिष्टहरूले पार्टी बाहिरका सबै प्रगतिशील मानिसहरूसँग मेलमिलापसाथ काम गर्नुपर्छ र जुनसुकै आवञ्छनीय कुराहरूलाई हटाउनको निम्ति समस्त जनतासँग एकजुट हुने कोशिस गर्नुपर्छ । कम्युनिष्टहरू राष्ट्रको जनसङ्ख्याको एउटा सानो भागमात्र हुन् र पार्टी बाहिर प्रगतिशील तथा सक्रिय मानिसहरूको सङ्ख्या ज्यादै धेरै छ र तिनीहरूसँग हामीले मिलेर काम गर्नुपर्छ भन्ने कुरा बुझ्नुपर्छ । हामी मात्रै असल हौं र अरू सबै खराब हुन् भन्ठान्नु एकदमै गलत कुरा हो । जहाँ सम्म राजनैतिक दृष्टिले पछि परेका मानिसहरूको प्रश्न छ, कम्युनिष्टहरूले तिनलाई उपेक्षा वा हेला गर्नु हुँदैन, तर तिनीहरूसँग मितेरी गाँस्नुपर्छ, एकताबद्ध हुनुपर्छ, तिनको चित्त बुझाउनुपर्छ र तिनलाई अघि बढ्ने हौसला दिनुपर्छ । आफ्नो काममा गल्ती गर्ने कुनै पनि मानिस सुधार्नै नसकिने स्थितिमा नपुगुञ्जेलसम्म उसप्रतिको कम्युनिष्टहरूको दृष्टिकोण उसलाई निष्काशन गर्ने नभइकन उसलाई फेरिन र नौलो जीवनको थालनी गर्न मद्दत गर्ने हिसाबले उसलाई सम्झाउने-बुझाउने खालको हुनुपर्छ । कम्युनिष्टहरूले व्यावहारिकता र दूरदर्शिताको आदर्श नमूना बन्नुपर्छ । किनभने तिनले व्यावहारिक भएर मात्रै आफ्नो तोकिएको अभिभारा पूरा गर्न सक्छन् र दूरदर्शिताले मात्रै तिनलाई आफ्नो अघि लम्काइमा बाटो बिराउने कुराबाट जोगाउँछ । त्यसकारण, कम्युनिष्टहरूले अध्ययनको क्षेत्रमा एउटा आदर्श नमूना बन्नुपर्छ, तिनले सधैं नै जनसमूहबाट सिक्नुपर्छ र तिनलाई सिकाउनुपर्छ । जनताबाट, वास्तविक परिस्थितिहरूबाट र मित्र पार्टीहरू सेनाहरूबाट सिकेर मात्रै र तिनलाई राम्ररी चिनेर मात्रै हामी आफ्नो काममा व्यवहारिह र भविष्यको बारेमा दूरदर्शी हुन सक्छौं । कम्युनिष्टहरूले मित्र पार्टीहरू र सेनाहरू तथा व्यापक जनसमूहमध्येका अघिबढेका तत्वहरूसँग मिलेर आफ्नो सामर्थ्यको अत्युत्तम उपयोग गर्दै अनुकरणीय अग्रगामी भूमिका खेलेको खण्डमा मात्र लामो समय र प्रतिकूल परिस्थितिको युद्धमा कठिनाइहरू हटाउन, शत्रुलाई पराजित गर्न र नौलो चीनको निर्माण गर्न सिङ्गै राष्ट्रको गतिशिल शक्तिको परिचालन गर्न सक्नेछन् ।

**सिङ्गै राष्ट्रलाई एकताबद्ध गर र त्यससित रहेका शत्रुका दलालहरूसँग लड**

कठिनाईमाथि विजय प्राप्त गर्ने, शत्रुलाई पराजित गर्ने र नौलो चिनको निर्माण गर्ने एकमात्र नीति जापान विरोधी राष्ट्रिय संयुक्त मोर्चालार्य सुदृढ पार्नु र विस्तार गर्नु तथा सिङ्गो राष्ट्रको गतिशील शक्तिलाई परिचालन गर्नु हो । तर हाम्रा राष्ट्रिय संयुक्त मोर्चाभित्र रहेका शत्रुका दलालजस्तै देशद्रोहीहरू, ट्राट्स्कीपन्थीहरू र जापानपन्थी तत्वहरूले फूट पार्ने भूमिका खेल्न थालिसकेका छन् । कम्युनिष्टहरूले सधैं नै यस्ता तत्वहरूमाथि आँखा लगाइराख्नुपर्छ, तिनलाई अपराधपूर्ण कार्यकलापहरूलाई तथ्य प्रमाणसाथ उदाङ्गो पार्नुपर्छ र जनतालाई तिनको जालमा नफस्न सजग गराउनुपर्छ । कम्युनिष्टहरूले यी शत्रुका दलालहरूप्रति राजनैतिक सतर्कता बढाउनुपर्छ । राष्ट्रिय संयुक्त मोर्चाको सुदृढिकरण र विस्तार गर्ने काम शत्रुका दलालहरूलाई उदाङ्गो पार्ने र तिनलाई उखेलेर फाल्ने कामसँग अभिन्नरूपले गाँसिएको कुरा उनीहरूले बुझ्नैपर्छ । यीमध्ये एक पक्षमाथि मात्र ध्यान दिनु र अर्कोलाई बिर्सनु एकदमैं गल्ती हुनेछ ।

**विजय हासिल गर्नको निम्ति राष्ट्रका सारा शक्तिहरूलाई सञ्चालन गर (२५ अगस्ट १९३७)**

जुलाई ७ को लुकओचियाओको घटना जापानी साम्राज्यवादीहरूले चीनको विशाल पर्खालको दक्षिणी भागमा गरेको व्यापक आक्रमणको थालनी थियो । चिनियाँ पल्टनहरूले लुकओचियाओमा डटेर गरेको लडाई चीनको राष्ट्रव्यापी प्रतिरोध युद्धको थालनी थियो । जापानीहरूको अटुट आक्रमण, जनताको दृढ संघर्ष राष्ट्रिय पूँजीपति वर्गको प्रतिरोधतर्फको झुकाव, कम्युनिष्ट पार्टीद्धारा राष्ट्रिय संयुक्त मोर्चाको नीतिको जोडदार वकालत र दृढ कार्यान्वयन र यस नीतिले पाएको राष्ट्रव्यापी समर्थन यी सबै कुराले चिनियाँ अधिकारीहरूलाई उनीहरूले १९३१ को सेप्टेम्बर १८ को घटनादेखि अनुसरण गरेको अप्रतिरोधको नीतिलाई लुकओचियाओको घटनापछि प्रतिरोध नीतिमा बदल्न शुरु गर्न बाध्य गरेका छन् र चिनियाँ क्रान्तिलाई डिसेम्बर ९ को आन्दोलनपछिको अवस्था अर्थात् गृहयुद्ध समाप्त गर्ने र प्रतिरोधको तयारी गर्ने अवस्थाबाट वास्तविक प्रतिरोधको अवस्थामा विकसित गरेका छन् । सिआनको घटना र यसको केन्द्रीय कार्यकारिणी समितिको पूर्ण अधिवेशनबाट शुरु गर्दै कोमिनताङका नीतिमा गरिएका प्रारम्भिक परिवर्तनहरू जापानको प्रतिरोध गर्ने विषयमा श्री च्याङ्ग काई-शेकले १७ जुलाईको दिन लुशानमा दिएको वक्तव्य र राष्ट्रिय प्रतिरक्षासम्बन्धी उनका थुप्रै कदमहरू यी सबै कुरा तारीफ गर्न लायकका छन् । मोर्चामा रहेका स्थलसेना र वायुसेना वा स्थानीय सशस्त्र एकाईहरू सबैले सुच्याइँपूर्वक लड्दै चिनियाँ राष्ट्रको वीरतापूर्ण भावना प्रदर्शित गरेको छन् । चिनियाँ कम्युनिष्ट पार्टीले देशभरिका हाम्रा देशभक्त पल्टनहरू र बन्धुकहरूलाई राष्ट्रिय क्रान्तिको नाममा हार्दिक सलामी टक्र्याउँदछ ।

तर अर्कोतिर, कोमिनताङ अधिकारीहरू ७ जुलाईको लुकओचियाओको घटनापछि पनि उनीहरूले १८ सेप्टेम्बरको घटनादेखि अनुसरण गर्दै आएको सम्झौता गर्ने र सहुलियत दिने देशभक्त पल्टनहरूको उत्साहलाई कुण्ठिन पार्ने र देशभक्त जनताको राष्ट्रिय मुक्ति आन्दोलनलाई दबाउने उही गलत नीति नै लागू गर्दैछन् के कुरामा शङ्का छैन भने पैपिङ र थ्येनचिङमाथि कब्जा जमाएपछि आफ्नो क्रूर सैन्यशक्तिको भरोसा गर्दै र त्यसको साथसाथै जर्मनेली र इटालियाली साम्राज्यवादको समर्थन प्राप्त गर्दै तथा बेलायती साम्राज्यवादको ढुलमुलेपना र कोमिनताङको व्यापक जनसमूहबाट अलग्गिएको अवस्थाबाट फाइदा उठाउँदै व्यापकस्तरमा आक्रमणात्मक कारवाही गर्ने आफ्नो नीति अघि बढाउनेछ, पहिलेनै निर्धारित गरिएको आफ्नो युद्ध योजनाको दोस्रो वा तेस्रो कदम चाल्नेछ र सम्पूर्ण उत्तरी चीन र अरू इलाकामाथि भीषण आक्रमण गर्नेछ । चाहार शाङ्घाइमा युद्धका ज्वाला दन्किसकेका छन् । हाम्रो बचाउनको निम्ति, शक्तिशाली आक्रमणकारीहरूले आक्रमणको प्रतिरोध गर्नको निम्ति, उत्तरी चीन र समुद्री किनाराको रक्षा गर्नको निम्ति र पैपिङ, थ्येनचान र उत्तर पूर्वी चीनलाई फिर्ता लिनको निम्ति कोमिनताङ अधिकारीहरू र सारा जनताले उत्तरी चीन, पैपिङ र थ्येनचिनलाई गुमाउनु परेको कुराबाट पूरापूर शिक्षा लिनुपर्छ, अबिसिनियाको पतनबाट शिक्षा र चेतावनी लिनपर्छ, विगतकालमा सोभियत संघले आफ्नो विदेशी शक्तिहरूबाट प्राप्त गरेका विजयहरूबाट शिक्षा लिनुपर्छ । माड्रिडको सफलतामाथि रक्षा गर्नुमा स्पेनले सँगालेको हालको अनुभवबाट शिक्षा लिनुपर्छ र मातृभूमिको रक्षाको निम्ति अन्तिम घडीसम्म लडिरहन दृढतासाथ एकताबद्ध हुनुपर्छ । अब उप्रान्त हाम्रो अभिभारा यसप्रकारको छ- 'प्रतिरोध युद्धमा विजय हासिल गर्नको निम्ति राष्ट्रका सारा शक्तिहरूलाई सञ्चालन गर' र यो काम पुरा गर्नको निम्ति गाँठी कुरो कोमिनताङको नीतिमा पूर्ण र आमूल परिवर्तन गर्नु हो । प्रतिरोधको सवालमा कोमिनताङले अघि सारेको कदम सराहनीय छ, चिनियाँ कम्युनिष्ट पार्टी र सिङ्गै देशका जनताले वर्षौंदेखि आशा गरेको कुरा यही हो र हामी यसको स्वागत गर्छौं । तर जनसमूहको सञ्चालन गर्ने र राजनैतिक सुधारहरू गर्ने जस्ता विषयमा भने कोमिनताङले आफ्ना नीतिहरू फेरेको छैन । जापान विरोधी जनआन्दोलनमाथिको प्रतिबन्ध हटाउन वा सरकारी ढाँचामा आधारभूत परिवर्तन गर्न यो मुख्यरूपले अझै अनिच्छुक रहेका छ । जनताको रहन सहनमा सुधार गर्ने यससित अझै कुनै नीति छैन र कम्युनिष्ट पार्टीसित सरसहयोग गर्ने कुरामा यो अझै पर्याप्त मात्रामा इमान्दार छैन । हाम्रो राष्ट्रको निम्ति जीवन र मरणको यस नाजुक घडीमा कोमिनताङले पुरानै कुरामा अड्डी लिइरहन्छ र आफ्नो नीति झट्टै फेर्दैन भने यसले सम्पूर्ण प्रतिरोध युद्धलाई ठुलो विपतमा पार्नेछ । केही कोमिनताङ सदस्यहरू भन्छन्- 'विजयपछि राजनैतिक सुधारहरू गरियोस् ।' खाली सरकारको प्रयासबाटै जापानी आक्रमणकारीहरूलाई पराजित गर्न सकिन्छ भन्ने तिनको सोचाइ छ, तर यो सोचाइ गलत छ सरकारले एक्लै लडेर प्रतिरोध युद्धमा दुईचारवटा लडाईहरू जित्न सकिएला, तर जापानी आक्रमणकारीहरूलाई पूर्णरूपले पराजित गर्न भने असम्भव हुनेछ । सिङ्गो राष्ट्रको पूर्णप्रतिरोध युद्धबाट मात्र यो काम फत्ते गर्न सकिन्छ । तर यस्तो युद्धको निम्ति कोमिनताङको नीतिमा पूर्ण र आमूल परिवर्तन गर्नु र माथिदेखि तलसम्म सिङ्गै राष्ट्रले जापानको पूर्णरूपले प्रतिरोध गर्ने कार्यक्रम अर्थात् कोमिनताङ-कम्युनिष्ट सरसहयोगको अवधिमा डा. सन् यात-सेनले व्यक्तिगतरूपले निर्धारित गरेका क्रान्तिकारी तीन जनसिद्धान्तहरू र तीन महान् नीतिहरूको भावनाअनुरूप तयार गरिएको राष्ट्रिय पुनरुद्धार कार्यक्रम लागू गर्न संयुक्त प्रयास गर्नु आवश्यक छ ।

*बाँकी अर्को अंकमा*

## सामाजिक सञ्जाल



भोट केका लागि हालिन्छ ? जनपक्षीय संविधान दिगो शान्ति समृद्धि र विकासका लागि हैन र ? तर विडम्बना यहाँ त पराधिनता अशान्ति बेरोजगारी गृहयुद्ध बाहेक अरू कुनै प्रगति छैन त ? हाम्रो नेपालमा । – ***विश्वप्रकाश चौलागाई***



*तिमी सत्यलाई प्रताडित गरेर विजयको अनुभूति गरिरहेका छौ । तर तिमी भुल्दैछौ-'सत्य प्रताडित हुनसक्छ, पराजित होईन ।* – ***दिपेन्द्र कुँवर***



सत्ताधारीहरू कहिले उत्तर दौडेर हल्ला फिजाउँछन कहिले दक्षिण दौडेर सत्तामा चप्किरहने खोटो जुटाउँछन । न राष्ट्रको चिन्ता, न जनताको माया केवल छ त आफ्नो इगो र स्वार्थ पूर्ती गर्ने ध्याउन्ने । कस्तो दुर्भाग्य आफ्नो स्वार्थ र इगो पूरा हुने भए बेचिन र बेच्न तयार हुने सोच र मृत चेतनाका मुनि देश ..... – ***प्रभात चलाउने***



सरकारमा बसेर राप्रपाले किन राजतन्त्रको वकालत गर्छ ? होइन जति नै उभ्रिए पनि राजतन्त्र इतिहासको पानामा सीमित हुने नै छ । परिवर्तनको रथ पछाडि धकेल्नेहरू इतिहासबाट बाहिरिंदैनन् भन्या ? – ***गोविन्द काफ्ले***



माधव कमरेड, तपाईंको प्रश्नको उत्तर मै दिन्छु- 'कसैले जिन्दगीभर आफू नेपाली हो कि हैन भन्ने प्रश्नको उत्तर दिइराख्नुपर्यो भने उसलाई नेपाली हुनुमा गर्व हैन, हिनताबोध हुन्छ।' त्यसैले, कृपया यस्ता प्रश्न बन्द गर्नुहोस्। – ***प्रकाश कँडेल***



पहिचान र संघियतामा राष्ट्रियताको गन्ध छ । पहिचान सहितको संघियता र संघियता सहितको अधिकार अहिलेको राष्ट्रिय आवश्यक्ता हो । यसलाई तुहाउने र एकल जातिय बनाउने निरंकुशता बन्द गर । – ***राजेश विद्रोही***



कहिले महाकाली पचाएर राष्ट्रवाद डकार्नेहरूको जात्रा,कहिले मुर्ति यूरोप पुर्याएर धार्मिकराज्यको हुंकार मच्चाउनेहरूको जात्रा!नेपाल जात्रैजात्राको देश भयो!अहिन्दुराज्यझ होइन,जनतालाई असमृद्धराज्यझ चाहिएको छाअराजाझ होइन देशलाई,एउटा अराजनेताझ चाहिएको छाथापादाईको थारी गाईलाई घाँस हालेर बसिन्न! – ***खगेन्द्र संग्रौला***



अत्यन्तै जरुरी आवश्यकता !!!

देश बचाउने, लम्पसार नपर्ने, देशको स्वाभिमान माथि उठाउने, जाति र पार्टीभन्दा माथि उठ्ने, नातागोता नदेख्ने तर देश र जनता चाहिँ देख्ने नेता र पार्टी आवश्यक परेकाले यो सूचना जारी गरिएको छ । योग्यता पुग्नेले तत्काल सम्पर्क गर्नुहोला ! – ***राजकुमार रेग्मी***



आज बिहान उठेर सडकमा आएको त कहाँ पुगेछु भनेर बिरक्त लाग्यो । धुलो उडेको थिएन नि त । अली पर आए हेरे त ठुलो खाल्डोमा परे । बल्ल ढुक्क भए काठमाण्डौ मै रहेछु भनेर – ***देवकी विष्ट***

एकदिन यसो पनि हुनेछ

---------------



एकदिन एमाले नेताहरूले ठूलठूलो स्वरमा यो पनि भन्नेछन् ( 'पृथ्वीमा दिनहुँ उदाउने सूर्य पनि हाम्रै योगदानको प्रतीक हो ।' सायद त्यतिबेला एमालेका यजमान पत्रकार साथीहरूले त्यो बिषयलाई पनि आफ्ना रेडियोस टेलिभिजनस अखबार र अनलाईनहरूमा ठूलठूला अक्षरमा समाचार बनाउने छन । सिंगो सामाजिक सञ्जाल उनीहरूकै कब्जामा हुनेछ । त्यो भ्रमको च्यादर ओढेर नेपाली जनताहरूले अरू केही समय एमालेलाई राष्ट्रबादीजस्तो देखिरहनेछन् । आखिर यो देशमा बोल्नेकै पिठो विक्छ । – ***ओमप्रसाद घायल***

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# अरूको स्खलनपछि मेरो स्मरण

## संस्मरण

**जनयुद्धका नायक भनिएका प्रचण्ड, बाबुराम, बादल, गुरुङ आदि शीर्ष नेताहरू शान्तिप्रकृयामार्फत् जनयुद्धको सेफल्याण्ड गरेर छिटो सत्ता प्राप्त गर्ने र त्यसैमा डुबुल्की मार्ने पक्षमा थिए । यो त आज अकाट्य तथ्य जस्तै बन्न पुगेको छ । उनीहरूका बीचमा भएको अन्तरविरोध त विचारको नभई भागबण्डा, इगो र जुंगाको लडाइँ मात्र रहेछ । नत्र भने प्रचण्डहरूबाट सम्वन्धविच्छेद गरेर आउँदा उनलाई जसरी संशोधनवादी बाटो समाएको र संसदीय व्यवस्था अँगालेको भनियो त्यो त आरोप मात्र रहेछ ।**



❑ हिरामणि दुःखी

नेपाली भाषा साहित्यमा एउटा उखान छ 'फोहर खानु बाङ्गो मुख' । यो र यस्ता उखान टुक्काहरू नेपाली साहित्यमा अनगिन्ति छन् । यस्ता उखान टुक्काहरू मानिसको जीवनमा प्रयोगसिद्ध भएर निकै खारिएर निर्माण भएका हुन् । नेपालको राजनीतिक व्यश्यावृत्तिका सन्दर्भमा यो उखान ठ्याक्कै लागू हुन्छ ।

जान वा अन्जान रूपमा राजनीतिमा प्रवेश गरेको पनि यतिखेर ३४ बर्स पुगेछ । जतिवेलादेखि राजनीतिमा पाइला टेकियो बामपन्थी राजनीतिमै टेकियो । किनकि पञ्चायती व्यवस्थाले मेरो पारिवारिक जीवनमै अन्याय गरेकाले पञ्चायती व्यवस्थाको पक्षमा लाग्ने कुरा थिएन । सुरुमा काङ्ग्रेसले मलाई छुँदै छोएन । पछि २०४२ सालमा पुनः दस कक्षमा पढ्दा हेडमास्टर र स्कुल व्यवस्थापन समितिका अध्यक्षसँग मेरो ठूलै झगडा पऱ्यो । उनीहरू दुबै कट्टर काङ्ग्रेस थिए । यसरी मेरो कम्युनिस्ट राजनीतितिरको धार बलियो गरि सोझियो । जतिबेला म कम्युनिस्टमा आवद्ध भएँ सुरुदेखिनै नेकपा मशालमा जोडिएँ र निरन्तर अहिलेसम्म कमरेड किरणलाई छोड्ने परिस्थिति सिर्जना भएको छैन । अब त मैले मार्क्सवादको आधारभूत शिक्षा जे पाएको छु म त्यसप्रति इमान्दार र प्रतिवद्ध नै छु ।

२०४६ सालको पञ्चायत विरोधी आन्दोलनमा त सचेततापूर्वक नै लागियो राजनीतिमा । कलेजको विद्यार्थी जीवनमा राजनीति गर्दा यो देश त के संसारै आफ्नै पालामा परिवर्त गर्न सकिन्छ भन्ने जोस पलाउँथ्यो । पुलिसबाट कुटिँदा, लखेटिँदा र भूमिगत भएर सङ्गठनको काम गर्दा, बन्द हडतालका आन्दोलनहरूमा गिरफ्तारीमा परेर एकदुई रात र हप्तौं हिरासतमा बस्दा पनि गर्वले छाती फूलेर आउँथ्यो । मलाई जेल बस्ने अवसर त मिलेन तर पनि हिरासत त दर्जनौ पटक बसेको अनुभव छ । जनयुद्धको तयारी गर्दा थुप्रै सङ्घर्षमा सहभागी भइयो । तयारीका प्रशिक्षणमा प्रशिक्षण दिने आफूले ठूलठूला नेता ठानेर आदर्श मानेका नेताहरू पनि साँच्चिकै युद्ध सुरु भएपछि बङ्ग्रङ्ग बङ्ग्रङ्ग ढले । ढल्दाढल्दै कोही डिप्रेसनको दवाई समेत खानुपर्ने अवस्थामा पुगे । कोही राजनीतिक कित्ता बदलेर विगतमा आफैले छिःछिः र दूरदूर गरेर दूत्कारेका पार्टीको जुठो चाट्न पुगे । त्यो पनि थालको भए तै विसेक हुन्थ्यो, जुठेल्नामा मिल्काएको जुठो लपलपी चाटेर मुख मिठ्याउँदै ङिच्च परेर बसे । त्यतिबेला आफूलाई धैरै तलको फुच्चे ठानिन्थ्यो । यद्यपि अहिले पनि ठूलो छु भन्ने धाकधक्कु लाउन खोजेको त होइन । तर राजनीतिमा यति धैरै घृणित खेल खेलिँदो रहेछ, मलाई अहिले सम्झँदै बान्ता आउन खोज्छ । संसदीय राजनीतिको फोहरी खेलका बारेमा सोच्दा मलाई अहिले पनि भैरव अर्यालको ब्यङ्ग्य निवन्ध जयभूँडीको एउटा निवन्धको याद आउँछ । 'सोझा र सज्जन कबै नलिनू दलैमा, पार्टी चलाउनु सँधै छल औ बलैमा' ।

नेपाली समाजको सांस्कृतिक चरित्र अहिले पनि सामन्तवादी हो भन्ने कुराको एउटै प्रमाण काफी छ भन्ने मलाई लाग्छ । त्यो हो शक्ति पूजा र नेतालाई भगवान ठान्ने प्रवृत्ति । आफूलाई मन पर्दा नेतालाई दश हात उफ्रिएर देवत्वकरण गर्ने र मन नपर्दा बीस हात तल ओलेर राक्षसीकरण गर्न पनि पछि नपर्ने प्रवृत्ति नै सामन्तवादी प्रवृत्ति हो । 'जस्को शक्ति उसैको भक्ति' पनि नेपाली राजनीतिको अर्को सामन्तवादी प्रवृत्ति हो । यतिखेर यहि कुरा म नेपालको राजनीतिमा देखिरहेको छु । बुर्जुवा राजनीतिमा त यो नै त्यसको सौन्दर्य होला । यसलाई प्रजातन्त्र लोकतन्त्र भनेर गुणगान गाइन्छ । परन्तु यो प्रवृत्ति वाम राजनीतिमा पनि यति तीब्रतामा फैलिएको छ कि त्यसलाई पकड्न र आफ्नो क्षणिक स्वार्थ पूरा गर्न बाङ्गो मुख लगाएर फोहर खाने हतारो र होडबाजी चलिरहेको छ ।

जब युद्धका नायकहरू विचार, आदर्श, नैतिक मूल्यमान्यताबाट च्युत भएर स्खलित हुन पुग्छन् त्यतिबेला उनीहरू खलनायकमा बदलिन्छन् । नायकहरू खलनायकमा बदलिएपछि बास्तविक खलपात्रहरूले टाउको उठाउँदै आफू नायक भएको स्वघोषणा गर्छन् र जनतामा ठूलो भ्रमको खेति गर्न पुग्छन् । बुर्जुवा राजनीतिमा त यस्ता पार्टी फेर्ने र अवसर छोप्दै शक्तिको पछि दौडने उठापट्की चलिरहन्छ । यहि खेती गरेर जनतालाई गुम्राहमा पारेर युगौं शासन गरिरहन्छन् । अझ हाम्रो जस्तो सामन्तवादी संस्कृतिले हजारौं माइलका जरा फिँजाएको समाजमा त कुनै वेला युरोपका मुलुकमा राजाहरूले स्वर्ग जाने टिकेट विक्री गरेझैं पार्टीका टिकेट बेचेर राजनीतिको झोला भर्छन् ।

म यहाँ जनयुद्ध, त्यस यताका घटना र नेताहरूको चरित्र स्मरण गर्न गइरहेको छु । हामीलाई सपना देखाउँदा नेताहरूले जनयुद्धमार्फत् चीनमा जस्तै नयाँ जनवादी व्यवस्था स्थापना गर्ने बताएका थिए । थालनीको प्रशिक्षणमा चीनमा माओले चिङकाङसानलाई मात्र आधार बनाएर जनयुद्ध सुरु गरेका थिए, हामीले देशैभर एकैसाथ सुरु गर्छौं भनेका थिए । त्यसै गरियो पनि । जनयुद्धले एउटा उँचाइ प्राप्त गर्दागर्दै नायकहरूमा वैचारिक स्खलनताले छोयो । सिघ्र सत्तालाभको मोहले सतायो । बाबुराम त पहिलादेखि नै लोकतन्त्र भन्दा अगाडि बढ्ने सोचाइमै थिएनन् । जनयुद्धको मध्यतिरबाट आफ्नो विचारलाई पार्टीमा बहसको रूपमा अगाडि सारिसकेका थिए । त्यहि विषयमा उनलाई २०६१ माघ १८ को पिवि बैठकबाट कारबाही पनि गरियो । भोलिपल्ट माघ १९ गते ज्ञानेन्द्रले शाही काण्ड घटाएपछि तुरुन्तै प्रचण्डले रुकुमको लावाङबाट थवाङ हुँदै कुरेली आएर बाबुराम सामु आत्मसमर्पण गरे र तपाइँकै विचार सही रहेछ भन्न पुगे । केही समयपछि उनलाई भारत पठाइयो । भारतमा महराका साथमा बाबुरामले भारतीय सत्तापक्षमा कुरा पुऱ्याउने गरी एड डि मुनी र अरू ब्युरोक्र्याट्स मार्फत् प्रचण्ड पनि लोकतन्त्र मान्न तयार भएको कुरा गरियो । त्यसपछि चुनवाङ बैठक हुँदै कथित ढाडमा टेकेर टाउकोमा हान्ने फौजी रणनीति मार्फत् ज्ञानेन्द्रलाई गलाउने र तात्कालिन सात दललाई फकाउने रणनीति अपनाएर अभियान चलाइयो । जनमुक्ति सेना र हामी तल्लो तहका कार्यकर्ताहरूमा हो न हो अब केन्द्रीय सत्ता कब्जा गर्ने नै हो भन्ने भ्रम पऱ्यो, पारियो । हामी सबै भ्रमको शिकार भयौं । यथार्थमा प्रचण्ड बाबुरामले भारतीय सत्तापक्षसँग लोकतन्त्रमै सीमित रहने गरी सम्झौता गरिसकेका रहेछन् ।

जनयुद्धले नेता त थुप्रै जन्मायो । अहिलेसम्म हजारीलालका रूपमा विकसित भइरहेकै छन् । तर एउटा कुरा के स्पष्ट भयो भने यी नेता आफ्नो बुद्धि, बलबुता, विचारले योजना निर्माण गर्न सक्ने र सैद्धान्तिक बहस गर्न सक्ने स्तरमा उठेका रहेनछन् । जनयुद्धकै बेला सिसि, पिविमा पुऱ्याइएकाहरू पनि यिनको बुता भन्दा प्रचण्डले आफ्ना हनुमान बनाउने हिसाबमा नेता बनाएका रहेछन् । नत्र चुनवाङको कार्यदिशाका बारेमा एकजनाले पनि विरोध त परैको कुरा कम्तिमा सही गलतका विषयमा बहससम्म नगरी खुरुखुरु ल्याप्चे ठोकेर रमाउँदै किन निस्किए भन्ने प्रश्न मेरो मनमा उब्जन्छ । अझ कमिटीमा एक तह तल झरेकोमा प्रचण्डको भजन गाउँदै आफ्नो टाउकोमा आफैं आगो लगायौं भनेर सुगारटाई गर्दै हिँडे । त्यहि बैठकले कार्वाहीमा परेर पार्टी सदस्य मात्र भएका बाबुराम, हिसिला, दीनानाथहरूलाई कैयौं तह माथि उकाल्यो । आफूहरू एकतह तल झरेर आए । यस्ता थिए नेताहरू । हामी जस्ता भुइँका कार्यकर्ताहरूको त के कुरा भयो र ? वास्तवमा चुनवाङको कार्यदिशा बाबुरामको थियो । बाबुरामले प्रचण्डलाई छोडेर निस्कनुको कारण त विचार कार्यदिशा फरक भएर होइन । प्रचण्डको स्वेच्छाचारिता र नेतृत्व छोड्ने सङ्केत नै नदिएका कारण थियो । यही कुरा बादल, गुरुङ, विप्लवहरूको हकमा पनि रहेछ भन्ने कुरा प्रस्ट भयो । गुरुङ र विप्लवका बारेमा यी त मन्त्री नपाएर पार्टी फोडेका हुन भनेर थुप्रैले मसँग उनीहरूको आलोचना गर्दा मैले कडा प्रतिवाद गरेको छु । अहिले आएर गम खान्छु कि म पो अबुझ रहेछु । यो गल्ती हामी जस्ता धैरै कार्यकर्ताले गऱ्यौं । गुरुङलाई युरोपियनहरूबाट सञ्चालित भनेर आलोचना गर्छन् धेरैले । म के भन्छु भने उनी युरोपियनहरूबाट दीक्षित चाहिँ पक्कै हुन् । किनकि उनी वर्गीय भन्दा जातीय कुरा बढि उठाउने गर्छन् । उनी जातिवादी भएका छन् । उनले सङ्घीयताका बारेमा गर्ने बहस पनि मार्क्सवादी कोणको नभई सोसल डेमेक्र्याट टाइपको हुन्छ । यो युरोपियन मिसन नै हो भन्ने बुझ्छु म अचेल ।

विप्लवले मसँगको बसाइमा सँधै प्रचण्डले धोका दिए भन्थे । तर चुनवाङको कार्यदिश गलत हो भनेर कहिल्यै भनेनन् । यतिखेर थवाङ महाधिवेसनमा त उनले पनि प्रचण्डकै लाइनको कार्यदिशा पास गरे । यसले के पुष्टि हुन्छ भने उनमा विचार र कार्यदिशा प्रतिको असहमति भन्दा आफ्नै जिल्लाबासीहरूसँगको प्रतिष्पर्धामा आफूलाई प्रचण्डले पछाडि पारेकैमा चित्त दुखाई रहेछ । अहिले आएर आफैं यो तथ्य पुष्टि गर्दैछन् । नत्र किरणलाई छोड्नु पर्ने कुनै कारण थिएन । वादलले त प्रचण्डले आफूलाई लिनप्याओवादीको आरोप लगाएको रिस फेर्न मात्रै विद्रोह गरेका रहेछन् । क्रान्तिकारी भएर होइन रहेछ । यदि उनी विचारमा परिपक्क र सही मालेमावादी थिए भने हिटलरको राष्ट्रिय समाजवादको कार्यदिशा ल्याएर पार्टीमा पेश गर्ने नै थिएनन् । प्रचण्डको रिस फेर्न र आत्मरती लिन नै उनले लाल गद्दार, भारीय दलाल भनेर प्रचण्डको उछित्तो काढेका रहेछन् । प्रचण्डलाई चुनाव हराउन काङ्ग्रेसका नेतासँग लाखौं पैसा खाएर मोवाइलबाट प्रचण्ड हराउन एसएमएस फैलाउने नेताहरूलाई काखी च्यापेर बसे । प्रचण्डका विरुद्धमा चर्को आलोचना गर्ने र उछित्तो काढ्नेहरू सबैभन्दा पहिला दस हात उफ्रिएर प्रचण्डसँग एकता नगरे संसारै डुब्छ भन्दै पार्टीमा उफ्रिए । नेता र कार्यदिशालाई हेर्ने बुझ्ने मामिलामा हामी अधिभूतवादी भएका रहेछौं । किनकि नेताहरूका बारेमा एकको दुईमा विभाजन गरेर आलोचनात्मक रूपमा हेर्ने हाम्रो स्कूल नै भएन । नेताको हालत यस्तो भएपछि क्रान्ति अगाडि जाने कुरै थिएन । अहिले म हेर्छु प्रचण्डले बोल्ने कुरा र तल जिल्ला नेतृत्वले बोल्ने कुरा हुबहु फोटोकपी जस्तै हुन्छ । अलिकति पनि फरक पर्दैन । आफ्नोपन पनि हुँदैन । यस्ता यान्त्रिक नेता र कार्यकर्ता जन्मायो जनयुद्धले । यो सबै प्रचण्डको डिजाइन रहेछ । जनयुद्धमा तात्कालिक योजनागत प्रशिक्षण बाहेक अरू सैद्धान्तिक वैचारिक प्रशिक्षण नचलाउनु र पाठ्यक्रम नबनाउनुको तात्पर्य यस्तो रहेछ । अहिले प्रचण्ड पार्टीका हजारीलालहरूले सुगारटाइका रूपमा कण्ठ गरेको धारणा यस्तो छ 'खारामा हामीले हाऱ्यौं, जनयुद्ध लडिरहेको भए अहिलेसम्म हामी समाप्त भइसक्ने थियौं, जाहाजको क्याप्टेनले आफ्नो अगाडि समुन्द्री पहाड देखेपछि त्यसलाई छल्न यु टर्न गर्छ र अगाडि बढ्छ, हामीले संविधानसभाबाट गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता प्राप्त गऱ्यौं अब यो उपलब्धीमा टेकेर समाजवादी क्रान्ति सम्पन्न गर्ने हो, किरणजी जड्शूत्रवादी हुनुभयो' आदि इत्यादि । तिनीहरूले हामी र काङ्ग्रेस, एमाले र राप्रपाका बिचमा वर्गीय अन्तर छैन चाहिँ भन्दैनन् । जड्शूत्रवादको परिभाषा बुझेर भन्छन् कि नबुझेर भन्छन् मैले छेउटुप्पो पनि बुझ्दैन । ती हजारीलालहरूको अहिलेको धन्दा जिविस, नगरपालिका, गाविसहरूका बैठकमा भत्ता पचाउने, स्थानीय बजेटमा आँखा लगाउने र सके ठेक्का आफ्ना मान्छेमा पार्ने नभए कमिसन खाने, बेलुका ठेकेदार, व्यापारी तस्करहरूसँग ककटेलमा रमाउने भएको छ । किनकि सित्तैमा पाए अलकत्रा चपाउने नेपाली संस्कृति नै हो क्यारे । यस्तो छ चालामाला ।

शान्ति प्रकृयामा आउनुको तात्पर्य विद्रोह गरी केन्द्रीय सत्ता कब्जा गर्नु थिएन भन्ने कुरा त आज आएर प्रचण्ड बाबुरामको राजनीतिले प्रमाणित गरिसकेको छ । प्रचण्ड बाबुराममा छद्म रूपमा लुकेको यो संसदवादी राजनीतिको घिनौना खेल बुझिसकेपछि हामीले कमरडे किरणको नेतृत्वमा पार्टीबाट सम्वन्ध विच्छेद गरि नयाँ पार्टी पुनर्गठन गरेका हौं । यो कुरा सबैले जानेमानेको कुरा थियो । त्यतिबेला अन्तिम घडिमै भए पनि बादल हाम्रै साथमा आए भन्ने कुराले हामी सबैलाई खुसी तुल्याएको थियो । अब प्रचण्डलाई धक्का दिन सक्ने उनका समकालिन समकक्षी आएपछि किरण गौरवहरूको विचार, बादलको सङ्गठन र राजनीतिको मेल भयो भने पार्टी र आन्दोलनलाई फर्काउन सकिन्छ भन्ने विश्वास पलाएको थियो । त्यसमा विप्लवको तिक्ष्णपन र युवा जोसले हामी सबैलाई पुनर्ताजगी दिएको थियो र हौस्याएको थियो । हाम्रो यो पवित्र कल्पनामा पहिलो तुषारापात गरिदिए विप्लवले । त्यसको डेढ बर्स वित्दा नवित्दै वादल लगायतको आत्मसमर्पणवादी गुटले आन्दोलनलाई धक्का त दियो नै यसले जनतामा निकै ठूलो अविश्वासको रसातल बनाइदियो । अब क्रान्तिकारीहरूलाई आफ्नो पहिचान जनतामा दिएर फेरि क्रान्तिको उभार उठाउन समुन्द्रमा डुङ्गा लिएर पार गर्न खोजे जत्तिकै गाह्रो भएको महसुस हुन्छ ।

मलाई यतिवेला के महसुस भएको छ भने जनयुद्धका नायक भनिएका प्रचण्ड, बाबुराम, बादल, गुरुङ आदि शीर्ष नेताहरू शान्तिप्रकृयामार्फत् जनयुद्धको सेफल्याण्ड गरेर छिटो सत्ता प्राप्त गर्ने र त्यसैमा डुबुल्की मार्ने पक्षमा थिए । यो त आज अकाट्य तथ्य जस्तै बन्न पुगेको छ । उनीहरूका बीचमा भएको अन्तरविरोध त विचारको नभई भागबण्डा, इगो र जुंगाको लडाइँ मात्र रहेछ । नत्र भने प्रचण्डहरूबाट सम्वन्धविच्छेद गरेर आउँदा उनलाई जसरी संशोधनवादी बाटो समाएको र संसदीय व्यवस्था अँगालेको भनियो त्यो त आरोप मात्र रहेछ । हामीले प्रचण्डमण्डलीबाट अलग हुँदा प्रचण्ड जुन ठाउँमा थिए आज झनै दिन प्रतिदिन कम्युनिस्ट सिद्धान्त, व्यवहार र राजनीतिबाट टाढा टाढा हुँदै छन् र अब कांग्रेस, एमाले, राप्रपा र प्रचण्डको पार्टीमा कुनै वैचारिक भेद नै नदेखिन थालेको बेलामा उनलाई सच्चिएको देख्दै बत्तीमा पुतली परेझैं उनैको कोटरीमा एक पछि अर्को पात्र हाम्फाल्नुको अर्थ जनयुद्धले जन्माएका अधिकांश नेता कार्यकर्ता विचारबाट दीक्षित, वर्गीय लक्ष्य र आदर्शप्रति प्रतिवद्ध थिएनन् भन्ने महसुस हुन थालेको छ । त्यसैले यही संसदीय व्यवस्थामा डुबुल्की मार्नै थियो भने मुख बाङ्गो गराएर, कसैले देख्यो भने लाज हुन्छ भन्ने सोच्दै फोहर किन खानु पऱ्यो ? सिधै अगाडि फर्किएर सोझै मुख बनाएर हाम्रो स्पेशल आहारा भनेकै फोहर हो भन्दै खाए हुन्छ नि ।

यतिबेला मलाई आफ्नो राजनीतिक जीवनका ३४ बर्से उकाली ओह्रालीको सम्झना गर्दा नेताहरू आफ्नो स्वार्थका लागि कति घृणित खेल खेल्दा रहेछन् भन्ने कुराले सताउने गरेको छ । मान्छेको मनै त हो भावना, सम्वेदानाका तन्तुहरू पनि हुन्छन् । यो संसदवादीहरूको फोहरी खेलले वाक्क दिक्क बनाउँछ । यति हुँदा पनि म आफू सही छु भन्नेमा गर्वको महसुस हुन्छ । म के कुरामा प्रतिवद्ध छु भने मलाई पैसा मात्र सब थोक हो भन्ने महसुस हुँदाको दिन राजनीतिलाई पेशा बनाएर धन कमाउने बाटो कदापी समाउने छैन । म बाजे बराजुको कुनै पैतृक सम्पत्ती नभएको बाबुआमाको चिया र खुद्रा पसलमा विसुद्ध सर्वहारा जीवनमा जन्मिएर हुर्के बढेको व्यक्ति हुँ, त्यहि पेसा मेरा लागि प्रिय हुनेछ । त्यहाँ कसैको गाली खानु पर्दैन र ढाँट्दै जनताका घरमा भोट माग्न जानु पनि पर्दैन । मैले बुझेको राजनीति सेवा हो म निरन्तर सेवामै समर्पित रहने छु ।

*१२ चैत २०७३*

## अनलाइन निर्देशिका खारेज गर : क्रान्तिकारी महासंघ

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले एक प्रेस वक्तव्य जारी गर्दै सरकारले अनलाइन मिडियालाई व्यवस्थित गर्ने नाममा सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको अनलाइन निर्देशिका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउने प्रतिगामी र निरंकुश चरित्रको भएकोले तत्काल खारेजी गर्न जोडदार माग गरेका छन् ।

नेपाल पत्रकार महासंघ, अनलाइन पत्रकार संघलगायत सरोकारवाला संघसंस्थाले निर्देशिका खारेजीको लागि चालेको कदमको स्वागत गर्दै क्रान्तिकारी महासंघले ऐक्यबद्धता समेत जाहेर गरेको छ । छापा तथा इलेक्ट्रोनिक मिडियाहरूको तुलनामा विभेदकारी समेत रहेको निर्देशिका खारेज गरी प्रेससँग सम्बन्धित सरोकारवाला संघसंस्था, विज्ञहरूको सुझावमा आधारित रहेर अनलाइनमैत्री निर्देशिका जारी गर्न उसले माग गरेको छ ।

## वैद्य निकट पर्यटन व्यवसायी संगठनको अध्यक्षमा तोरण गुरुङ

काठमाडौं । वैद्य नेतृत्वको अखिल नेपाल पर्यटन व्यवसायी संगठनको दोश्रो राष्ट्रिय भेलाले अध्यक्षमा तोरण बहादुर गुरुङ्लाई चुनेको छ । शनिबार ठमेलस्थित होटल बैशालीमा भएको उक्त भेलाले उपाध्यक्षमा माइला लामा, महासचिवमा सुक बहादुर तामाङ, सचिवमा नविनराज शर्मा, कोषाध्यक्षमा अमर तामाङलाई चुनेको छ । सदस्यहरूमा क्रमशः दावा भोटे, टेक निरौला, दावा छिरिङ शेर्पा, अमत गुरुङ, पञ्च लामा, सुरेश लामा, छिरिङ शेर्पा, प्रताप मल्ल, रत्न गुरुङ, असलमान तामाङ, जमान तामाङ, पाल्देन लामा लगायत चुनिएका छन् ।

## माके छाडेर क्रान्तिकारी माओवादीमा प्रवेश

ललितपुर । माके निकट अखिल नेपाल ट्रेड यूनियन महासंघ परित्याग गरि चार मजदुर नेताहरू क्रान्तिकारी माओवादी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघमा प्रवेश गरेका छन् । यसरी प्रवेश गर्नेहरूमा दलबहादुर तामाङ, लालबहादुर तामाङ, पेमा लामा, रेशम तामाङ, जीवन थिङलगायत रहेका छन् । शनिबार भएको उक्त पार्टी प्रवेश कार्यक्रमको अध्यक्षता/संचालन अर्जुनलाल श्रेष्ठले गरेको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता क्रान्तिकारी माओवादीका कार्यालय सदस्य रामसिंह श्रीसले गरेका थिए । ललितपुरको कुपण्डोलमा भएको कार्यक्रममा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा ललितपुर इन्चार्ज शिवराम यादवले पार्टी प्रवेशीलाई स्वागत गरेका थिए ।

## हिकाष्ट कलेजको इकाई अध्यक्षमा शुलभ वैद्य

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारी हिकाष्ट कलेजको आठौं सम्मेलनबाट शुलभ वैद्य अध्यक्ष पदमा निर्बाचित भएका छन् । जसको उपाध्यक्षमा सजिना न्यौपाने, सतिस खरेल, सचिवमा बिबेक शर्मा, सहसचिवमा झगबहादुर वली, अनुपम खड्का लगायत २७ सदस्यीय रहेका छन् । अखिल क्रान्तिकारीका केन्द्रीय सहसंयोजक राम नेपालीको प्रमुख आतिथ्यता, कलेजका प्रिन्सिपल केबि श्रेष्ठ र कृषि संकायका कोर्डिनेटर बिष्णु भट्टराईको बिशिष्ट आतिथ्यतामा सम्मेलन भएको थियो ।

## जनक्रान्तिका घाइते अपाङ्ग योद्धाहरूले राष्ट्रिय भेला गर्ने

काठमाडौं । जनक्रान्तिका घाइते अपाङ्ग योद्धाहरूले राष्ट्रिय भेला गर्ने भएका छन् । संघको हालै बुद्धनगर पार्टी कार्यालयमा बसेको बिस्तारित बैठकले भक्तराज थापाको संयोजकत्वमा १७ सदस्यीय राष्ट्रिय भेला आयोजक समिति बनाएको छ । भेला आयोजक सदस्यहरूमा क्रमशः सुजाता वन, सुरेश तामाङ, निमा लामा, निर्मला सुनार, गंगा बहादुर नेपाली, तोयानाथ न्यौपाने, छिरिङ लामा, केडी श्रेष्ठ, गणेश नेपाली लगायत रहेका छन् । बैठकले भक्तराज थापा, सुरेश तामाङ र निमा लामा रहेको कार्यालय टिम पनि गठन गरेको छ । बैठकले आगामी भदौमा गरिने राष्ट्रिय भेला प्रभावकारी रूपमा सम्पन्न गर्नका निम्ति व्यापक पार्टी सदस्यता वितरण गर्ने, घाइते अपाङ्गहरूको तथ्याङ्क संकलन गर्नेलगायत महत्वपूर्ण निर्णय गरेको छ । सम्पन्न विस्तारित बैठकमा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय केन्द्रीय अध्यक्ष मोहन वैद्य किरण तथा पार्टीका केन्द्रीय सचिवालय सदस्य एवम् संघका फ्याक्सन इन्चार्ज दिनेश शर्माको उपस्थिति रहेको थियो ।

## नेपालको...

सृजित संविधानसभाको हौवामा दुबेर पार्टीको क्रान्तिकारी रणनीति, कार्यदिशा र कार्यनीति विपरीतको कार्यनीति अवलम्बन गर्न पुग्नुले, नयाँ जनवादी क्रान्ति सफलताको चुचुरोतिर उकालो लाग्दालाग्दै के-कस्तो धक्का खाई प्रतिक्रान्तिको मार खानु परिरहेको वर्तमानको यो स्थितिलाई हामीले चाहेर पनि भुल्न सकिरहेका छैनौं । निश्चय पनि क्रान्तिकारीहरू क्रान्तिको दौरानमा आफ्नो सामु वर्गवैरीहरूद्वारा उनीहरूको आफ्नो स्वार्थ (राज्यसत्ता) टिकाइ राख्न क्रान्तिविरोधी अनेकौं छलकपट (अध्यावधि चुनाव, स्थानीय चुनाव जस्ता) का जालो बुनी तगारो खडा गर्न ल्याउनु कुनै अस्वाभाविक होइन । क्रान्तिकारीहरू त्यस्ता कुनै पनि तगारोमा अल्भेर क्रान्तिलाई बिथोल्ने गरी अल्मलिएर बस्नु कदापि हुन्न । यद्यपि चुनावमा भाग लिने कि नलिने भन्ने कुरो क्रान्तिकारी पार्टीको कार्यनीतिक विषय हो तापनि मुलुकमा अहिले ती प्रतिक्रियावादी राज्यसत्ताका साभ्ेदार (संसदवादी) हरूले होहल्ला मचाउँदै आइरहेको स्थानीय चुनाव वास्तविक अर्थमा भन्नुपर्दा उनीहरूको देश र जनताप्रतिको गैरजिम्मेदारी हर्कतभित्र पनपनाउँदै गरेको असफल संसदीय व्यवस्थाको यथार्थता हो ।

क्रान्तिकारीहरूको मूल लक्ष र उद्देश्य भनेको नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादी व्यवस्थामा पुग्नु हो । वर्तमान देशको वस्तुगतस्थिति पूर्णतया क्रान्ति अर्थात् नयाँ जनवादी क्रान्तिको निमित्त मैदान खाली (खुल्ला) छ । यस्तो स्थिति र क्रान्तिकारीहरूको सुभ्बुभ्तासहितको क्रान्तिकारी अभियानदेखि अत्तालिएर ती संसदवादीहरूले संसारमा उत्कृष्ट भनी घोषणा गर्न ल्याइपुऱ्याएको त्यो पश्चगामी संविधानलाई भारतीय विस्तारवादीहरूको स्वार्थअनुरूप सदुपयोग गर्न उद्दतरहेकै क्रममा उनीहरूबीच चुलिंदै गरेको अन्तरविरोधलाई धाकछोप गर्दै जनतामा भ्रम फिजाउन स्थानीय निर्वाचन गर्ने घोषणा गर्न आइपुगेका हुन् भन्ने कुराको सत्यतथ्य आफ्ना कायकर्ता तथा आम जनतामा स्पष्ट हुने गरी चिरफार गर्दै राजनीतिक क्रान्तिको माहोल निर्माण गरी नयाँ जनवादी क्रान्तिको पहलकदम लिनु नै आज क्रान्तिकारीहरूको यो गहनतम दायित्व हुन आएको छ ।

अहिलेको हाम्रो कार्यभार भनेको विश्वसर्वहारावर्गका शत्रुहरू अर्थात् साम्राज्यवाद, विस्तारवाद र प्रतिक्रियावादीहरू, नेपालका केही गद्दारहरू, साम्राज्यवाद-विस्तारवादका समर्थक तत्वहरू र ट्राटस्कीपन्थीहरू नेपालमा सदा राजनीतिक अस्थिरता कायम गरी सिंगो नेपाली भूमिलाई खेल मैदानमा परिणत गरेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहन्छन् । हामी न्यायप्रेमी, स्वतन्त्रकामी, तमाम क्रान्तिकारी जनसमुदाय, ती दुष्ट कुकर्मीहरूको दुराशयपूर्ण हर्कतप्रतिको जनआक्रोशलाई क्रान्तिकारी आँधीबेहरीमा परिणत गरी, त्यस्ता हरामखोरहरूलाई बहुला कुकुरलाई लखेटेभ्ैं लखेटेर धुलो चटाउँदै, अर्को भारतीय विस्तारवादका पाल्तु कुकुर (दलाल) ती सामन्तवाद, नोकरशाही पुंजीपतिहरू र दलाल प्रतिक्रियावादी सत्तासीनहरूको त्यो देश तथा जनविरोधी राज्यसत्ता ध्वस्त पार्न मालेमावादी अडान र दृष्टिकोणमा अडिग रही नेपाली भूराजनीतिको मौलिकतामा आधारित रही नयाँ जनवादी क्रान्तिलाई उत्सर्गमा पुऱ्याउनु जरुरी छ र जरुरी छ नेपाली जनताको आवश्यकता र आकांक्षाअनुरूप नयाँ जनवादी राज्य (संघीय जनगणतन्त्रीय) व्यवस्था निर्माण गर्नु, आजको यो नै एक मात्र राष्ट्रिय आवश्यकता हो । यसबाहेक अरू कुनै भ्रम पालेर बस्नु आवश्यक छैन ।२०७३/१२/०८

*ताहाचल, काठमाडौं, नेपाल*

## नेपालको तराई...

तराई मधेसमा सामन्ती भूमिसम्बन्धले चरम रूप लिएको थियो । राज्यको फेर पक्रेर तराईमा भूमि हत्याएका र भारतबाट आएका जमिन्दारहरूबाट विकसित भएको सामन्तवादी भूमि सम्बन्धलाई, किसानहरूको ठूलो संघर्षको कारण, भूमि सुधारको नाटक गरेर नयाँ कभरमुनी बचाउने कोशिष गरियो । तिनै जमिन्दारहरू आज अनुपस्थित र अर्ध-उपस्थित जमिनदारका रूपमा किसानहरूबाट अधिया, ठेक्का, आदिको नाममा लगान असुल गरिरहेकाछन् ।

NLSS-2011 लिएको उक्त तालिकाले तराईमा मोहीयानी व्यापक भएको देखाउँदछ । उक्त तालिकाको अध्ययन गर्दा २३ प्रतिशत किसान परिवारले आफ्नो साथै अरूको जमिन लगानमा जोतेको देखिन्छ भने १६ प्रतिशत भूमिहीन (खेत नजोत्ने), ५ प्रतिशतले लगानमा लिएर जोत्ने (आफ्नो नभएको) देखिन्छ । जम्मामा २१ प्रतिशत (१६+५) परिवार तराईमा सुकुम्वासी ९बिलममभकक० देखिन्छ । लीक्व(द्दण्ज्ञ ले ग्रामिण तराईमा ६५ प्रतिशत जनसंख्यालाई "बिलम एययच" को दर्तामा राखेकोछ । उनीहरू पूर्ण या आंशिक अर्काको जमिन कमाउनेहरू र पूर्णतः भूमिहीन मजदुरहरू हुन् ।

- फ्रादर सुज्डेनले गरेको अध्ययहरूबाट अनुपस्थित र अर्ध-उपस्थित जमिनदारको कारण अर्ध-सामन्ती उत्पादन सम्बन्धले तराईको व्यक्तिगत किसान परिवारलाई मत्रै नभएर यो क्षेत्रको पुरै कृषि विकासमा नकरात्मक प्रभाव परेको देखाएकोछ ।
- शहर/बजारमा बस्ने नोकरशाही पुँजीपतिहरू (अनुपस्थित जमिनदार, अर्ध-उपस्थित जमिनदार, प्रशासनको प्रभाव, बैंक ऋणको चलखेल, आदि), भारतबाट घुसेका (खुल्ला सीमाना भएकोले) दलाल व्यापारी र नेपालकै स्थानीय दलालबाट तराईमा अर्ध-सामन्ती उत्पादन सम्बन्धलाई बर्करार राख्न नद्दत पुऱ्याइएकोछ ।
- सन् १८१६ को असमान सुगौली सन्धिपछि वृटिश-इण्डियाको अर्ध-उपनिवेश बनेको नेपालको तराई/मधेश क्षेत्र मुख्यरूपमा उत्पीडनमा पऱ्यो । भारतको विहार र उत्तरप्रदेशमा रेलको पटरी विछ्याउन तराईको काठको व्यापक प्रयोग भयो भने त्यसक्षेत्रमा नयाँ खुलेका उद्योगका लागि नेपालको वन तथा कृषि पैदावारको पनि कच्चा पदार्थको रूपमा व्यापक उपयोग गरियो । वृटिश उपनिवेशबाट स्वतंत्र भएको भारतको नयाँ शासकवर्गबाट पनि नेपाललाई अर्ध-उपनिवेश बनाईराख्ने कामलाई निरन्तरता दिइयो । कोशी, गण्डकी, महाकाली नदीको पानीमाथि असमान सन्धी-सम्भौंता; सुस्ता लगायतका विधिन्न सीमा स्थानमा अतिक्रमण र नेपालको तराई भूभाग डुबान हुने गरी दशगजा समेत मिचेर तराई वारपार बाँध निमार्ण कार्य गरेर भारतले नेपालको तराई र त्यहाँको किसान समुदाय माथि ठूलो शोषण-उत्पीडन गरेकोछ । दलाल तथा नोकरशाही पुंजीपतिहरू मार्फत तराईको ढुंगा, गिटी, काठ, दाउरा, माटो भारतमा अनधिकृतरूपमा ठूलो परिणाममा निकासी हुने गरेकोछ । त्यसरी नैतराईको कृषि तथा वन पैदावार कच्चा पदार्थको रूपमा भारत जाने क्रम जारिनैछ । यसरी अर्ध-उपनिवेशिक सम्बन्ध र खुल्ला सीमानाको कारणले नेपालको साधन र श्रोत भारतले भरपुर दोहण गर्ने गरेकोछ ।

५) **विट मारनी :**

तराई मधेस क्षेत्र नेपालको अन्न भण्डार मानिन्छ तर अहिले त्यहाँको धेरै जिल्ला खाद्यान्नको अभाव भ्ेलिरहेकोछ । भौगोलिक सुविधा र राज्यको लगानीका हिसाबले हिमाली र पहाडी क्षेत्रको तुलनामा बढी सुविधा र विकासको ठूलो सम्भावना रहेको तराई/मधेशमा ६५ प्रतिशत जनता सानो ९कर्बाी०, अर्ध-सर्बहारा ९बिलम उययच० र सुकुम्वासी ९बिलमभिकक० छन् । यसो हुनाका कारण पञ्चायत पछि पनि जमिनदारवर्ग र दलालकै हातमा देशको राजनीति र प्रशासन भएकोले सामन्ती शोषण र उत्पीडनको सिकार किसानले नै हुनु परेकोछ । केही वामंपथी पार्टी र नव मार्क्सवादी बुद्धिजीवीहरूले राजतंत्रको उन्मूलनपछि सामान्तवाद नरहेको (रहे पनि अवशेषमात्र) हल्ला गरे पनि अध्ययनले के देखाएको छ भने तराई/मधेशमा अर्ध-सामन्तवादी उत्पादन सम्बन्ध जवर्जस्त रहेकोछ ।(३) तराईका जमिनदारहरूले भूमिसम्बन्धी परिवर्तन गर्न बाँधा पऱ्याउदै आएका छन् । हरेक राजनीतिक परिवर्तन पछि भूमिसम्बन्धी सुधारलाई तराईका सामन्तहरूले असफल बनाएका छन् । अर्थात भूमिक्रान्तिका लागि उनीहरू मूलरूपमा बाधक हुन । यसबाट शसस्त्र जनविद्रोहको माध्यमबाट मात्र भूमिक्रान्ति सफल हुनसक्तछ भन्ने प्रमाणित हुन्छ ।

मार्क्सवादले समाजको उत्पादन सम्बन्धलाई आधार ९दबकभ० र त्यसमाथि निर्मित राजनीतिक, सास्कृतिक, सामाजिक संरचनालाई आधेय ९क्गउभचकतचगअतगचभ० मान्दछ । नेपालको अर्ध-सामन्ती तथा अर्ध/नव औपनिवेशिक जगमाथि उभिएका दलाल- नोकरशाही पुँजीपतिवर्ग र सामन्त वर्गको हातमा राज्यसत्ता रहेकोले यिनै प्रतिकृयावादी शक्तिले तराई (र अन्य क्षेत्रमा) वर्गीय र जातीय शोषण-उत्पीडन गरेको छ । नेपालको प्रतिकृयावादी राज्यसत्ता र भारतीय विस्तारवादको प्रत्यक्ष शोषण र उत्पीडनमा तराईको जनता परेका छन् । तसर्थ विद्यमान अर्ध-सामन्ती तथा अर्ध/नव औपनिवेशिक राज्यसत्ताको विरुद्धको संघर्ष नै तराईको/मधेशको जनताको वर्गीय तथा जातीय मुक्तिको संघर्ष हुन्छ । तर तराईको (लागायत अन्य क्षेत्रहरूको) जनताको मुक्ति त्यसबखत मात्र सम्भव हुन्छ जुन वेला जनताले यो राज्यसत्तालाई हटाएर नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न सक्नेछन् ।

**टिपणीहरू :**

१) पञ्चायतकालमा दुई समुहले (पहाडी बाहुन र क्षेत्री) मात्र नेपालको राष्ट्रिय राजनीतिमा सफल सहभागिताका चारै प्रवर्ग प्राप्त गरेका थिए : आर्थिक श्रोतहरूमाथि नियन्त्रण, उच्च-जातीय हैसियत, पहाडी (हिन्दु) सांस्कृतिक पहिचान र उच्च शिक्षा। पृथ्वी नारायण शाहले १७६९ मा काठमाण्डौं उपत्यकाको नेवार राजाहरूलाई हराएदेखि नै क्षेत्रीहरू दरवार र सेनामा शक्तिशाली रहिआएका छन् । उनले गोर्खाबाट बाहुन कारिन्दाहरू, सल्लाकारहरू र पुरोहितहरूलाई आफुसँगै काठमाण्डौं ल्याएका थिए । त्यसैबखतदेखि क्षेत्री र बाहुनले एकैसाथ ज्यादै महत्वपूर्ण सरकारी दर्जाहरूमाथि नियन्त्रण गरेका छन् । अर्को एउटा समुह, नेवार, दोश्रो प्रवर्गमा पर्दछ, जसले माथि बताईएकामध्ये तीन ओटा प्रवर्ग पुरा गर्दछ : आर्थिक स्रोतमाथि नियन्त्रण, पहाडी सांस्कृतिक पहिचान र शिक्षा । नेवारहरूले अलग्गै सामाजिक प्रथा विकास गरेकाछन्, मिश्रित, द्वैध-जातप्रथा, जसमा आधा जनसंख्या हिन्दु जात प्रथाभित्र छन् भने बाँकी आधा जनसंख्या बौद्धर्मावलम्वी छन् । .... हिन्दु नेवारहरूले सास्कृतिक भिन्नताका बावजुद सत्ता साभ्ेदारीमा तेम्रो स्थान प्राप्त गरेका छन् (गेज, १९७५:१६०)।

२) डा.हर्क गुरुङ आयोगको रिपोर्टमा (२०४०) (१९८४) सन् १९८१ को जनगणना अनुसार तराईमा बसाई सरुवा १९६१ को दाँजोमा १९७१ मा १६.४ प्रतिशतले वृद्धि भएको थियो । १९७१ मा तराईको कुल जनसंख्याको १५.५ प्रतिशत बसाई सरुवा रहेको थियो भने हालको सर्वेक्षण (१९८२/८३) तराईको कुल जनसंख्यामा ३८.५ प्रतिशत बसाई सरुवा देखापरेकोछ । उक्त रिपोर्ट अनुसार १९७१ मा तराईको कुल जनसंख्याको ७.८ प्रतिशत (पहाडबाट भ्रेको) थियो भने सर्वेक्षणको समयमा (१९८२/८३)) ३१.६ प्रतिशत देखिन्छ । त्यसरी नै १९७१ मा तराईको कुल जनसंख्यामा आप्रवासी ७.७ प्रतिशत थियो भने सर्वेक्षणको समयमा (१९८२/८३) ६.९ प्रतिशत थियो (नेपालमा वसाई सराई, मूल प्रतिवेदन २०४०)।

३) "नेपालमा सामन्तवाद पुरै समाप्त भएर पुँजीवाद सुरु भईसकेकोछ, त्यसैले भूमिसुधार आवश्यक छैन भन्ने पनि मान्यताछ । खासगरी समाजशास्त्री चैतन्य शर्मा र उहाँका साथिहरू यस विचारमा रहेको देखिन्छ । यो तर्फ पनि एकलकाँटे खाल्को देखिन्छ किनभने नेपालको र खासगरी तराईको भूमि व्यवस्थामा प्रसस्त मात्रामा सामन्तवाद छ, जसलाई परास्त नगरी त्यहाँको आर्थिक विकास गाह्रोछ" (पुस्पराज कँडेल, सन् २००९/वि.स.२०६६: २३७, भूमि सुधारको अर्थराजनीति ... काठमाण्डौं : एसिया पब्लिकेशन)

**सन्दर्भ सामाग्रीहरू**

१) पौडेल, विश्व (२०७२), विचार विशेष (बहसमा नेपालको भूमिसुधार) काठमाडौं : पब्लिक पोलिसी पाठशाला ।
२) गुरुङ हर्क (डा.) (२००४) जनजाति सेरोफेरो, काठमाण्डौं : जनजाति राष्ट्रिय प्रतिष्ठान
३) शर्मा, पिताम्बर (२००८), नेपाली क्यानभाषका रंङ्गहरू, ललितपुरः हिमाल किताव ।
४) भट्टराई, बाबुराम (२०५५), राजनीतिक अर्थशास्त्रको आँखी इ्यालबाट, काठमाण्डौं : उत्प्रेरक ।
५) नेउपाने, गोविन्द (२००१) नेपाली समाजको रूपान्तरण, काठमाण्डौं : सेनटर फर डेमलपमेण्ट स्टडिज ।
६) शर्मा, बालचन्द्र (२००८) नेपालको ऐतिहासिक रूपरेखा, बाराणसी : कृष्ण कुमारी ।
७) बस्नेत, जगत (२०७२), विचार विशेष (बहसमा नेपालको भूमिसुधार) काठमाण्डौं : पब्लिक पोलिसी पाठशाला ।
८) गुरुङ हर्क (डा.) आयोग (२०४०) नेपालमा आन्तरिक तथा अन्तराष्ट्रिय बसाई-सराई मूल-प्रतिवेदन ।
९) Sugden, Fraser & G. Gurung (2012), Absentee Landlordism and Agrarian Stagnation in Nepal; Kathmandu: NI DS.
१०) C BS, Nepal: Publications.
११) Regmi, Mahesh C.(1977), Landownership in Nepal, Delhi: Adroit Publishers.
१२) Gaige, Frederick H. (1975) Regionalism and National Unity in Nepal, Lalitpur; Himal Books.
१३) Blaikie, Comeron, Seddon, (1980), Nepal in Crisis, Delhi: oxford unv. Press.
१४) Pokharel, Bharat (2004), Rural Polithcal Economy of Nepal.
१५) Waily, sharma, Chapagain (2008) Land Reform in Nepal, DFID.

जम्काभेट

# कर्णालीका जनताको लागि क्रान्तिकारी माओवादी नै प्यारो छ

**कर्णबहादुर बिसी, कालिकोट**



**कालिकोटलगायत भेक त क्रान्तिकारी माओवादीविहीन बन्यो भन्ने हल्ला चलाएका छन् नि माकेहरूले ? के छ वास्तविक स्थिति ?**

-पार्टी र क्रान्तिबाट पलायन भएका अवसरवादीहरूले चलाएको भ्रम मात्र हो त्यो । एकाध नेता कार्यकर्ताहरू विचलित भएर विगतमा आफैले थुकेको थुक चाट्न गए भन्दैमा कालिकोट जिल्ला र सिंगो भेक क्रान्तिकारी माओवादी विहीन कसरी हुन्छ । यो क्रान्तिबाट भागेका भगौडा अवसरवादीहरूले फिजाएको भ्रम हो । सच्चा क्रान्तिकारी नेता कार्यकर्ताहरू उनीहरूको भ्रमबाट सचेत र सतर्क रहनुपर्छ ।

**भर्खरै माकेमा पलायन भएका नेता, कार्यकर्ताहरूलाई के भन्नुहुन्छ ? त्यसको प्रभाव कस्तो परेको छ त्यस क्षेत्रमा ?**

तपाईंहरूले क्रान्तिकारी माओवादी, क्रान्तिकारी जनता र कार्यकर्तालाई धोका दिनुभयो । हिजो आफैलेगद्दार,अवसरवादी,संशोधनवादी, लम्पसारवादी भनेको पार्टी र नेतृत्वको टाङमुनि छिर्नु भयो । तपाईहरू पूरै नैतिक पतन हुनुभयो । व्यक्तिगत छुद्र स्वार्थखातिर मूल्य र आदर्शको राजनीतिकलाई कुल्चनुभयो । आदि भन्न चाहन्छु ।

उनीहरूको केही प्रभाव परेको भए पनि कालिकोटे जनताको इतिहास भनेको क्रान्तिकारी आन्दोलनको इतिहास हो । केही समय भ्रममा रहे पनि आम क्रान्तिकरीहरू अवश्य पनि क्रान्तिकारी माओवादीकै भ्ण्डा वरिपरि गोलबन्द हुनेछन् । किनकि, अहिलेको नेपालको कम्युनिष्ट वा माओवादी आन्दोलनमा क्रान्तिकारी माओवादी मात्र एकमात्र क्रान्तिकारी पार्टी हो ।

**कालिकोट र भेकका जनताले क्रन्तिकारी माओवादीलाई कसरी हेरेका छन् ?**

कालिकोट र सिंगो भेकका जनताले वास्तवमा क्रान्तिकारी माओवादीलाई मात्र सच्चा माओवादी ठान्दछन् । यो पार्टीले मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई ठीक ढंगले उठाएको छ । यो पार्टीले मात्र विगतमा जनयुद्धले उठाएका एजेण्डा बोकेको छ । यो पार्टी मात्रैले अहिले नयाँ जनवादी क्रान्ति गर्ने भनेको छ र त्यसको तयारी गरिरहेको छ । त्यसकारण कर्णालीका जनताको लागि क्रान्तिकारी माओवादी नै प्यारो छ ।

## भ्रममा...

गरेका छन् । उनीहरूले वक्तव्यमा भनेका छन्, 'निहीत स्वार्थ भएका केही व्यक्तिहरूको पलायनलाई आन्दोलन र क्रान्तिका नकारात्मक पाटोको रूपमा ग्रहण गर्दै सिद्धान्त, विचार र पार्टीको कार्यक्रमको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण कमरेडहरूमा हार्दिक आव्हान गर्दछौं ।'

## क्रान्तिकारीहरू...

सम्मेलनबाट कार्यदिशा परिमार्जन र परिस्कृत गरिने पनि अध्यक्ष बैद्यले बताए ।

विष्णु खड्काले अध्यक्षता गरेको र कुमार बोगटीले संचालन गरेको सम्पर्क मञ्चको जिल्ला भेलामा क्रान्तिकारी माओवादीका सचिवालय सदस्यहरू दिनेश शर्मा, राम आचार्य, पवनमान श्रेष्ठ, केन्द्रीय सदस्यहरू सुरेश श्रेष्ठ, बसन्त बोगटी, जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चका केन्द्रीय संयोजक हरिकृष्ण गजुरेल, विध्यार्थी नेता पेशल दाहाल र जिल्ला सम्पर्क मञ्चका किरात संयोजक कुमार भट्टराई लगायत नेताहरू अतिथिको रूपमा उपस्थित रहेका थिए ।

भेलाले महेश निरौलाको संयोजकत्वमा अमिर कोइराला, राम राई, कुन्ता बस्नेत, अमर मगर, पेम्बा लामा, अर्जुन थापामगर, दिनेश रानामगर, दिवस रानामगर, जीवन निरौला, पासाङ शेर्पालगायत सदस्य रहेको सोलु-काठमाडौं जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्च गठन गरेको छ । निरौलाको संयोजकत्वमा ६ सदस्य पछि थप्ने गरी १७ सदस्यीय कमिटि गठन गरेको हो ।

## जनयुद्धका...

परिवारको भूमिका महत्वपूर्ण हुने बताए । समसामयिक राजनीतिक परि स्थिति र पार्टीको अगामी कार्यभारको विषयमा प्रशिक्षणमूलक मन्तव्य राख्दै अध्यक्ष किरणले जनयुद्धका सबै शहीद तथा वेपत्ता परिवारहरूलाई संगठित गर्न आवश्यक रहेको कुरा बताए ।

भेलाबाट निर्वाचित नयाँ कार्यसमितिको बैठकले तीनमहिने सांगठानिक अभियान लिएर सहिद परिवारहरूको घर घरमा जाने निर्णय गरेको छ ।

## प्रचण्ड...

गराएका छन् । उनी विप्लव नेतृत्वको पार्टी नेकपाका ब्यूरो सदस्य हुन् ।

**क्रान्तिकारी युवा लिग भ्ापाको अध्यक्षमा रविन लिम्बू निर्वाचित**

युवाहरूको मार्चपास तथा ऱ्याल्लीसहित भव्य रूपमा सम्पन्न भएको जिल्ला अधिवेशनले रविन लिम्वुको अध्यक्षतामा २९ सदस्यीय जिल्ला समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा जलन रुचाल र विक्रम वोहोरा, सचिव राजन रेग्मी, कोषाध्यक्ष हरी चौधरी तथा सदस्यहरूमा चित्र थापा मगर, भरत ताजपुरिया, प्रेम पराजुलि, विशाल विक, दिलिप विक, शिवकुमार माभि, दिपेश चौधरी, सुवास राजवंशी, सुवोध राजवंशी, दिपा शर्मा, आस्मा लुईटेल, शिव विमलि, कृष्ण राजवंशी, राजेश राजवंशी, प्रमिस राजवंशी, राजन मेचे, जिवन श्रेष्ठ, मान वादुर कार्की, मनोज राजवंशी, दिलिप कुमार माभि, सरोज राजवंशी, सुरेन्द्र अधिकारी, कैलास वराइलि, ओम प्रकाश लिम्वु, आशिष वजगाई, श्रवण चुडाल, शशी लिम्वु र आशा लिम्वु रहेका छन् ।

करिब ५ सय युवाहरूको सहभागिता रहेको अधिवेशनपूर्व निकालिएको मार्चपास तथा ऱ्यालीले विर्तामोड नगरपालिका परिक्रममा गरेको थियो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्भनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्भनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्भनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८
आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्भनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो



# राप्रपालाई हेर्ने मसालको अन्तर्राविरोधी दृष्टिकोण

◆ रामसिंह श्रीस

निर्वाचन आयोगले संविधानसम्मत नभएको भन्दै राप्रपाको विधानबाट संवैधानिक 'राजतन्त्र'को पुनर्स्थापना र धर्मनिरपेक्षताको ठाउँमा 'हिन्दूराज्य'को स्थापना गर्ने व्यवस्थालाई हटाउन निर्देशन दियो । निर्वाचन अयोगको यो निर्णयको विरुद्धमा नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहले चैत ६ गते एउटा वक्तव्य दिनुभयो । त्यो वक्तव्यलाई अरू प्रष्ट पार्न उहाँले ०७३ साल चैत ९ गते हाँक साप्ताहिकमा एउटा लेख प्रकाशित गर्नुभएको छ । वक्तव्यमा भनिएको छ, ''निर्वाचन आयोगले राष्ट्रिय प्रजातन्त्र पार्टीको विधानमा उल्लेखित संवैधानिक राजतन्त्र र धर्मनिरपेक्षताको विरोधसम्बन्धी प्रस्तावहरू संविधान विपरीत भएकाले हटाउन निर्णय दिएको समाचारप्रति नेकपा (मसाल)को ध्यानआकर्षित भएको छ । ... त्यसैले राप्रपाको विधानमा संविधानसँग मेल नखाने विषय राखेकाले तिनीहरूलाई हटाउनका लागि निर्वाचन आयोगले जुन निर्देशन दिएको छ, त्यसलाई हाम्रो पार्टीले गलत मान्दछ र विरोध गर्दछ ।'' वक्तव्यमा उल्लेखित यो विषयलाई अरू प्रष्ट पार्न हाँक साप्ताहिकमा मोहनविक्रम सिंहको एउटा लामो लेख छापिएको छ । उक्त लेखमा भनिएको छ, 'निर्वाचन आयोगले राप्रपाको विधानबाट राजतन्त्र र हिन्दू धर्मसम्बन्धी प्रावधानहरूलाई हटाउन जुन निर्देशन दिएको छ, त्यो कार्य सैद्धान्तिक र राजनीतिक रूपमा सही छ । त्यस प्रकारको निर्देशन दिएर निर्वाचन आयोगले वास्तवमा साहसिलो कदम चालेको छ ।' त्यसै लेखमा फेरि भनिएको छ, ''निर्वाचन आयोगले राप्रपाको विधानबाट राजतन्त्र र हिन्दूधर्मसम्बन्धी प्रावधानहरूलाई हटाउन दिएको निर्देशन सैद्धान्तिक र राजनीतिक रूपले सही भएको भए पनि संवैधानिक रूपले त्यसलाई सही मान्न सकिन्न ।''

वक्तव्य र लेखमा निर्वाचन आयोगको निर्णयलाई सैद्धान्तिक र राजनीतिक रूपमा ठीक, संवैधानिक रूपमा गलत भनिएको छ र त्यसलाई विरोध गर्ने भनिएको छ । निर्वाचन आयोगले पनि संविधानसम्मत नभएका कारणले हटाएको भनेको छ । निर्वाचन आयोग र नेकपा (मसाल) दुवैले संविधानलाई आधार बनाएर नै राप्रपाको विधानबाट राजतन्त्रको पुनर्स्थापना र हिन्दूराज्य बनाउने कुरालाई हटाउन पर्छ र हटाउन हुन्न भनिरहेका छन् । म यहाँ संविधानको आधारमा के सही हो र के गलत हो भन्नेतिर गइरहेको छैन । क्रान्तिकारी मार्क्सवादीहरूले राजतन्त्रको पुनर्स्थापना र हिन्दूराज्य बनाउने कुरामा व्यवहारतः कस्तो भूमिका खेल्नु पर्दछ भन्ने कुरामा जोड दिन गइरहेको छु ।

पहिलो कुरा सैद्धान्तिक राजनीतिक रूपमा जे सही छ, त्यसलाई व्यवहारतः लागु गर्न पर्दछ । नेकपा (मसाल)ले निर्वाचन आयोगको निर्णयलाई सैद्धान्तिक राजनीतिक रूपमा सही र साहसिलो कदम बताउँदा बताउँदै पनि त्यसलाई विरोध गर्ने जुन निर्णय गरेको छ, त्यसले प्रतिगामी शक्तिलाई नै फाइदा पुऱ्याउँछ । लेखमा भनिएको छ, ''राप्रपालाई पनि संविधानमा सामेल गरिएका भन्दा आफ्ना बेग्लै मागहरूलाई आफ्नो विधान र घोषणापत्रमा समावेश गर्ने अधिकार हुन्छ ।'' यसरी राजतन्त्रको पुनर्स्थापना गर्न र धर्मनिरपेक्षताको ठाउँमा हिन्दू राज्य बनाउन आन्दोलन गर्न पाउनु पर्दछ भनेर राप्रपालाई समर्थन गरेको प्रष्ट देखियो । यदि सर्वोच्च अदालतले वा अन्य संघर्षको माध्यमबाट निर्वाचन आयोगको निर्णय फिर्ता लिनुपर्ने स्थिति आयो भने त्यसलाई नेकपा (मसाल)ले स्वागत गर्नुपर्ने हुन्छ । त्यो स्वागत भनेको राजतन्त्रको पुनर्स्थापना गर्न र धर्मनिरपेक्ष राज्यको ठाउँमा हिन्दू राज्य बनाउन आन्दोलन गर्ने हो ।

राप्रपाको विधानमा उल्लेखित राजतन्त्रको पुनर्स्थापना र हिन्दूराज्य बनाउने भन्ने शब्द हटाउने भन्ने निर्वाचन आयोगको निर्णयलाई कसरी हेर्ने भन्ने कुरा ०७२ को संविधानलाई कसरी बुझ्ने भन्ने प्रश्नसँग पनि जोडिएको छ । कसैले यस संविधानलाई दक्षिण एशियाकै उत्कृष्ट संविधान भनेका छन् भने कसैले यसलाई कालो प्रतिक्रियावादी संविधान पनि भनेका छन् । आखिर यो संविधान के हो त ? यो संविधान उत्कृष्ट पनि हो कालो र प्रतिगामी पनि हो । दलाल र नोकर शाही पुँजीपतिवर्गको लागि यो उत्कृष्ट अर्थात् राम्रो संविधान हो भने नेपाली सर्वहारावर्ग आम शोषित पीडित मजदुर किसानहरूको लागि यो कालो प्रतिक्रियावादी संविधान हो ।

संविधान राज्यसत्ता सञ्चालन गर्ने एउटा दस्तावेज पनि हो । यसले कुनै न कुनै वर्गको अधिनायकत्वको प्रतिनिधित्व गर्दछ । आज नेपालको राज्यसत्ता दलाल नोकरशाह पुँजीपति र सामन्तवर्गको हातमा छ । सामन्त वर्ग पहिलेको तुलनामा कमजोर अवस्थामा छन् । दलाल तथा नोकरशाही पुँजीपतिहरू बलियो अवस्थामा छ । त्यसकारण यस संविधानमा सामन्तवर्गका कतिपय स्वार्थहरूको हित विपरीत व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा 'सामन्ती, निरंकुश केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने' भनिएको छ । तर पुँजीवादी राज्य व्यवस्थाले उत्पन्न गरेको उत्पीडनको अन्त्य गर्ने भनिएको छैन । यसबाट के कुरा प्रष्ट हुन्छ भने यो संविधानले एकातिर सामन्ती राज्यव्यवस्थाबाट उत्पन्न उत्पीडनलाई केही हदसम्म भए पनि विरोध गरेको छ भने अर्कोतिर आम शोषित पीडित मजदुर किसानहरूको हक अधिकार स्थापना गर्ने कुरालाई पूरै लत्याइएको छ र मुख्यतः दलाल तथा नोकरशाही पुँजीपति वर्गको हितलाई संरक्षण गरिएको छ । यो अवस्थामा यो संविधानको विरोधमा एकातिर प्रतिगामी शक्तिहरू छन् भने अर्कोतिर सर्वहारावर्ग अग्रगामी शक्तिहरू छन् । क्रान्तिकारी मार्क्सवादीहरूले प्रतिगामी कोणबाट आएको संविधानको विरोधको विरुद्ध संघर्ष गर्नु पर्दछ भने अग्रगामी कोणबाट आएको विरोधको समर्थन गर्नु पर्दछ । राप्रपाको विरोध प्रतिगामी कोणबाट आएको हुनाले त्यसको विरोध गर्नु पर्दछ कुनै पनि बहानामा त्यसलाई सहयोग गर्न हुन्न । तर नेकपा (मसाल)ले निर्वाचन आयोगको निर्णयलाई विरोध गरेर राप्रपाको प्रतिगामी नीतिलाई सहयोग पुग्ने काम गरेको छ ।

हाँकमा प्रकाशित आफ्नो लेखमा क.मोहनविक्रम सिंहले ९५ प्रतिशत अंश राजतन्त्रको पुनर्स्थापना र हिन्दू राज्य बनाउने राप्रपाको नीतिको विरोधमा लेख्नु भएको छ । तर जति धैरै कुराहरू लेखेता पनि सारमा राप्रपाले आफ्नो नीति कार्यक्रमहरू गर्न पाउनु पर्दछ भनेर निर्वाचन आयोगको त्यससम्बन्धी निर्णयको विरोध गर्नु भएको छ । बत्तीस मसला हालेर तरकारी जति मीठो बनाए पनि अन्ततः त्यसमा गोबर हालियो भने त्यसको कुनै अर्थ छैन । त्यस्तै राजतन्त्रको पुनर्स्थापना र हिन्दू राज्यको स्थापनाको विरोधमा जति धैरै तर्क वितर्क गरे पनि आखिर 'राप्रपालाई पनि संविधानमा सामेल गरिएका भन्दा आफ्ना बेग्लै मागहरूलाई आफ्नो विधान र घोषणापत्रमा सामेल गर्ने अधिकार हुन्छ' भन्नुले आखिर गोबर हालेको तरकारी जस्तै हो । एउटा सच्चा मार्क्सवादीहरूले प्रतिगामी शक्तिलाई सहयोग पुग्ने भूमिका खेल्न सक्दैनन्  र खेल्नु हुन्न ।

## बहुदलीय...

बहुदल वा धैरै दलहरू अस्तित्वमा रहन अत्यावश्यक छ । त्यसकारण संविधान र कानुनले राजनीतिक दल खोल्न कुनै बन्देज लगाएको छैन । त्यसको अर्थ देशमा जति पनि संख्यामा राजनीतिक दलहरू हुन सक्छन् भन्ने हो । यसरी नेका, एमाले र माकेहरूले ' उत्कृष्ट' दावी गरेको संविधानको प्रस्तावनामा व्यवस्था गरेका आधारभूत नीतिकै विरुद्धमा गएर उक्त निर्वाचन मतसीमा कानुन ल्याएको स्पष्टै छ । त्यसरी त्यो कानुन संविधान जसलाई देशको मूल कानुनका रूपमा मानिन्छ, त्यसको प्रस्तावना र प्रावधानसँग बाझिएको छ र त्यसको अन्तरविरोधी छ ।

अब आउँदा दिनमा हुने निर्वाचनमार्फत् उक्त निर्वाचन मतसीमा कानुनका आधारमा नेपालका संसदीय पार्टीहरू दुई श्रेणी वा वर्गमा बाँडिन पुग्नेछन् । जसअनुसार निर्वाचनमा खसेको तीन प्रतिशत (३%) मतका साथै प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ एक सिट हासिल गर्न सक्ने पार्टीहरू 'राष्ट्रिय पार्टी' का रूपमा मान्यता प्राप्त हुनेछन् भने सो न्यूनतम सीमा पार गर्न नसक्ने वा असफल हुने पार्टीहरू 'राष्ट्रिय मान्यता प्राप्त दल' को हैसियतबाट तल झर्नेछन् । तिनीहरूको हैसियत 'स्वतन्त्र' भन्ने हुनेछ । त्यसको व्यावहारिक असर उनीहरूले राज्यका तर्फबाट पाउने सेवा सुविधामा प्रत्यक्ष रूपले पर्न जानेछ । 'राष्ट्रिय मान्यता प्राप्त' ले कानुनमा व्यवस्था भएअनुसार सबै सेवा सुविधाहरू उपभोग गर्न पाउनेछन् भने 'स्वतन्त्र' हरू त्यसबाट विमुख र बञ्चित हुन पुग्नेछन् । त्यसरी निर्वाचन मतसीमा कानुनले बहुदलीय व्यवस्था स्वयंको खिल्ली उडाउने र मजाक गर्ने काम गरेको छ । किनभने त्यसले राजनीतिक दलको मूल आधार दलहरूको दर्शन, सिद्धान्त, राजनीति र कार्यक्रमभन्दा पनि संसदीय निर्वाचनमा सहभागिता जनाएर तोकिएका मतसीमा हासिल गर्नुलाई प्राथमिकता महत्वको विषय बनाउन पुगेको छ । त्यसैले यो एउटा विभेदकारी कानुन हो ।

निर्वाचन मतसीमा कानुनका पक्षधरहरूले जोडदार रूपमा उठाउने गरेको अर्कोतर्फ देशमा राजनीतिक स्थिरताको विषय रहेको छ । त्यो एउटा बेतक र वाहियात तर्क मात्र हो । किनभने नेपालमा आफूलाई संसदीय व्यवस्थाको पक्षमा पक्षपाती बताउने नेका, एमाले र माकेजस्ता राजनीतिक दलहरूले संसदीय व्यवस्थाको न्युनतम एवं आधारभूत मूल्य, मान्यता, परम्परा र प्रचलनलाई समेत धुलिसाथ पारेर तिनको धज्जी उडाउने काम गरेका छन् । संयुक्त अधिराज्य (बेलायत) लाई संसदीय व्यवस्थाको जननी र आदर्शका रूपमा मानिने गरेको छ । त्यस व्यवस्थाअनुसार 'पहिलो हुनेले सबै लिने (Winner takes all) सिद्धान्त छ । त्यसअनुसार बहुमत प्राप्त गर्ने पार्टीले सरकार निर्माण गर्दछ । यदि त्यसो नभएमा सबभन्दा ठूलो दलले तेस्रो ठूला दलको साथ लिएर सरकार निर्माण गर्दछ । दोस्रो ठूलो दल प्रमुख प्रतिपक्षमा बस्दछ । नेपालका संसदीय पार्टीहरूमा विचारधारात्मक राजनीतिक विघटन भइसकेकाले सिद्धान्तहीनता र पदलोलुपता पराकाष्ठामा पुगेको छ । त्यसैले यहाँ चौथो दर्जाको दलको नेतृत्वमा समेत सरकार गठन भइसकेको छ । वर्तमान अवस्थामा तेस्रो हैसियतको माकेको नेतृत्वमा प्रथम हैसियतको नेकाको समर्थन र सहभागितामा सरकार निर्माण भएको छ, त्यति मात्र होइन, 'वामपन्थी' 'दक्षिणपन्थी' ' मध्यपन्थी' आदि सबै मिलेर समेत सत्ताभोग 'गर्नु सामान्य' चलन भइसकेको छ । यस अगाडि एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा बनेको सरकारलाई त्यसको एउटा ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ । त्यसैगरी सरकार परिवर्तनको विषय नीति, कार्यक्रममा आधारित नभएर सरकार प्रमुख वा प्रधानमन्त्री हुने पालो पुऱ्याउने र कथित भद्रसहमतिमा आधारित हुने गर्दछ ।

निर्वाचन मतसीमासँग जोडिएको अर्को महत्वपूर्ण पक्ष भनेको राज्यको विधायिकी अंगमा जनप्रतिनिधित्वको विषय हो । अर्को शब्दमा भन्नुपर्दा निर्वाचनका दौरानमा जनता वा मतदाताले जुन राजनीतिक दलको नीति, कार्यक्रमलाई समर्थन गरेर मतदान गर्दछन्, यदि उक्त राजनीतिक दलले कानुनअनुसार मतसीमा प्राप्त गर्न वा पार गर्न सकेन भने उसले राज्यको विधायिकी अंगमा उपस्थित हुन र प्रतिनिधित्व गर्न असमर्थ बन्दछ । त्यस अवस्थामा उक्त पार्टीलाई मतदान गरेको जनमत, प्रतिनिधित्वविहीन हुन पुग्दछ, अथवा प्रतिनिधित्वको हिसाबले उक्त जनमत औचित्यहीन हुन पुग्दछ वा खेर जाने हुन्छ । यस दृष्टिकोणबाट निर्वाचन मतसीमाको व्यवस्थाले स्वयं संसदवादी दलहरूले लगाउने गरेको कथित प्रतिनिधिमूलक लोकतान्त्रिक प्रणालीलाई समेत हास्यास्पद बनाउन पुग्दछ ।

हाम्रो  पार्टीले देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवाद हुँदै साम्यवादी व्यवस्था स्थापना गर्ने नीति लिएको छ । अतः संसदीय व्यवस्थालाई सिद्धान्तः अस्वीकार गर्दछ, तर कतिपय अवस्थामा त्यसको उपयोग गर्न सक्ने कुरालाई भने स्वीकार्दछ । त्यसैले निर्वाचनमा मतसीमाको विषयलाई लिएर खासै महत्वको विषय ठान्दैन । पुँजीवादी संसदीय व्यवस्था अंगिकार गरेका कतिपय देशहरूले देश र सरकारको कार्यकारी प्रमुख बन्नका लागि निर्वाचनमा खसेको समग्र मतदानको पचास प्रतिशतभन्दा बढी (५०+%) मत हासिल गर्नुपर्ने र त्यसका लागि दोस्रो, तेस्रो चरणको समेत निर्वाचन गर्नुपर्ने व्यवस्था गरेका छन् । त्यस प्रकारको व्यवस्था जनमतको कदर र राजनीतिक स्थिरता दुवैका दृष्टिकोणले बढ्दा सही देखिन्छ । पुँजीवादी लोकतान्त्रिक व्यवस्थाका हिसाबले पनि राज्यको प्रमुख कार्यकारी त्यसरी निर्वाचन हुनु मनासिब मान्न सकिन्छ । यदी नेपालमा संसदवादी दलहरू निर्वाचनमा मत सीमाका सम्बन्धमा वास्तममै इमान्दार छन् भने उनीहरूले यसप्रकारको व्यवस्था अंगीकार गरेर देखाउन सक्नुपर्छ ।

# पाक–बंगलादेशसँगको सीमा बन्द गर्दै भारत

◆ एजेन्सी

नयाँ दिल्ली । दक्षिण एसियाली क्षेत्रमा आफ्नो हैकम जमाउँदै आएको भारतले पुन छिमेकी मुलुकसँगका सीमाना बन्द गर्ने तयारी गरेको छ । भारतीय गृहमन्त्री राजनाथ सिंहले पाकिस्तान र बंगलादेशसँगको सीमा बन्द गर्ने तयारी गरिरहेको बताएका छन् ।

आतंककारी गतिविधि र शरणार्थी नियन्त्रण गर्नका लागि ती दुई देशसँगको सीमानामा बन्द गर्नुपर्ने भारतले उल्लेख गरेको हो । गृहमन्त्री सिंहले भने, ' भारतले पाकिस्तान र बंगलादेशसँगको सीमा सम्भव भएसम्म छिटो बन्द गर्ने योजना बनाइरहेको छ । यो आतंकवाद र शरणार्थीविरुद्ध चाल्ने भारतको प्रमुख कदम हुने छ ।'

मध्य प्रदेशमा रहेको बोर्डर सेक्युरिटी फोर्स (बीएसएफ) एकेडेमीबाट तालिम पूरा गरेका बीएसएफ अधिकृतहरूलाई सम्बोधन गर्दै उनले पाकिस्तान र बंगलादेशसँगको सीमा बन्द गर्ने तयारी गरेको बताएका हुन् ।

'पाकिस्तानसँगको सीमाना आउँदो सन् २०१८ देखि नै बन्द हुनेछ, घुसपैठ बढ्दै गएकाले यस्तो निर्णय लिइएको हो,' उनले भने । उनले यसलाई केन्द्रीय स्तरबाट गृहसचिवले र राज्य स्तरबाट बीएसएफ र मुख्य सचिवले अनुगमन गर्ने उल्लेख गरेका छन् । सरकारले सीमा बन्द गर्नका लागि हुने प्राविधिक कठिनाईहरूको समाधान गरिने समेत विश्वास दिलाएका छन् ।

उनले भारतको सीमाको रक्षाका लागि बीएसफएले खेलेको भूमिकाको प्रशंसा समेत गरेका छन् । गत वर्षभरी नै भारत र पाकिस्तानबीच सीमा क्षेत्रमा भएको विवादका क्रममा दर्जनौं मारिएका थिए ।

भारतले पाकिस्तानसँगको अन्तर ाष्ट्रिय सीमा बन्द गर्ने बताएपनि नियन्त्रण रेखाका विषयमा कसरी निर्णय लिन्छ भन्नेबारेमा उनले केही खुलाएका छैनन् । भारत र पाकिस्तानबीच एउटा अन्तर्राष्ट्रिय सीमाना रहेको छ भने अर्को काश्मीरमा नियन्त्रण रेखा रहेको छ । काश्मीर भारत र पाकिस्तान नियन्त्रित क्षेत्रका रूपमा दुई भागमा विभाजित रहेको छ ।

यसैगरी भारतले बंगलादेशसँगको सीमाना समेत बन्द गर्ने तयारी गर्नुलाई भने आश्चर्यका रूपमा हेरिएको छ । पाकिस्तानको कट्टर आलोचक बंगलादेशको भारतसँग राम्रो सम्बन्ध रहँदै आएको छ । गत नोभेम्बरमा पाकिस्तानको इस्लामाबादमा हुने सार्क शिखर सम्मेलनमा भारतले सहभागिता नजनाउने घोषणा गरेपछि बंगलादेशले आफू पनि सहभागी नहुने निर्णय गर्दै दबाब सिर्जना गरेको थियो ।

गत वर्ष मात्रै नेपालमाथि अघोषित नाकाबन्दी गरेको भारतले आगामी वर्ष पाकिस्तान र बंगलादेशसँगको सीमा क्षेत्र बन्द गर्दै अन्य देशसँग पनि यस्तै रवैया अपनाउने संकेत गरेको छ ।


## डिभिजन सडक कार्यालय, पोखराको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । पक्की सडक निर्माण गर्न करोडौं रुपियाँ लागत लाग्दछ। सो रकम जनताले तिर्ने करबाट संकलन गरी नेपाल सरकारले सडक निर्माणमा लगानी गर्दछ । यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो। विभिन्न सडक खण्डमा अनधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवं फोहोर फाल्ने आदि कार्यका कारण सडक आवागमन तथा वातावरणमा प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरू नगर्न/नगराउन सम्बन्धित सबैलाई हार्दिक अनुरोध गरिन्छ।

*डिभिजन प्रमुख*



नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## ब्यास नगरपालिकाको अनुरोध

- वातावरणमैत्री नगर घोषणा गर्ने अभियानमा सम्पूर्ण नगरवासी एक जुट होऔं ।
- वातावरणमैत्री घोषणा भएका वडाहरूमा वातावरणमैत्री वडा कायम राख्न निरन्तरता दिउँ ।
- प्लाष्टिकका झोलाहरूको विकल्पमा उत्पादन गरिएका कागज तथा कपडाका झोलाहरू प्रयोग गरौं ।
- व्यापार व्यवसाय गर्दा सडक, फुटपाथ तथा सडकपेटीहरूको अतिक्रमण नगरौं ।
- सार्वजनिक बाटो, सडकपेटी, गल्लीहरू तथा नगरपालिकाले निषेध गरेको क्षेत्रमा काटमार नगरौं ।
- मालसामान बिक्री गर्दा कम गुणस्तरको, कम तौलको, सडेगलेको, बासी र मिसावट भएका जस्ता मालसामान, चिजवस्तु बिक्री वितरण नगरौं ।
- उपभोक्ताहरूले पनि मालसामान किन्दा यस्ता कुराहरूको ख्याल गरी मात्र किन्ने बानी बसालौं ।
- घर पालुवा जनावरहरू पाल्दा अरूलाई बाधा नपर्ने र सर्वसाधारणको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थित तथा वैज्ञानिक तरिकाले मात्र पालौं ।
- आ-आफ्ना घर, आँगन, टोल, सडक पेटीहरूको सरसफाइमा सबैले विशेष ध्यान दिऔं । यस्ता फोहोरहरू थुपार्दा व्यवस्थित तरिकाले थुपार्ने र नगरपालिकाको फोहोर उठाउने साधन आउँदा त्यसमा राख्ने व्यवस्था मिलाई सहयोग गरौं ।
- सडक बत्तीहरूको संरक्षण र मर्मत सम्भारमा विशेष ध्यान दिऔं । टोल वस्तीहरू पनि यसको लागि जिम्मेवार बनौं ।
- आ-आफ्नो व्यापार व्यवसाय नगरपालिकामा अनिवार्यरूपमा दर्ता गरौं र आफूले तिर्न बुझाउन पर्ने सम्पूर्ण करहरू समयमा बुझाई सभ्य नागरिक बनौं ।
- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सवारी साधनहरू नगरपालिकामा दर्ता गरौं र वार्षिक रूपमा सवारीकर तिरौं ।
- आफू र आफ्नो ३र परिवारसँग सम्बन्धित व्यक्तिगत घटनाहरू (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई र सम्बन्ध विच्छेद) समय मै दर्ता गर्ने गरौं ।
- आफ्ना घर, आँगन, टोल र वस्तीमा रहेका स-साना सार्वजनिक भौतिक पूर्वाधारहरूप्रति अपनत्वको भावना लिऔं र मर्मत सम्भार र संरक्षणमा विशेष ध्यान दिऔं ।
- अपाङता, ज्येष्ठ नागरिकहरूलाई सहयोग एवं सम्मान गरौं र महिला, बालबालिकाको विकासमा आजैबाट सोचौं ।
- छोरा छोरीमा भेदभाव नगरी समयमा नै स्कूल पढ्न पठाऔं ।
- भौतिक संरचनाहरू (घर, गोठ, कटेरा, कम्पाउण्डवाल आदि) बनाउँदा, तला थप गर्दा नगरपालिकाबाट अनिवार्य रूपमा स्वीकृति लिऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचनाहरू निर्माण गरौं र गर्न लगाऔं । साथै नगरपालिकामा सूचिकृत निर्माणकर्मीहरूसँग मात्र संरचना निर्माणको काम गरौं ।

**ब्यास नगरपालिका कार्यालय**
दमौली, तनहुँ
०६५-५६०२३३, ०६५-५६०१६२







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।